# परिच्छेद एक

## शोधपरिचय

### १.१ विषय परिचय

प्रारम्भमा स्कुले जीवनबाटै साहित्यका कथा, निवन्ध, कविता जस्ता विधामा कलम चलाएका शाह विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापबाट साहित्यका क्षेत्रमा प्रवेश गर्न सफल भएका छन् । गुरू धनञ्जय तिमिल्सिनाको प्रेरणा र आफ्नो अटुट परिश्रमबाट यस अवस्थामा आइपुगेका शाह १० वर्षकै उमेरबाट साहित्य लेखनमा पाइला अगाडि बढाउन सफल भएका देखिन्छन् । उनका कविता, निबन्ध र कथाजस्ता रचनाहरू कैलालीको धनगढीबाट प्रकाशित हुने साप्ताहिक **परिचर्चा** र महेन्द्र नगरबाट प्रशाशित हुने साप्ताहिक **वार्ता** नामक पत्रिकामा वि.सं. २०३४ देखि २०३८ सम्म प्रकाशित भएका देखिन्छन् । उनको **आमा** शीर्षकको पहिलो कथा वि.सं.२०३६ सालमा महेन्द्रनगरबाट प्रकाशित हुने **वार्ता** साप्ताहिकमा छापिएको पाइन्छ ।

नेपाली कथालेखनलाई अगाडि बढाइरहेको सन्दर्भमा  कथाकार महेशविक्रम शाह आधुनिक नेपाली कथामा कलम चलाई समसामयिक कथाकारका रूपमा स्थापित भएका देखिन्छन् । **छापामारको छोरो** (वि.सं. २०६३) कथासङ्ग्रहका लागि मदन पुरस्कारद्वारा सम्मानित भएका महेशविक्रम शाहका प्रकाशित कथासङ्ग्रहरू **सटाहा** (वि.सं.२०५३), **सिपाहीकी स्वास्नी** (वि.सं. २०५९), **अफ्रिकन अमिगो** (वि.सं. २०६०), **छापामारको छोरो** ( वि.सं. २०६३), **काठमाडौंमा कमरेड** (वि.सं. २०६५) र पछिल्लो कृति **ज्याक्सनहाइट** (वि.सं. २०६९) प्रकाशित रहेका छन् ।

मदनपुरस्कारद्वारा विभूषित गरिएका महेश विक्रम शाहको छैटौं कथासङ्ग्रह **ज्याक्सन हाइट** एक्काईस वटा मौलिक कथाहरूको सङ्ग्रह २०६९ मा प्रकाशित पछिल्लो कृति हो । कथाको विषयवस्तु, कथाले ओगटेको परिवेश, कथाका पात्र तथा चरित्रहरू, कथाशैली र कथाकारको कथामार्फत दिन खोजेको सन्देशका आधारमा **ज्याक्सन हाइट** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू सम्पूर्ण रूपमा विदेशी पृष्ठभूमि र नेपाली डायस्पोरामा आधारित कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा विदेशी पृष्ठभूमिलाई नै प्रमुखताकासाथ सम्बोधन गरिएको छ । कथा लेखनका क्षेत्रमा निकै खारिएका लेखकले आफूले घुमेका पाँच महादेशहरू (उत्तर अमेरिका, युरोप, अस्ट्रेलिया, अफ्रिका र एसियाका) थुप्रै मुलुकहरूको भ्रमणलाई आफ्नै परिवेशमा कथाशिल्प र पात्र चित्रण गरिएको यो पहिलो कृति हो । आफ्नो देशका बारेमा लेख्न जति सजिलो छ, विदेशी पृष्ठभूमिमा लेख्न त्यति नै चुनौतिपूर्ण छ । वर्तमानमा पाठकहरू कोरा कल्पनालाई भन्दा यथार्थपरक अनुभव र अनुभूतिलाई बढी

महत्त्व दिन थालेका छन् । अनेकौँ कौतूहलोत्पादक नाम भएको **ज्याक्सन हाइट** कथासङ्ग्रहमा रहेका प्रायः कथाहरूमा पूर्णरूपमा विदेशी संस्कृतिमा रमाउँदै गएको तत्कालीन समाज र फेसनको रूपमा बिदेशिने मानवीय प्रवृत्तिको चित्रण गरिएको छ । विदेशी संस्कृतिको नक्कल तथा बाध्यता यसका कथावस्तु, चरित्र चित्रण, मूलभाव र संवाद तथा भाषा शैलीका माध्यमबाट प्रकट भएको छ । **ज्याक्सन हाइट** कथासङ्ग्रहभित्रका कथाहरूमा देखासिखी, विदेशी रवाफिलो जीवन शैली, देशमा विद्यमान राजनीतिक अस्थिरता, आडम्बरीपना, अज्ञानता तथा विदेशी भूमिमा नेपालीरूको, पीडा, मर्म आदिको यथार्थ चित्र उतारिएको छ ।

### १.२ समस्याकथन

महेशविक्रम शाहको **ज्याक्सन हाइट** कथासङ्ग्रहका बारेमा अध्ययन गरिने प्रस्तुत शोधका समस्याहरू यसप्रकार रहेका छन् :

(क) महेशविक्रम शाहको कथायात्रा, चरण र प्रवृत्ति के कस्तो रहेको छ ?

(ख) कथा विश्लेषणको सैद्धान्तिक आधार के कस्तो छ ?

(ग) महेश विक्रम शाहको **ज्याक्सन हाइट** कथासङ्ग्रहका कृतिगत विश्लेषण कसरी गर्न सकिन्छ ?

### १.३ शोधकार्यको उद्देश्य

शोधसमस्यामा देखिएका समस्याहरूको निरूपण नै यस शोधकार्यका उद्देश्य हुन् । माथि उल्लिखित समस्याकथनमा आधारित भई शोधपत्रका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) महेशविक्रम शाहको कथायात्रा, चरण र प्रवृत्ति केलाउनु,

(ख) कथा विश्लेषणका सैद्धान्तिक आधार स्पष्ट पार्नु,

(ग) कथा तत्त्वका आधारमा महेश विक्रम शाहको कथासङ्ग्रहको विश्लेषण गर्नु ।

### १.४ पूर्वकार्यको समीक्षा

कथाकार महेश विक्रम शाहले कथा लेखनको छैटौँ घुम्तीमा पुग्दा यात्राको क्रममा विश्वका पाँच महादेशहरू उत्तर अमेरिका, युरोप, अस्ट्रेलिया, अफ्रिका र एसियाका थुप्रै मुलुकहरूको भ्रमण गरे । त्यहाँ उनले कथाका विषयवस्तु र पात्रहरू भिन्न परिवेश र जीवनवृत्ति भेट्टाए । **ज्याक्सन हाइट** तिनै अनुभव र अनुभूतिहरूको कथात्मक दस्तावेज हो । **ज्याक्सन हाइट**का सम्बन्धमा पर्याप्त मात्रामा समीक्षात्मक लेख रचनाहरू प्रकाशित भइनसकेको अवस्थामा अन्य कथासङ्ग्रहका लागि प्राप्त समीक्षात्मक लेख रचनाहरू

पूर्वकार्यका लागि यहाँ कालक्रमिक रूपमा उल्लेख गरिएका छन् । 'छापामारको छोरो' कथासङ्ग्रहका लागि २०६३ को मदनपुरस्कार प्राप्त गरेका शाहका **सटाहा** (२०५३), **सिपाहीकी स्वास्नी** (२०५९), **अफ्रिकन अमिगो** (२०६०), **काठमाडौँमा कामरेड** (२०६५), **ज्याक्सन हाइट** (२०६९) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । उनले विदेशी पृष्ठभूमिमा नेपाली मन र नेपाली माटोको सुगन्ध फैलाउने **ज्याक्सन हाइट** कथा पाठकीय मूल्याङ्कनमा खरो उत्रने विश्वास राखेका छन् ।

नाटककार गोविन्दबहादुर मल्ल गोठालेले (२०५३) **बगर** साहित्यिक पत्रिकामा महेश विक्रम शाहका कथाहरू पढ्दा उनले कथाको युग हाँक्लान् जस्तो लाग्छ भनी सङ्क्षिप्त चोटिलो र सारपूर्ण टिप्पणी प्रस्तुत गरेका छन् । उनको यो अभिव्यक्ति निकै गहन एवम् सोचनीय रहेको देखिन्छ ।

कथायात्रामा अर्को नाम भन्ने शीर्षक राख्दै विवश वस्ती (२०५५) ले महेशका हरेक कथाहरूले लगभग एउटै क्षमता सँगाल्दछन् । त्यो हो, जुन परिवेश र घटनामा उहाँको कथा उभिएको हुन्छ, पढ्नेहरूलाई उहाँ त्यहीँ पुऱ्याउन र विचरण गर्न लगाउनु हुन्छ भनेका छन् । वस्तीको यो अभिव्यक्ति यस शोध विश्लेषणको निम्ति सान्दर्भिक र उपयोगी सिद्ध हुने देखिन्छ । पाठकले कथा अध्ययनको रसास्वादन गर्दै जीवन जगत्को यथार्थ प्रतिविम्ब दृश्यबोध गर्न सक्नु र वर्तमान विश्व मानव समाजको विचरण गर्न सोचमग्न गराउने दृष्टिकोणबाट यो भनाइ सहज र स्वभाविक मानिन्छ ।

मोहनराज शर्माले **सिपाहीकी स्वास्नी** (२०५९) कथामा संवेदनशील समसामयिक कथाकारका यथार्थवादी अनुभूति पोखिएका यिनका कथाहरूले जीवनका नौलानौला मर्महरूको उद्घाटन अत्यन्त प्रभावकारी ढङ्गमा गरेका छन् । कथामार्फत् जीवनका हृदयस्पर्शी क्षणहरूको आँकलन गर्ने सिपमा कथाकार शाह निकै पोख्त छन् भनी चर्चा गरेका छन् । उनको यो भनाइ **ज्याक्सन हाइट** उक्त शोध अध्ययनमा उचित देखिन्छ (सिपाहीकी स्वास्नी, २०५९ भूमिका) ।

रमेश विकलले **अफ्रिकन अमिगो** (२०६०) कथामा आफ्नो धरतीको माटोद्वारा, आफ्नो यात्राक्रममा टेकेका विदेशी धरतीको पृष्ठभूमिमा रचित उनका कथाहरूमा पनि नेपाली मुटुको धड्कन स्पष्ट सुनिन्छ । विकलको यस भनाइ प्रस्तुत सन्दर्भमा निकै यथार्थपरक अनुभवजन्य, व्यवहारिक एवम् जीवनोपयोगी सन्देशको सार मान्न सकिन्छ ।

मनु ब्राजकीले **काठमाडौँमा कामरेड** (२०६५) कथासङ्ग्रहको भूमिकामा कथाकार महेशविक्रम शाह प्रतिभाशाली कथाकार हुन् । अतः उनका कथाको प्रस्तुतीकरण मौलिक छ भने शैली मन छुने खालको छ । कथा पढिसकेपछि विषयवस्तुले पाठकलाई घोरिन र

चिन्तनशील हुन प्रेरित गर्छ । यस्तो विशेषता नै कथाकारिताको सफलताको परिचायक हो भनी विवेचना गरेका छन् । उनको यस समीक्षा प्रस्तुत शोधको अध्ययनका सन्दर्भमा उपयुक्त  ठहर्छ ।

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट भएको छ भने महेशविक्रम शाह एवम् **ज्याक्सन हाइट** कथासङ्ग्रहका बारेमा विभिन्न विद्वान्हरूले समीक्षा, समालोचना र टिप्पणी गरेको पाइए तापनि यसको कृतिपरक अध्ययन हुन बाँकी नै रहेको कुरा स्पष्ट हुन्छ । यद्यपि प्रस्तुत शोध विश्लेषणका निम्ति ती अध्ययनहरूले महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ । यसबाट शोध कार्यका लागि आवश्यक सूचना, तथ्य, जानकारी, सामग्री लगायत उचित मार्ग निर्देशनले शोध कार्यलाई सरल, सहज, व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्न उचित टेवा पुग्ने आधारबाट माथिका पूर्वकार्यको समीक्षा उपयोगी सिद्ध रहेको स्पष्ट हुन्छ ।

### १.५ शोधकार्यको औचित्य

प्रस्तुत **ज्याक्सट हाइट** (२०६९) कथासङ्ग्रहको शोध विश्लेषण विभिन्न दृष्टिले औचित्यपूर्ण रहेको छ । मूलतः शैक्षिक, साहित्यिक, व्यवहारिक, अनुसन्धान, लेखन आदिका साथै उत्तरवर्ती शोध अध्येतालाई शाहको विविध कृतिको थप अध्ययनको निम्ति उपयोगीमूलक रहने देखिन्छ । साथै यस शोधले साहित्यिक, ऐतिहासिक अध्ययन गर्ने पारखीहरूलाई समेत सहयोग पुऱ्याउने कुरा निश्चित छ । यसबाट पनि प्रस्तुत शोधकार्यको औचित्य पुष्टि हुन्छ ।

### १.६ शोधकार्यको सीमाङ्कन

महेशविक्रम शाहका हालसम्म **सटाहा** (वि.सं.२०५३), **सिपाहीकी स्वास्नी** (वि.सं.२०५९), **अफ्रिकन अमिगो** (वि.सं.२०६०), **छापामारको छोरो** (वि.सं.२०६३) र **काठमाडौंमा कामरेड** (वि.सं. २०६५) र **ज्याक्सन हाइट** (वि.सं. २०६९) समेत जम्मा ६ वटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । अन्य कृतिहरूको प्रसङ्गबस् चर्चा गरिए तापनि प्रस्तुत शोधकार्यमा 'ज्याक्सन हाइट' कथासङ्ग्रहको मात्र अध्ययन-विश्लेषण गरिएकाले यही नै यस शोधकार्यको सीमा हो ।

### १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा मूलतः सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ । शोध विश्लेषणका निम्ति विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ । शोधको सिद्धान्त उपयोग गर्ने क्रममा निगमनात्मक तथा विश्लेषणका क्रममा आगमन विधिको उपयोग गरिएको छ । यसैगरी आवश्यकतानुसार छलफल, प्रश्नोत्तर तथा अन्तर्वार्ताजस्ता विधिहरूको पनि प्रयोग गरिएको छ । यसैगरी शोध विश्लेषणका निम्ति

कथाका सैद्धान्तिक आधारलाई मूल आधार मानी कथाका तत्वहरू- कथावस्तु, पात्र र चरित्र चित्रण, संवाद उद्देश्यका आधारमा प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : महेशविक्रम शाहको कथायात्रा, चरण र प्रवृत्तिका साथै कथा विश्लेषणको सैद्धान्तिक आधार

परिच्छेद तीन : 'ज्याक्सन हाइट' कथासङ्ग्रहको विश्लेषण

परिच्छेद चार : उपसंहार र निष्कर्ष

सम्भावित शोध शीर्षकहरु :

सन्दर्भग्रन्थसूची

# परिच्छेद दुई

## महेशविक्रम शाहको कथा यात्रा, चरण र प्रवृत्ति

### २.१ विषयप्रवेश

वि.सं.२०३६ सालमा धनगढीको महेन्द्रनगरबाट प्रकाशित हुने साप्ताहिक **वार्ता** नामक पत्रिकामा **आमा** शीर्षकको कथा प्रकाशित गरी कथा क्षेत्रको यात्रा आरम्भ गरेका महेशविक्रम शाह वि.सं.२०४८ सालको असार अङ्कको **मधुपर्क** मासिक पत्रिकामा **तृष्णा** शीर्षकको कथा प्रकाशित गरेपछि उनी कथा लेखन तर्फ थप उत्साहित हुँदै निरन्तर कथा सिर्जनामा संलग्न रहेका छन् । त्यसैगरी २०४९ सालमा असार अङ्कको **गरिमा** मासिक पत्रिकामा **संस्कार** शीर्षकको कथा प्रकाशनपछि उनको प्रतिभाले निख्खरपन ल्याउँदै गरेको आभास मिल्छ । उनको कथाक्षेत्रप्रतिको लामो साधनाको प्रतिफलस्वरूप आञ्चलिक धरातल र विदेशी पृष्ठभूमिमा अति निम्न तथा पिछडिएका वर्गका विषयलाई समेटेको पन्ध्रवटा कथाहरूको सङ्गालो **सटाहा** २०५३ अनुराग प्रकाशनबाट प्रकाशित भएको पाइन्छ । यस कथासङ्ग्रहका अधिकांश कथाहरूमा नेपालको मध्यपश्चिम र सुदूर पश्चिमका थारू जातिको रीति झल्काउने पात्र तथा घटनाहरू समावेश गरिएको देखिन्छ । पश्चिम तराई क्षेत्रका विषयवस्तु समावेश गरिएको यस कथा सङ्ग्रहको प्रकाशनपछि पनि शाहले आफूलाई निरन्तर कथा सिर्जनामा सङ्लग्न राख्दै गए । त्यसपछि वि.सं.२०५९ सालमा अठारवटा कथाहरूको सङ्ग्रह **सिपाहीकी स्वास्नी** बगर फाउन्डेशन नेपालबाट प्रकाशित भएको दोस्रो कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा देशभित्र र बाहिरका विषयवस्तु समावेश गरिएका छन् । सुरुमा देशमा विद्यमान पश्चिम तराईका थारूहरूको कथा व्यथाहरू समेटेका शाहले दोस्रो सङ्ग्रहमा विदेशी विषयवस्तु पनि समावेश गरेका छन् ।

**सटाहा** र **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहको प्रकाशनपछि २०६० मा ने.रा.प्र.प्र.बाट **अफ्रिकन अमिगो** कथा सङ्ग्रह प्रकाशित भयो । यस सङ्ग्रहको प्रकाशनपछि शाह नेपाली कथाका क्षेत्रमा समसामयिक कथाकारका रूपमा स्थापित हुन पुगेका हुन् । स्वदेश तथा विदेशका सहरी एवम् ग्रामीण जनजीवनका वास्तविक पक्षलाई नजिकबाट विचार पुऱ्याउँदै सङ्कलन गरिएको उक्त कथा सङ्ग्रहले पहिलो पटक २०६० सालमा गुरुप्रसाद मैनाली पुरस्कार प्राप्त गऱ्यो । यस कथा सङ्ग्रहमा सामाजिक आर्थिक द्वन्द्व र पहाडी परिवेशको चित्रण गरिएको छ ।

त्यसैगरी २०६३ सालमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र नभएका गरी जम्मा अठारवटा कथाहरूको सङ्ग्रह **छापामारको छोरो** साझा प्रकाशनबाट प्रकाशित भयो । नेपालको राजनीतिक इतिहासमा २०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र युद्ध

र सरकार पक्षबाट भएका दमनका कारण हिंसा प्रतिहिंसाबाट सिर्जना भएको कहालीलाग्दो अवस्थाको चित्रण यस सङ्ग्रहको कथाहरूमा गरिएको छ । समाजलाई यथार्थ पक्षको मार्गमा मार्ग निर्देशन गर्दै शान्ति र अग्रगमनको बाटो हिँड्न उत्प्रेरित गरिएको उक्त सङ्ग्रहका कथाहरूले २०६३ सालको मदन पुरस्कार प्राप्त गऱ्यो ।

यसैगरी वि.सं.२०६५सालमा प्रकाशनमा आएको **काठमाडौंमा कमरेड** उनका प्रकाशित मध्ये पाँचौ क्रममा रहेको कथासङ्ग्रह हो । यो कथासङ्ग्रहमा विद्रोही माओवादी राजनीतिक मूलधारमा आएपछिको अर्थव्यवस्था र स्वयम् माओवादी बिचारमा आएको चिन्तनगत परिवर्तनलाई समेटिएको छ ।

यसैगरी २०६९ सालमा फाइनप्रिन्टबाट प्रकाशित भएको एक्काइस वटा कथाहरूको सङ्ग्रह **ज्याक्सन हाइट** उनको हालसम्मको पछिल्लो कथासङ्ग्रह हो । यसको संरचनात्मक आयाम २१६ पृष्ठमा विस्तारित छ । यस कथासङ्ग्रहमा शाहले नेपाल बाहिरका नेपालीहरूलाई २०५० देखि २०५९ सालसम्म विश्वको पाँच महादेशहरू उत्तर अमेरिका, युरोप, अष्ट्रेलिया, अफ्रिका र एसियाका थुप्रै मुलकुहरूको जागिरका क्रममा भ्रमण गर्ने क्रममा प्राप्त अनुभव र अनुभूतिलाई मूल बिषयवस्तु बनाएका छन् । यो पूर्ण रूपमा विदेशी पृष्ठभूमि र नेपाली डायस्पोरामा आधारित कथा सङ्ग्रह हो । यस कथासङ्ग्रहभित्र सङ्ग्रहित कथाहरू पूर्ण रूपमा नयाँ छन् । यी कथाहरू यसअघि कतै प्रकाशित भएका छैनन् र सर्वप्रथम सङ्ग्रहका रूपमा आएका छन् ।

यस कथासङ्ग्रहमा रहेका कथाहरूमा पूर्ण रूपमा विदेशी संस्कृतिमा रमाउँदै गएको तत्कालिन समाज र फेसनको रूपमा विदेशिने मानवीय प्रवृत्तिको चित्रण गरिएको छ । विदेशी संस्कृतिको नक्कल तथा बाध्यता यसका कथावस्तु, चरित्र चित्रण मूलभाव र संवाद तथा भाषाशैलीका माध्यमबाट प्रकट भएको छ । उक्त सङ्ग्रहका कथाहरूमा देखासिकी, विदेशीको भड्किलो जीवन शैली, देशमा विद्यमान राजनीतिक अस्थिरताका कारण विदेशिनु पर्ने बाध्यता, आडम्डरीपना, अज्ञानता तथा विदेशी भूमिमा नेपाली नरनारीहरूको दीनहीनता र पीडाको यथार्थ चित्र उतारिएको छ ।

### २.२ महेशविक्रम शाहको कथायात्राको चरण

कुनै पनि व्यक्तिको सिर्जनाको इतिहासलाई उसका प्रवृत्तिगत इतिहासका आधारमा विभिन्न चरणमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त हुन्छ । कथाकार शाहको कथा यात्राको अध्ययन गर्दा साहित्य लेखनको प्रेरणा, पृष्ठभूमि, कथा सिर्जना अभ्यास तथा प्रकाशनको समयका साथै तिनका सामान्य र विशिष्ट प्रवृत्तिका आधारमा हेर्दा उनका कथा यात्रालाई दुई चरणमा विभाजन गर्नु उपयुक्त हुन्छ । ती चरणहरू :

२.२.१ पूर्वार्द्ध चरण (वि.सं.२०३४ देखि २०३८)

२.२.२ उत्तरार्द्ध चरण (वि.सं. २०५३ देखि हालसम्म)

### २.२.१ पूर्वार्द्ध चरण

शाहको कथा सिर्जनाको वि.सं २०३४ देखि २०३८ सम्मको समयलाई पूर्वार्द्ध चरण मानिन्छ।  दस वर्षको उमेरदेखि लेखन कार्यमा अभिरुचि देखाउने महेशविक्रम शाह नेपाली कथा साहित्यका समसामयिक कथाकार हुन् । उनका कथाबाहेक स्कुले जीवनमा नै निवन्ध र कविता कैलालीको धनगढीबाट प्रकाशित हुने साप्ताहिक **परिचर्चा** र महेन्द्र नगरबाट प्रकाशित हुने साप्ताहिक **वार्ता** पत्रिकामा वि.सं. २०३४ देखि २०३८ सम्म प्रकाशित भएका छन् । उनी वि.सं.२०३६ सालमा **आमा** कथाको प्रकाशन गरी कथा क्षेत्रको यात्रा आरम्भ गरेका कथाकार हुन् ।उनको **आमा** शीर्षकको पहिलो कथा वि.सं.२०३६ मा महेन्द्रनगरबाट प्रकाशित **वार्ता** साप्ताहिकमा छापिएको छ । उक्त अवधि कथाको आभ्यासिक काल भएको हुँदा सरल र सामान्य शैलीमा सामाजिक यथार्थको अभिव्यक्ति पाइन्छ ।

नेपाली कथा साहित्यका क्षेत्रमा सुपरिचित महेश विक्रम शाह सामाजिक यथार्थवादी धाराका समसामयिक कथाकार हुन् । वि.सं.२०२२ साल भदौ १५ गते अछाम जिल्लाको वैद्यनाथ गा.वि.स.स्थित कालिमाटीमा जन्मेका शाह परिवारको पहिलो सन्तान हुन् । यिनले नेपाली साहित्यको कथा विधामा ठुलो योगदान पुऱ्याएका छन् । कथा सिर्जनामा निरन्तर कलम चलाइरहेका शाह आफ्ना कथामा काल्पनिक भन्दा यथार्थलाई स्थान दिन्छन् । शाह यथार्थलाई अत्यन्त निकटबाट नियालेर कथा लेख्ने स्रष्टा मानिन्छन् । समाजमा भएका, आफूले भोगेका र आफ्नो वरिपरि देखिएका कुरालाई कथाका विषयवस्तु बनाउने शाह कथा यथार्थको धेरै नजिक हुन्छन् । उनका कथा पढ्दा काल्पनिक कथा नभएर हाम्रै समाजमा घटेका थयार्थ घटनाको बारेमा पढ्दै छु जस्तो लाग्छ । उनका कथाले समाजका सबै उमेर र वर्गका मानिसलाई समेटेका छन् । धनी-गरिब, बालक-बृद्ध, नारी-पुरुष, सज्जन-दुर्जन, विदेशी-स्वदेशी र डायस्पोरिक आदि सबै उनका कथामा अटाएका छन् । त्यसैले सामाजिक थथार्थवादी धाराका कथाकार शाह नेपाली कथा साहित्य क्षेत्रका महान हस्ती हुन् । जसले नेपाली कथा साहित्यको कथा विधाको श्रीबृद्धिमा ठुलो योगदान पुऱ्याएका छन् ।

उनको  **आमा** शीर्षकको पहिलो कथा वि.सं.२०३६ सालमा महेन्द्रनगरबाट प्रकाशित हुने **वार्ता** साप्ताहिकमा छापिएको पाइन्छ। शाहका अभ्यासिक चरणका कथामा कथाबस्तुको दुर्वलता लेखनको अपरिष्कृतता, भाषा एवम् शिल्प शैलीगत त्रुटी आदि पाइन्छ । प्रथम चरणका कथाहरूको अध्ययन गर्दा कथाकारको ध्यान यस अवधिमा कथावस्तुको खोजी र

शिल्प शैलीको संयोजनमा केन्द्रित रहेको पाइन्छ । उक्त अवधि उनका कथाको अभ्यासिक काल भएको हुँदा सरल र सामान्य शैलीमा सामाजिक यथार्थको अभिव्यक्ति पाइन्छ ।

### २.३.२ उत्तरार्द्ध चरण

२०५३ सालमा सटाहा कथासङ्ग्रहको प्रकाशन गर्दै उत्तरार्द्ध चरणमा प्रवेश गरेका शाहले कामको सिलसिलामा स्वदेशदेखि विदेशसम्मका विषयवस्तु समेटेर कथा लेखेका छन् । देशमा चलेको १० वर्षे सशस्त्र द्वन्द्वपश्चात आएको राजनैतिक परिवर्तनको समेत फाइदा उठाउदै । काठमाडौँमा कामरेड जस्तो व्याङ्ग्यात्मक प्रस्तुति आफ्ना कथासाहित्यमा गरेका छन् । पेसाका हिसाबले नेपाल प्रहरीको उच्च तहमा कार्यरत रहँदा आफूले देखे भोगेका प्रत्यक्ष अनुभव र अनुभूतिलाई कथा मार्फत प्रस्तुत गरेका छन् । कथा लेखनको दोस्रो चरणमा कथाकारले देशमा चलेको १० वर्षे सशस्त्र द्वन्द्व पश्चात शान्ति सम्झौतामा आएपछि काठमाडौँमा भित्रिएका कामरेडहरूको काडमाडौँ प्रतिको मोहलाई **काठमाडौमा कामरेड** कथासङ्ग्रहमा कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । कथा लेखनको उत्तरार्द्ध चरणसम्म आइपुग्दा उनको कथाकारिता निकै खारिएको पाइन्छ । **छापामारको छोरो** कथासङ्ग्रह २०६३ सालको मदन पुरस्कारद्वारा सम्मानित भए पश्चात कथा लेखनमा उनको नयाँ आयाम थपिएको पाइन्छ । उनले द्वन्द्व र युद्धका कथाहरूको एक उत्कृष्ट नमुना छापामारको छोरो कथामा उतारेका छन् । आफ्नो कार्यगत अनुभव द्वन्द्वकालिन समयमा आफूले देखे भोगेका यथार्थ ऐना 'छापामारको छोरो' कथामा प्रस्तुत गरेका छन् । १० वर्षे जनयुद्धको सजीव चित्र 'छापामारको छोरो' कथाले बोकेको विश्लेषकहरू बताउँछन् । एक दशकको युद्ध र द्वन्द्वलाई कसरी सम्झने ? युद्धलाई मानव जीवनको अभिन्न पाटो ठान्नेहरूका लागि त यो स्वभाविक र अनिवार्य लाग्ला तर एउटा लेखक हृदयले यो पीडाको समयलाई कसरी अनुभूत गरेको छ ? समयको यो दुर्दान्त क्षणलाई कसरी भोगेको छ? 'छापामारको छोरो' त्यही सशस्त्र द्वन्द्वको यथार्थको एक पात्रले भोगेको अनुभूति हो, जसमा कथाकार महेश विक्रम शाहले युद्धका असीम पीडालाई कथामा मुटु हल्लाउने शक्तिका रूपमा उपस्थित गराएका छन् । पछिल्लो पुस्ताको बलियो प्रतिनिधि नेपाली कथाकारको रूपमा स्थापित शाहको यो सङ्ग्रह देशले भोगेको एक दशको द्वन्द्वको मार्मिक र जीवन्त तस्विर हो । (जनप्रहार साप्ताहिक, ५ असार, २०६४)

शाहको उत्तरार्द्ध चरण कथा लेखनको परिपक्क, गहन, विशिष्ट र परिस्कृत कालखण्ड रहेको देखिन्छ । यस अवधिमा प्रकाशित कथाकृतिहरूमा सामान्यदेखि विशिष्ट शाब्दिक अभिव्यक्ति पाइन्छन् । वि.सं. २०३६ सालदेखि निरन्तर लागि रहेका शाहले यस अवधिमा थुप्रै कथा सङ्ग्रहहरू रचना गरेका छन् । ती हुन् **सटाहा** २०५३, **सिपाहीकी स्वास्नी** २०५९,

**अफ्रिकन अमिगो** २०६०, **छापामारको छोरो** २०६३, **काठमाडौँमा कामरेड** २०६५ र पछिल्लो कृति **ज्याक्सन हाइट** २०६९। जम्मा ६ वटा सशक्त कथा सङ्ग्रहहरू प्रकाशन गरी उनले नेपाली  कथा साहित्यलाई समृद्ध र सशक्त तुल्याएका छन् । उनका कथा रचनाहरूमा नेपाली समाजको विविध पक्षको सत्यतथ्य उद्घाटन गरेको पाइन्छ । साथै राष्ट्रदेखि अन्तराष्ट्रिय परिवेश त्यहाँको संस्कृति र सभ्यताको समेत कलात्मक चित्रण गरिएकको छ । मूलतः नेपाली नारीहरूले स्वदेशी तथा विदेशी भूमिमा भोग्नुपरेका मानसिक तथा शारीरिक शोषणका कारुणिक चित्र उद्घाटन र तिनको समाधानमूलक, चेतनामूलक, सन्देशमूलक शिक्षाको अभिव्यक्ति गर्ने उद्देश्यका आधारमा उनका कथागत प्रवृत्तिलाई प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

शाहले पहिलो चरणका कथाहरूमा देशभित्रका मात्र समस्याहरूलाई देखाएका छन् भने दोस्रो चरणका कथाहरूमा देशभित्र र बाहिरका समस्यालाई पनि उल्लेख गरेका छन् ।समग्रमा शाहको कथायात्राको दोस्रो चरणका कथाहरूमा पहिलो चरणका कथाहरूको तुलनामा शैलीशिल्पगत रूपमा अझै परिस्कृत र परिमार्जन आएको छ । उनी समाजका सर्वपक्षीय विषयवस्तुलाई कथानक बनाएर अनुकुल परिवेशका पात्र र घटनाहरूको चित्रण गरी सामाजिक विकृति एवं विसङ्गतिहरूप्रति सचेत गराउदै उन्नत समाजको सिर्जनाका निम्ति चेतना भर्ने राष्ट्रवादी एवम् प्रजातान्त्रिक परिपाटीहरूको विशुद्ध संस्कार र व्यवहारका पक्षमा आफ्ना विचारहरूलाई समाजको यथार्थ बस्तुतथ्यको आधारमा प्रस्तुत गर्ने यथार्थवादी कथाकार हुन् । यिनका कथाहरूमा मनोविश्लेषणात्मकता वैचारिक द्वन्द्व तथा कुसंस्कार र कुप्रवृत्ति प्रति व्याङ्ग्य पनि पाइन्छ ।

### २.४ महेश विक्रम शाहको कथागत प्रवृत्ति

२०३६ सालदेखि कथा लेखन कार्यलाई निरन्तरता दिँदै आएका शाहका कथा प्रवृत्तिलाई आलोचनात्मक यथार्थ, सामाजिक यथार्थवादी प्रवृत्ति, आञ्चलिक प्रवृत्ति, द्वन्द्व चित्रण, ग्रामीण एवम् सहरी परिवेश, विदेशी पात्र तथा विदेशी पृष्ठभूमिमा आधारित कथावस्तु आदिका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.४.१ आलोचनात्मक प्रवृत्ति

कथा लेखनको सुरुवातको चरणमा सामान्य विषयवस्तुलाई समेटेर कथा लेखेका महेश विक्रम शाहले **सटाहा, सिपाहीकी स्वास्नी, अफ्रिकन अमिगो, छापामारको छोरो, काठमाडौँमा कमरेड** सम्म आइपुग्दा समसामयिकताको ठुलो अर्थ बुझी काठमाडौँमा कामरेडमा सशस्त्र द्वन्द्व पश्चात संक्रमण कालीन नेपालका विभिन्न शब्द चित्रहरू कथामा

उतारेका छन् । **काठमाडौँमा कामरेड** कथामा सङ्ग्रहित कथाहरूमा कामरेडहरूको काठमाडौँ प्रतिको आकर्षण र क्यान्टोनमेन्टमा हातहतियार भण्डारण पछि सशस्त्र द्वन्द्वको समयमा गरेका प्रणहरू भुल्दै कामरेडहरूले विलाशी जीवन पद्धति अपनाउदै न्यूनतम गुरिबीको रेखामुनि रहेका नेपाली  जनताको आशा निराशामा बदलिदिएका कुरा आलोचनात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

कथाकार शाहले आफ्ना अधिकांश कथाहरूको स्रोत समाजलाई बनाएका छन् । मानिस सामाजिक प्राणी भएकाले समाजबाट पृथक् रहेर बस्न सक्दैन भन्ने विषयवस्तु उनका कथामा झल्किएको छ । समाज भोक, रोग, शोक, दया, माया, घृणा, शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, रीतिरिवाज, संस्कृति आदि विविध विषयवस्तु **ज्याक्सन हाइट** ( २०६९) भित्रका कथाहरू 'एना', 'कन्ट्रयाक्ट', 'रोजा', 'हान् घन्टा हान्' जस्ता कथाहरू यस प्रवृत्ति अन्तर्गत रहेका पाइन्छन् । यिनै विषयवस्तुलाई कथाकारले आफ्नो कथाको विषय बनाएका छन् । समाजमा रहेका शोषक वर्गले शोषित वर्गलाई कसरी दुःख दिन्छन् र त्यस्ता परम्परा समाजमा आजसम्म पनि छन् भन्ने कुरा देखाउनु उनको कथागत प्रवृत्ति हो ।

### २.४.२ सामाजिक यथार्थवादी प्रवृत्ति

कथाकार महेशविक्रम शाहले आफ्ना अधिकांश कथाहरूको स्रोत समाजलाई बनाएका छन् । मानिस सामाजिक प्राणी भएकाले समाजबाट पृथक् रहेर कथाको सिर्जना गर्न सकिँदैन भन्ने विषयवस्तु उनका कथामा झल्किएको छ । समाज निरपेक्ष भएर उनले कथा रचना गरेका छैनन् । समाज भोक, रोग, शोक, दया, माया, घृणा, शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, रीतिरिवाज, संस्कृति, परम्परा आदि विविध विषयवस्तुको भण्डारण हो । यिनै सामाजिक विषयवस्तुहरू एवम् मानवीय संवेदनालाई  आफनो कथाको विषयवस्तु बनाउन सिपालु शाहले समाजलाई नै आफनो कथाको प्रमुख विषयवस्तु बनाएका छन् । कथाकारले ग्रामीण एवम् सहरी दुवै परिवेशलाई कथाका विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । पूवार्द्ध चरणमा नेपाली समाजलाई मात्र समेटेर कथा लेखन कार्यमा अगाडि बढेका महेश विक्रम शाह उत्तरार्द्ध चरणमा पुग्दा विदेशी परिवेशको विषयवस्तुसमेत समावेश गर्न पुग्दछन ।

कथाकार शाहले पछिल्लो चरणका अधिकांश कथाहरू द्वन्द्वात्मक विषयवस्तुलाई समेटेर सिर्जना गरेका छन् । आफ्ना अधिकांश कथाको स्रोत समाजलाई बनाएका महेशविक्रम शाहको दोस्रो चरणका कथाहरूमा आञ्चलिक धरातलका सामन्तवर्गप्रति व्यङ्ग्य प्रहार गर्नुका अतिरिक्त समाजका उपेक्षित र उत्पीडित मानिसहरूका जीवनका सम्पूर्ण संवेदनशील मानवीय पक्षहरूको विश्लेषण गरेका छन् । कथालेखनका आरम्भका

दिनहरूमा कथाकारले भोगेका भोगाइहरू आञ्चलिक कथाका रूपमा देखा परे । त्यसपछि विदेशी पृष्ठभूमिका पनि कथा लेख्ने काम गरे । देशमा चलेको एक दशक लामो सशस्त्र द्वन्द्वले देशलाई आक्रान्त पारेपछि कथाकारले द्वन्द्वात्मक कथाहरू लेख्न सुरु गरे । जुन कथाहरू **सिपाहीकी स्वास्नी** (२०५३) र **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रहमा सङ्ग्रहित छन् । **छापामारको छोरो** ले वि.सं.२०६३ सालको मदन पुरस्कार पाउन सफल भएपछि कथाकारले साहित्यमा समसामयिकताले ठुलो अर्थ राख्ने सोचेर कथा लेखनलाई अगाडि बढाउँदै गए । उनका यी कृतिहरूमा नेपाली समाजका दसवर्षे जनयुद्ध र त्यसको प्रत्यक्ष भोक्ता पात्रहरू नेपाली जनता, राज्य पक्ष र विद्रोही पक्षका विविध पक्षहरूको यथार्थपरक मार्मिक पीडाको अभिव्यक्ति पाइन्छ । यसपछि वि.सं.२०६५ सालमा **काठमाडौंमा कमरेड** त्यति बेला प्रकाशनमा आयो । जति बेला देश दस वर्षे सशस्त्र द्वन्द्व पश्चात शान्तिपूर्ण राजनीतिक धारमा आएको थियो । यस सङ्ग्रहमा विभिन्न पत्रपत्रिकामा प्रकाशित दस वटा र अप्रकाशित चारवटा गरी जम्मा चौधवटा कथाहरू प्रकाशित छन् । यसमा नेपालमा सशस्त्र द्वन्द्वपश्चात् अर्थात् वि.सं. २०५२-२०६२ अवधिका सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको नेपाली समाजको यथार्थको कारुणिक, संवेदनायुक्त, मानसिक र शरीरिक पीडाको अभिव्यक्ति पाइन्छ । त्यसैगरी **ज्याक्सन हाइट** (वि.सं. २०६९) यस चरणको एक सशक्त प्रतिनिधिमूलक कृति रहेको पाइन्छ । यसमा जम्मा एक्काइस वटा कथाहरू सङ्कलित छन् । दोस्रो चरणका प्रकाशित सबै कथाकृतिका साझा प्रतिबिम्बको रूपमा रहेको यस कृतिमा स्वदेशदेखि विदेशसम्मका नेपाली तथा विदेशी मानवसमाज, सहरी सभ्यता, संस्कृति, पेसा तथा जीवनशैलीका सरल र जटिल विविध पक्षको सशक्त उद्घाटन गरिएको पाइन्छ । मूलतः समसामयिक नेपाली समाज र उत्तर आधुनिक विदेशी संस्कृतिको विकृति-विसङ्गति, सामाजिक, आर्थिक, यौनमूलक जटिल मानवीय समस्याको चित्रण गर्नु र वर्तमान विश्व समाजको वास्तविकता खोतल्नुमा यस चरणका प्रवृत्तिहरू केन्द्रित रहेका पाइन्छन् ।

### २.४.३ आञ्चलिक प्रवृत्ति

कथाकार महेशविक्रम शाहका प्रायजसो कथाहरूमा स्थानीय रङको कुशल संयोजन भेट्न सकिन्छ । नेपालको पश्चिम तथा तराईका ग्रामीण बस्तीहरूमा व्याप्त अशिक्षा, गरिबी र अत्यन्त कष्टकर दिनचर्याको कारुणिक वेदना अनि छटपटीको यथार्थ चित्र उनका कथाहरूमा सफल रूपमा उतारिएको पाइन्छ । उनका कथाहरूमा त्यहींको माटोमा पात्रहरू उम्रिन्छन् र त्यहीं बिलाउँछन् । स्थानीय जनबोली र भेशभूषा उनका कथाका थप आकर्षण हुन् । ग्रामीण क्षेत्रमा प्रचलित रीतिरिवाज, परम्परा, संस्कार, चालचलनजस्ता यथार्थ पक्षहरूलाई कथाकारले कथामा उचित स्थान दिएका छन् । उनका प्रकाशित कथासङ्ग्रह

**सटाहा २०५३, सिपाहीकी स्वास्नी २०५९, अफ्रिकन अमिगो २०६०, छापामारको छोरो २०६३, काठमाडौँमा कमरेड २०६५ र ज्याक्सन हाइट २०६९** जस्ता कथाहरू स्थानीय रङमा घोलिएर आएका उनका बेजोड कथाहरू हुन् ।

### २.४.४ द्वन्द्वको चित्रण

कथाकार शाहका पछिल्लो चरणका अधिकांश कथाहरू द्वन्द्वात्मक परिवेशलाई विषयवस्तु बनाई सिर्जना गरेको पाइन्छ । **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहमार्फत बीजाङ्कुर भएको द्वन्द्वात्मक विषयवस्तुले **'छापामारको छोरो'** कथा सङ्ग्रहसम्म आइपुग्दा सफल कथाकारका रुपमा स्थापित भइसकेको देखिन्छ । नेपालमा दस वर्षसम्म निरन्तर चलेको गृहयुद्ध र त्यसबाट निम्तिएको जनसंहार एवम् भौतिक संरचनाको विनाशलाई मुख्य विषयवस्तु बनाई रचिएको प्रस्तुत कथासङ्ग्रहमार्फत युद्धरत पक्ष र सरकार पक्ष दुबैलाई हतियार बिसाई शान्तिको मूल प्रवाहमा आई विकास निर्माणको कार्यमा जुट्न आग्रह गरिएको छ । एक दशकसम्म चलेको जनयुद्ध र यसको आगोबाट पिल्सिएका सबै तह र तप्काका जनमानसको कारुणिक दर्द र मर्मस्पर्शी पीडालाई यस सङ्ग्रहका माध्यमबाट नजिकबाट देखाउने कोसिस गरिएको छ ।

### २.४.६ ग्रामीण एवम् सहरी परिवेश

कथाकार शाहले आफ्ना कथामा गाउँले जीवनका सरल, सहज एवम् प्राकृतिक जीवनशैलीको स्वाभाविक चित्रण गरेका छन् । त्यस्तै सहरी परिवेशमा व्याप्त भौतिक एवम् वैज्ञानिक आविष्कारले निम्त्याएको कृत्रिम, भड्किलो तथा आधुनिक जीवनपद्धतिको यथार्थ तस्बिर पनि शाहले आफ्ना कथामा उतारेका छन् । उनले ग्रामीण जनजीवन र सहरी जनजीवनका बिचमा पाइने भिन्नताहरू पनि केलाएका छन् । ग्रामीण जीवनचर्या खुला आकाश, प्राकृतिक झरना, नदीनाला, डाँडाकाँडा, हिमसृङ्खला, स्वच्छ पर्यावरण आदिको समुचित संयोजनबाट सहज ढङ्गले सञ्चालन हुने कुरा कथाकारले कथामा उल्लेख गरेका छन् । उता सहरिया जीवनपद्धति भने साँघुरो आकाश, सिमेन्ट-संस्कृति, प्रदूषित वातावरण, अपनत्वको अभाव, अनिश्चित भविष्य, देखावटी र बनावटी शैली आदिको जीवन्त प्रस्तुति उनका कथामा भएको पाइन्छ । उनका **सटाहा, कथा, सङ्ग्रहमा सङ्ग्रहित** कथाहरू ग्रामिण परिवेशमा लेखिएका कथाहरू हुन् भने **ज्याक्सन हाइट** कथासंग्रहभित्र संग्रहित विदेशी कथाहरू सहरी परिवेशलाई आधार मानी रचिएका कथाहरू हुन् । अतः ग्रामीण एवम् सहरिया दुबै परिवेशको कलात्मक चित्रण गरिएका उनका कथाहरू सुन्दर एवम् उत्कृष्ट बन्न पुगेका छन् ।

### २.४.७ विदेशी पात्र तथा विदेशी पृष्ठभूमिमा आधारित कथावस्तु

कथाकार महेशविक्रम शाहले स्वदेशी पात्र र पृष्ठभूमिका कथावस्तुका अतिरिक्त विदेशी पात्र र पृष्ठभूमिका कथावस्तुमार्फत पनि सामाजिक जागरणको पर्दा खोल्ने चेष्टा गरेका छन् । उनले कथामा विदेशी भूमिमा गरिबीको चपेटामा पिरोलिएका तल्लो तहका मानिसहरूको रोदन र क्रन्दनलाई समेट्दै कथाको निर्माण गरेका छन् । उनको कन्ट्र्याक्ट कथामा अमेरिकन सिटिजनको लागि अमेरिकन हब्सीसँग कन्ट्र्याक्ट म्यारिज गरेर त्यहाँको स्थायी बासिन्दा बेनेपछि राम्रो काम पाउने र अधुरा सपनाहरू पुरा गर्ने अभिलाषाले आफ्नै श्रीमान्द्वारा परपुरुषसंग अनैतिक सम्बन्ध राख्नसमेत विवस नारीको कारुणिक विषयवस्तु प्रस्तुत गरिएको छ । त्यस्तै 'दसहजार फ्याङक' कथामा पिकासो बन्ने सुन्दर सपना बोकेर फ्रान्सको पेरिस पुगेको बालकको सपना चकना चुर भएपछि अन्तमा मुर्दा शरीर मात्र इच्छापत्र बमोजिम नेपालको आर्यघाट ल्याइएको मार्मिक प्रस्तुतिले कथा बेजोड बन्न पुगेको छ । **काली केटी, एना, म्यूजियममा मेरो गाउँ, एबोरिजनल केटो, लभ लक, ए ब्लँ, कन्ट्र्याक्ट, मेट्रो एउटा घुम्ती संसार, मिष्टर पाउल, ज्याक्सन हाइट, दशहजार फ्याङक,मिसन डार्फर** आदि जस्ता कथाहरू विदेशी पृष्ठभूमि र विदेशी चरित्रहरू प्रयोग गरी लेखिएका कथाहरू हुन् ।

### ५. महेशविक्रम शाहका कथा विश्लेषणका सैद्धान्तिक आधारहरू

महेशविक्रम शाहका कथाको सैद्धान्तिक आधरहरूको अध्ययन गर्दा निम्न लिखित आधारमा गर्न सकिन्छ ।

#### १. कथावस्तुको आधारमा

कथामा घटनावलीको योजना अथवा ढाँचा नै कथाबस्तु हो । विभिन्न उत्सुकता जगाउने गरी व्यवस्थित घटना र चरित्रको सङ्गठनलाई कथाबस्तु भनिन्छ । कथाभरि नै रहने कथानक वा कथाबस्तु कथाको मूल **तत्त्व** हो यसले कथामा घट्ने घटनावलीको सम्बन्धलाई देखाउछ ।

#### २. पात्रका आधारमा

कथामा उपस्थित भएका पात्रहरूको आनिवानी, स्वभाव र चालचलन र व्यवहारको चित्रण नै चरित्र चित्रण हो । कथामा खासगरी व्यक्तिको उपस्थिति र तिनीहरूको क्रियाकलापलाई घटनाक्रमसँग संयोजन गरेर पात्रहरूको चरित्र चित्रण गरिन्छ । कथामा उपस्थित भएका पात्रहरू कुन धरातलका हुन । तिनिहरूको चित्रण गरिन्छ । कुन जात जाति वर्ग, लिङ्ग सम्प्रदाय आदिको चित्रण गरिन्छ । कथामा कथाकारले कथाको स्रोत निर्माण

गरेका हुन्छन् । मानिस सामाजिक प्राणी भएकाले समाजबाट पृथक रहेर कथाको सिर्जना गर्न सकिदैन । कथाकारले ग्रामीण र सहरी दुवै परिवेशलाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् ।

### ३. परिवेशको आधारमा

कथाकारले आफ्नो पूवार्ध र उत्तरार्ध दुवै चरणका कथाहरूमा गाउँले जीवनका सरल सहज एवम् प्राकृतिक जीवन शैलीको स्वाभाविक चित्रण गरेका छन् । सहरी परिवेशमा व्याप्त भौतिक एवम् वैज्ञानिक आविस्कारले निम्त्याएका कृतिम् भड्किलो तथा आधुनिक जीवन पद्धतिको यथार्थ तस्वीर पनि शाहले आफ्ना कथामा खिचेका छन् । उनका कथामा ग्रामीण जनजीवन र सहरिया जनजीवनमा पाइने भिन्नताहरू पनि देखाएक छन् । ग्रामीण जीवन चर्याको स्वच्छ पर्यावरण उनका कथामा पाइन्छ । साथै सहरीया देखावटी र वनावटी शैलीको प्रस्तुति उनका कथामा पाइन्छ । शाहका प्रायजसो कथाहरूमा सहरिया एवम् गाँउले परिवेशको चित्रण पाइन्छ । नेपालको पश्चिम तथा तराईका ग्रामीण बस्तीहरूमा व्याप्त अशिक्षा, गरिबी र कष्टकर जीवन चर्याको यथार्थ चित्र उनका कथाहरूमा पाइन्छ । उनका कथाका पात्रहरू त्यहीँको माटोहरूमा उम्रिन्छन् र त्यँही बिलाउछन् । स्थानीय जनवोली र भेषभुषा उनका कथाका थप आकर्षण हुन् ।

### ४. द्वन्द्वका आधारमा

शाहका कथाहरूको विश्लेषण गर्दा द्वन्द्वात्मकताका आधारमा पनि गर्न सकिन्छ । यस अन्तरगर्त वाह्य द्वन्द्व र आन्तरिक द्वन्द्वलाई हेर्न सकिन्छ । आन्तरिक द्वन्द्व नदेखिने द्वन्द्व हो । कथाका पात्रहरू आन्तरिक द्वन्द्वबाट पीडित भएका हुन्छन भने वाह्य द्वन्द्व अर्थात देखिने द्वन्द्वबाट पनि त्यत्तिकै पीडित देखिन्छन् । कथाकार शाहका उत्तरार्ध चरणका अधिकांश कथाहरू द्वन्द्वात्मक विषयवस्तुलाई चित्रण गरिएका छन् । **सिपाहीकी स्वास्नी** कथासङ्ग्रह मार्फत विजारोपण भएको द्वन्द्वात्मक विषयबस्तु **छापामारको छोरो** कथासङ्ग्रह सम्म आइपुग्दा देशमा १० वर्ष सम्म निरन्तर चलेको गृहयुद्ध र त्यसबाट निम्तिएको जनसंहार एवम् भौतिक संरचनाहरूको विनासलाई मूख्य विषयवस्तु बनाई रचिएको सिपाहीकी स्वास्नी कथासंग्रह मार्फत युद्धरत पक्ष र सरकार पक्ष दुवैलाई हतियार विसाएर शान्तिको मूल धारमा आई विकास र अग्रगमनको बाटोमा हिड्न आग्रह गरिएको छ ।

### ५. भाषा शैलीका आधारमा

कुनै पनि विषय बस्तुलाई आकर्षक एवम् सशक्त बनाउने मुख्य तत्त्व भाषा शैली हो । विषवस्तु, घटनाक्रम, चरित्र जस्ता तत्त्वहरूलाई नरम तथा कडा भाषा शैलीको माध्यमद्वारा प्रस्तुत गर्न सकिन्छ । कथाकार महेशविकम शाहले आफ्ना कथारूलाई रोचक

बनाउन झर्रा नेपाली शब्दरूको प्रयोग सरल नेपाली भाषिक अभिव्यक्तिका साथै ठाउँ ठाउँमा अङ्ग्रेजी शब्दको प्रयोग समेत गरेका छन् । उनले कथाहरूमा पात्रहरू का स्वभाविक संवादहरूको प्रयोगमा पनि ध्यान पुऱ्याएका छन् । कतै अंग्रेजी भाषाको प्रयोग कतै तराई भेगको स्थानीय भाषिका र कतै सुदूरपश्चिमको क्षेत्रीय भाषिको उचित प्रयोग गरेका छन् । विदेशी पृष्ठभूमिमा रचना गरिएका कथाहरूमा ठाउँ ठाउँमा अङ्ग्रेजी भाषाका वाक्यांश तथा पदावलीको प्रयोगले केही जटिलताको अवस्था सिर्जना गराएको छ ।

यसरी कथाकार शाहले नरम भाषामा कडा प्रस्तुति गर्दै **काठमाडौँमा कामरेड** जस्तो प्रतिकात्मक भाषाको प्रयोग गरेर १० वर्षे लामो सशस्त्र जनयुद्ध पश्चात शान्तिपूर्ण राजनीतिमा आएका कामरेडहरूलाई व्याङ्ग्यात्मक प्रहार गरेको देखिन्छ । उनको पछिल्लो कथासङ्ग्रह प्रस्तुत **ज्याक्सन हाइट** कथाङ्ग्रहमा विभिन्न प्रलोभनमा परेर विदेशिएका नेपालीहरूलाई भन्दै लेखकले सुरुवातको क्रममै कडा प्रस्तुति झल्काएका छन् ।

# परिच्छेद : तिन

## ज्याक्सन हाइट कथासङ्ग्रहको विश्लेषण

### ३.१ विषय प्रवेश

**ज्याक्सन हाइट** कथा सङ्ग्रहभित्र जम्मा २१ वटा कथाहरू छन् । ती कथाहरूलाई कथा सिद्धान्तले निर्धारण गरेका कथा विश्लेषणका मानक आधारका रूपमा स्थापित कथातत्त्वहरू कथावस्तु, पात्र र चरित्र चित्रण, संवाद वा कथोपकथन, देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्यका आधारमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ३.२ 'काली केटी' कथाको विश्लेषण

### ३.२.१ कथावस्तु

प्रस्तुत 'काली केटी' कथा महेश विक्रम शाहको **ज्याक्सट हाइट** कथा सङ्ग्रहभित्र सङ्ग्रहित कुल एक्काइस वटा कथाहरू मध्ये पहिलो कथा हो । यस कथामा हाइटी सहरको आधुनिक युगमा मौलाउँदै गएको खुला संस्कृति ,नाइट क्लबमा घटेको घटना र स्वदेशी तथा विदेशी पुरुष ग्राहकहरूलाई उनीहरूको भोगेच्छा पूरा गरिदिने पेसेवर दलालका रूपमा कथामा मम्बाली र जुलेको सक्रिय भूमिका रहेको छ । क्लबमा आएको एक ग्राहकलाई नशाको तालमा  विभिन्न युवतीहरू उसको सामु ल्याएको र ती केटीहरू उसलाई मन नपरी निग्रो वर्णकै युवती चाहिएको छ।

क्लबका दलाल मम्बाली र जुलेले आफ्नो सम्पर्कमा रहेका विभिन्न पेशेवर युवतीहरू इलियानिज, मेसिलिया, ज्याकलिन, एलिजालाई पुरुष ग्राहकको सेवाका निम्ति पालैपालो उपस्थित गराउँछन् । एलिजा नामकी युवतीलाई  समेत ग्राहकले सिधै अस्वीकार गरेपछि दुवै दलाल निराश हुन्छन् ।

ग्राहकको रोजाइ अनुरूपकी  सुन्दरी नभेटेपछि मम्बलीले आफ्नै अर्धाङ्गिनी काली स्वास्नीलाई उसको सामु उपस्थित गराउँदै भन्छ -"क्षमा गर्नोस्, ढिलो भयो महाशय !  यी हेर्नोस् निख्खर काली केटी ! जङ्गली भालुको गन्ध छ यसमा ।" मम्बालीले अनुनय गऱ्यो । उसले ढोकैमा त्यो मान्छेलाई भेटेको थियो । "हो, मैले खोजेकी निख्खर काली केटी यही हो । पक्कै पनि यसमा जङ्गली भालुको कडा गन्ध  छ ।" उसले तुरून्तै सय डलरको नोट मम्बालीको हातमा राखिदियो । मम्बालीले धेरै बेरसम्म सय डलरको नोट सुमसुम्याउँदै हेरिह्यो (पृ.७) ।"

यसरीसंवेदनशील तवरले कथावस्तुको संरचना निर्माण भई अन्त्य भएको छ ।

### ३.२.२ पात्र र चरित्र चित्रण

'काली केटी' कथाको पात्र मम्बाली, जुले, एलिजा, निग्रो केटी आदि प्रत्यक्ष पात्र हुन् भने इलियानिज, मेसिलिया, ज्याक्लिन आदि अप्रत्यक्ष पात्र हुन् । कथामा पुरुष र स्त्री दुबै पात्रहरूको उपस्थिति रहेको छ । ग्राहक प्रमुख पात्र नायक चरित्र हो भने काली केटी प्रमुख नायिका हो । त्यसैगरी एलिजा सहनायिका अर्थात् सहायक नारी पात्र  हो भने मम्बाली र जुले सहायक पुरुष खलपात्र हुन् ।

### ३.२.३ संवाद कथोपकथन

कथाको संवाद वा कथोपकथन नाटकीय विधिको छ । कथामा ग्राहकको रुचिअनुसार दलालहरूले विभिन्न पेसेवर युवतीसँग सम्पर्क गर्नु, एलिजा नामकी युवतीलाई फेला पार्नु र यौन पुरुषको सामु उपस्थित गर्नु, उसले अस्वीकार गर्नु, धेरै बेरसम्म भने जस्तो निग्रो केटीको खोजीमा भौंतारिनु, कतै पनि सोचे जस्तो सिकार नपाउनु र अन्त्यमा  मम्बालीकी स्वास्नीलाई ग्राहकको सेवामा सरिक गराउनु र दुवैको आवश्यकता पूर्ति गर्नु जस्ता कार्यव्यापार नितान्त नाटकीय ढङ्गबाट हुन पुगेको देखिन्छ ।

कथामा प्रयुक्त नाटकीय संवादको जीवन्त प्रस्तुतिको एक दृश्य - "मम्बली, गजब गरिस् तैंले आखिर यो साँढेलाई हातबाट फुत्कन दिइनस् । तैंले कहाँबाट ल्याइस् यो केटी हँ ?" जुलेले मम्बालीको हातको सय डलरको नोट छुँदै भन्यो - "यो मेरी स्वास्नी हो जुले !" मम्बालीले निर्विकार भावमा जवाफ दियो । जुलेको अनुहार हेर्दै नहेरी उसले सय डलरको नोट खल्ती भित्र घुसाऱ्यो र अँध्यारोमा लुप्त भयो । जुले पनि दौड्दै उसको पछि पछि लाग्यो (पृ.७) ।" उक्त संवादमय प्रस्तुति नाटकीय बनेर आएको छ । यसरी यस कथामा चरित्रको कथनोपकथन ढाँचा नाटकीय विधिबाट रचिएको छ ।

### ३.२.४ देश, काल र परिस्थिति

'कालीकेटी' कथाको परिवेश हाइटी देसको आधुनिक संस्कृतिले युक्त सहरी क्षेत्र कथामा आएको छ । मनोरञ्जन र संस्कृतिको नाममा सरकारी र गैरसरकारी रूपबाट खोलिएको होटल, डिस्को, नाइट क्लब, बार र त्यहाँ स्वतन्त्रताका नाममा खुलेआम चल्ने यौनधन्दाका खुला र बन्द स्थलहरू प्रस्तुत कथाको परिवेश बनेर आएको छ । कोही धन सम्पत्तिको मोजमस्तीमा नारी सौन्दर्यको सुखभोग गर्ने त कोही आफ्नो यौवन र कुमारीत्व परपुरुषलाई सुम्पिएर आफ्नो गाँसबासको जोहो गर्नुपर्ने नारी समस्या देखिएको   छ । त्यस्तै, विपन्न वा न्यून वर्गीय वेरोजगार युवाहरू/पुरुषहरू यिनै नवजोडीको सम्बन्ध जुटाइदिई आफ्नो जीविकोपार्जन गर्नुपर्ने टड्कारो विवशता नै कथाको परिस्थिति बनेर आएको छ । यस दृष्टिले हेर्दा कथामा एकातिर पात्रहरूको मानसिक उतारचढावको वैचैन अवस्था

आन्तरिक परिवेश बनेर आएको छ भने त्यसको पूर्णता र समाधानको कार्यक्षेत्रको रूपमा यौनजन्य स्थलहरू बाह्य परिवेशको रूपमा देखिएको छ ।

### ३.२.५ भाषाशैली

'कालीकेटी' कथाको भाषाशैली निकै रोचक छ । कथामा व्यक्त चित्रात्मक भाषाशैलीको एक दृश्य यस्तो छ - "त्यो मान्छेले मम्बाली पछाडि उभिएकी केटीलाई हेऱ्यो । निख्खर काली केटी सर्वाङ्ग ध्वाँसोले पोतिए जस्ती ठूलठूला स्तन र नितम्ब, घुम्रिएको सानो कपाल मानौं पहाडको थुम्कामा स-साना बुट्यान उम्रेका हुन् । ऊ साधारण भेषभुषामा थिई । उसको अनुहार कुनै शृङ्गार थिएन तर डराए जस्ती थिई । उसका आँखा त्रासले बटारिएका देखिन्थे (ज्याक्सन हाइट, पृ.७) ।"

कथामा थुप्रै संवाद चित्रण गरिएका छन् । तिनले कथानक प्रभावमा थप आकर्षण प्रदान गरेका छन् । पैसाको निम्ति यौन दलाल बनेर आफ्नो स्वार्थ पूरा गर्ने क्रममा मम्बाली र जुले बीचको संवादात्मक प्रस्तुतिको एक अंश - "तैंले एलिजासँग सम्पर्क गरिस् मम्बाली ? त्यो त साँच्चिकै काली छे नि !" जुलेले मम्बालीको पिठ्युँमा हान्दै भन्यो । "हो, तैंले ठीक भनिस ! मैले त एलिजालाई भुसुक्कै भुलेछु । ल, म फोन मिलाई हाल्छु ।" शरीरमा फूर्ति आए झैं देखिएको मम्बाली मोबाइलमा नम्बर डायल गर्न थाल्यो । आधा घण्टा बित्न नपाउँदै एलिजा नाइट क्लबमा आई पुगी (ज्याक्सन हाइट, पृ.४) ।" यसैगरी कथामा प्रयुक्त स्थानीय भाषिक शब्दहरू मोरो, साँढे, सुँगुर, गुड्स, मुर्गा आदि । त्यसैगरी अङ्ग्रेजीका आगन्तुक शब्दहरू जर्मन, हाइटी, कार्निभल, फेब्रुअरी, पोर्ट ओ प्रिन्स, युनिभर्सिटी, नाइट क्लब, क्यारेबियन आदि रहेका छन् ।

### ३.२.६.उद्देश्यः

यस 'कालीकेटी' कथाको उद्देश्य हाइटी राष्ट्रको आधुनिक सहरी जनजीवनको यथार्थ चित्रण गर्नु, मनोरञ्जन र स्वतन्त्रताको नाममा फैलिँदै गएको खुला यौन व्यापारको सत्यता उद्घाटन गर्नु, मानिसले यौन पेसालाई सुख चयन र जीवन गुजाराको विभिन्न प्रयोजनबाट अगाल्न विवस रहेको दर्साउनु, स्थानीय समाज तथा राज्यस्तरबाट त्यस्ता क्रियाकलाप नियन्त्रण गर्नु र रोजगारीको अवसर प्रदान गर्नु पर्ने सन्देश दिनु कथाको उद्देश्य रहेको छ ।

### ३.३ एना कथाको विश्लेषण

### ३.३.१ कथावस्तु

'एना' कथाको कथावस्तु बोकाचिकाको समुद्री किनार र आसपासका ठाउँमा हुने विदेशी संस्कृति र संस्कारको रूपमा मौलाउँदै गरेको विदेशी संस्कारसँग सम्बन्धित छ । बिहानैदेखि मान्छेहरू ओइरिरहेका थिए । समुद्री तटको आनन्द लिन आउनेहरूलाई स्वागत गर्न तँछाडमछाड गरिरहेका थिए- छातावालहरू खटियावालहरू, टेबलकुर्सीको बन्दोवस्त गर्नेहरू, बोट मालिकहरू, सर्फ भाडामा लगाउनेहरू, फलफूल बिक्रेताहरू, दुई पाङ्ग्रे गाडा गुडाएर नरिवलको पानी बेच्नेहरू, क्युरियोको सामान बेच्नेहरू, रङ्गीविरङ्गी ढुङ्गाद्वारा निर्मित माल बेच्नेहरू, खानेकुरा बेच्नेहरू, मसाज गर्नेहरू, पोडिक्योर-मोनिक्योर गर्नेहरू, सिपी तथा माछाका अस्थिरपञ्जर बेच्नेहरू अनि रातलाई रङ्गीन बनाउनेहरू । यस्ता कार्यमा सङ्लग्न के महिला, के पुरुष सबै पर्यटककै पर्खाइमै थिए । पर्यटकहरूको भिडसँगै मिसिएर म पनि आफू बसेको होटल 'भिला दे सुर' बाट नजिकै समुद्री तटतिर हानिएँ" म पात्र शान्त,  गम्भीर र ध्यानमग्न समुद्रबाट किनारतिर भागिरहेका ती चतुर, चञ्चल र उमङ्गपूर्ण छालहरू हेरेर दङ्ग पन म पात्रले एना केटीको स्मरण गर्नु र ऊ मुक्त नारी कण्ठमा मोनिक्योर-पोडिक्योर ! पोडिक्योर मोनिक्योर (स्पेनिस भाषामा) अर्थात् के तपाईं आफ्नो हात र खुट्टाका नङ काटेर मिलाउन चाहनुहुन्छ ? भनी लेखकलाई नम्र अनुरोध गर्नु, लेखक उसको बोली व्यवहारबाट मुग्ध हुनु र केही समयपछि उसलाई सेवा गर्ने वचन दिनु, एनाको सम्पूर्ण विगत खोतल्नु, लेखकको मनमा उसप्रति दयामायाको भाव पलाउनु, उसको वास्तविक जीवन कहानीको प्रतिच्छाया स्वरूप कथाकारका मनमा स्वदेशका रोल्पा र हुम्लाकी द्वन्द्वपीडित महिला र तिनले काठमाडौंको ठमेलमा आई आफ्नो खुसी परपुरुषलाई सुम्पेर आफू र नाबालक छोराछोरीको जीवन बचाउन विवश हुनु परेको मार्मिक दृश्याङ्कन प्रतिविम्बित हुनु वा स्मरणमा आउनु, विदेशी एना र नेपाली खुमा, जस्ता नारीहरूको कथाको तुलना गर्नु, एनालाई धन्यवाद दिनु, फेरि पनि आउँदै गर्नुहोला सियोर भनी एना त्यहाँबाट विदा हुनु,कथाकार र एनाको पूर्वस्थलमा भेट हुनु, एनाको परिवर्तित व्यक्तित्व देखेर लेखकलाई ठम्याउन गाह्रो पर्नु, केही संवादपछि सत्यता बोध हुनु, लेखकले पुनः उसको दिनचर्या र कार्यव्यवहार सोध्नु, एना पहिलेको पेसा छोडेर मसाजको कार्यमा लागेको बताउनु एनाले म पात्रलाई आफूसँग एकरात बिताउन आग्रह गर्नु, लेखक प्रत्युत्तरहीन हुनु र एनालाई हाइटीकी यौन व्यवसायमा संलग्न नारीका रूपमा नभई स्वदेशकै रूकुमबाट भागेर आएकी ठमेल डान्सबारकी नर्तकी रूपाको प्रतिविम्बित रूपको स्मरण हुनु, लेखकले "रूपा !" भनेर चिच्याउनु, किन सिन्योर ? भनेर केही क्षणपछि "म गए है, बाइ !" भन्दै

अर्को पुरुषको अँगालोमा बेरिएर ओभ्रेल पर्नु (एना, पृ.८-१८) ।" जस्ता घटनाक्रमहरू अन्त्य भागमा आइ कथावस्तु समापन हुन्छ ।

### ३.३.२ पात्र र चरित्र चित्रण

कथामा बहुचरित्रको उपस्थिति  देखिन्छ । प्रमुख नायक म पात्र र नायिका 'एना' रहेकी छे । म पात्र र 'एना' कथाका प्रमुख पात्रहरू हुन्। घरायसी आर्थिक  गर्जो टार्न रोजगारीको रूपमा विदेशिएकी 'एना' (नेपाली नाम रूपा) कामको खोजीमा विदेश पुगेको नेपाली नारी र गाउँबाट काठमाडौंस्थित ठमेलको डिस्को, बार, क्याफेमा भेटिने नेपाली युवतीको प्रतिविम्बित हो 'एना'। 'एना'यथार्थमा हाइटी राष्ट्रकी एउटी बिपन्न बर्गकी युवती हो । कामको खोजीमा डोमिनिकनको बोकाचिका सहरमा पर्यटकको सौन्दर्य निर्माणजन्य पेसामा प्रवेश गरेर पछि मसाज पेसा  अँगाल्न पुगेकी 'एना' विदेशमा शारीरिक र मानसिक रूपमा शोषित नेपाली चेली, स्वदेशभित्रै पीडाको विवशताभित्र रूमल्लिएका नेपाली ग्रामीण युवतीहरूकै प्रतिनिधिमूलक पात्र हो ।

एनाकी साथी डाफ्ली सहायक पात्र हो । उसले एनालाई आफ्नो कार्य क्षेत्रमा आबद्ध गराई एनाको आर्थिक आम्दानी मजबुत बनाउन सहयोग गरेकी छ ।

ठेलागाडा, घुमन्ते, पर्यटक, पसले, ग्राहक, एनाको पूर्वप्रेमी , हाइसियन र डोमिनिकन पुरुष, लगायत कथाकारका स्मरणमा आएका नेपाली युवती खुमा, किडी, रूपा आदि पात्रहरूले कथामा सशक्त भूमिका निर्वाह गरेका छन् ।

यसप्रकार 'एना' कथा प्रमुख, सहायक र गौण पात्र चारित्रिक विश्लेषणका दृष्टिले सार्थक रहेको देखिन्छ ।

### ३.३.३ संवाद वा कथोपकथनन

कथामा प्रत्यक्ष विधिको संवाद वा कथोपकथन प्रयोग गरिएको पाइन्छ । कथाकारले देखेका, भोगेका घटना र दृश्यहरूलाई प्रत्यक्ष वा सोभ्रो रूपमा अभिव्यक्ति गरिएको छ । पात्रहरू चयन र तिनको प्रस्तुति पनि स्वयम् पात्रकै माध्यमबाट संवादात्मक विधिमार्फत भएको छ । यस क्रममा कथाकार र पात्र बीचको सिधैं वार्तालापलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ भने तिनै पात्रको एनाको जीवनगाथालाई थप आकर्षक, तुल्याउन कथाकारले उस्तै चरित्रको अर्को पात्रलाई उपस्थित गराएका छन् । जो नेपाली शोषित नारीको प्रतीकात्मक दृश्यमा रूपा, खुमा र किडी जिया जस्ता पात्रहरू संस्मरणीय कथोपकथनको रूपमा आएका छन् ।

कथाकारको कथाकी नायिका 'एना' सँगैको दोस्रो भेटवार्तामा भएको रोचक संवाद/कथनोपकथनका एक झलक- "एना, तिमीकहाँ थियौ ? म तिमीलाई अघिदेखि खोजिरहेको थिएँ ।"

"किन नि ? तपाईं मलाई माया गर्न थाल्नु त भएन ?" ऊ कालो अनुहारमा सेता दाँत टल्काउँदै हाँसी ।

"तिमी त साँच्चिकै बदलिइछ्यौ नि एना !" मैले उसको देहदृष्टि नियाल्दै भनें ।

### ३.३.४ देश, काल र परिस्थिति

कथाको देश, काल र परिस्थितिलाई डोमिनिकनको बोकाचिका सहरको समुद्री किनार र आसपासका क्षेत्र  परिवेश बनेर आएका छन् भने अन्य स्पेन, हाइटी, हाइसियन, फ्रान्स आदि कथानक सन्दर्भ सङ्केतका रूपमा आएका छन् । मूलतः बोकाचिका सहरकै रमणीय समुद्री क्षेत्र,आसपासका भौगोलिक दृश्यहरू, पर्यटकीय स्थलहरू, व्यापारिक स्टलहरू आदि कथाको परिवेश हुन् ।

### ३.३.५ भाषाशैली

'एना' कथामा पात्रको मनोवृत्ति अनुकूल भाषिक प्रयोग र तिनको अभिव्यक्ति कुशलताले कथाको भाषाशैली आकर्षक र प्रभावकारी बन्न पुगेको छ । कथाका घटना वर्णन प्रायः सबै आख्यान चित्रणमा सृङ्खलित भएको हुँदा कथाको केन्द्रीय दृश्य समेत सरल, सम्प्रेष्य र बोधगम्य बनेको देखिन्छ । कथानक वर्णनमा आएका विविध दृश्याङ्कनको भाषाशैलीगत प्रस्तुति निकै मनोरम रहेको पाइन्छ ।

कथाका घटना वर्णन प्रायः सबै प्रेमका आख्यान चित्रणमा सृङ्खलित भएको हुँदा कथाको केन्द्रीय दृश्य समेत सरल, सम्प्रेष्य र बोधगम्य बनेको देखिन्छ । कथानक वर्णनमा आएका विविध दृश्याङ्कनको भाषाशैलीगत प्रस्तुति निकै मनोरम रहेको पाइन्छ । कथाकारले कथानक कार्यपीठिका (समुद्री तट) को वर्णनको एक झलक -"मैले समुद्रलाई हेरें । शान्त, गम्भीर र ध्यानमग्न समुद्रबाट किनारतिर भागिरहेका ती चतुर, चञ्चल र उमङ्गपूर्ण छालहरू मानौं आमाको अँगालोबाट फुत्केर भागिरहेका स-साना बच्चाहरू हुन् - हाँस्दै - खिलखिलाउँदै आँगनको किनारतिर दौडिरहेका (एना, पृ.९) ।"

यसरी भाषाशैलीले कथालाई प्रभावपरक तुल्याएको छ ।

### ३.३.६ उद्देश्य

'एना' कथाको उद्देश्य वर्तमान विश्वजनीत आधुनिक सहरी सभ्यता, सभ्यतासँगै फस्टाउँदै गएको विकृति-विसङ्गति, बाँच्नको निम्ति र भोग विलासको निम्ति अर्थात् विविध

परिस्थितिबाट उत्पन्न खुला यौन व्यापारको उद्घाटन, आधुनिक  सहरका बार, डिस्को आदिमा हुने गरेका यौनधन्दाको ताजा प्रतिविम्ब प्रस्तुत गर्नु हो । साथै तिनको सुधार, नियन्त्रण वैकल्पिक रोजगारको सिर्जना, नारी स्वतन्त्रता र अस्मिताको रक्षा गर्नुपर्दछ भन्ने विचार प्रकट गर्नु यस कथाको उद्देश्य रहेको छ ।

## ३.४ म्युजियममा मेरो गाउँ कथाको विश्लेषण

### ३.४.१ कथावस्तु

कथाको कथावस्तु सत्रौं शताब्दीपूर्वका अमेरिकन आदिवासी जातिको प्रतिविम्बित रूप रहेको छ । त्यसको प्रतिरूप बनेर वर्तमान नेपालको कैलाली जिल्लाअन्तर्गत पर्ने लेखकको जन्म स्थल ग्रामीण विपन्न समुदायका पिछडिएका मानव समाजको यथार्थ जनजीवन आएको छ । कथाकारले नेपालको ग्रामीण यथार्थलाई अमेरिकाको सत्रौं शताब्दीका सामाजिक सांस्कृतिक सभ्यतासँगै सादृश्य गराउँदै नेपालीहरूको हालको जीवनावस्था निकै प्राचीन आदिवासी जनजीवनभन्दा माथि उठ्न नसकेको तीतो वास्तविकता यस 'म्युजियममा मेरो गाउँ' कथाको कथावस्तु संरचित छ ।

यस कथामा म्युजिमको दृश्य, सूचना, पर्यटकहरूको भिड आदि कुराहरू आएका छन् । कथाकारले गरेको संस्मरणात्मक वर्णनको आरम्भ यसरी भएको छ-"म यहाँ म्युजियम हेर्न आएको थिएँ । एक वाचाल र जीवन्त म्युजियम, जहाँ सङ्ग्रह गरिएका वस्तुहरू हिँड्डुल गर्छन्, हाँस्छन्, रुन्छन्, कुरा गर्छन् । मान्छे झैं सास फेर्छन् र सुखदुःखको अनुभूति गर्छन् । ... म्युजियमभित्रका वस्तुहरू सत्रौं शताब्दीको पूर्वार्द्धका पात्र हुन्"। कथानक विस्तारका घटना दृश्यहरू म पात्रले ती समय र वस्तुको बारेमा विभिन्न तर्क-वितर्क मनमा खेलाउनु, आश्चर्य मान्दै भित्र छिर्नु, म्युजियममा पुग्दा सत्रौं शताब्दीका सम्यता झल्काउने दृश्य र पात्रहरूका उपस्थिति देखिनु, त्यहाँ नेपालको कैलालीको एक थारूसमाजको दृश्य पाउनु, लेखक आश्चर्यचकित हुनु, आफूलाई सत्रौं शताब्दीको गाउँको एक पात्र हो वा एक्काइसौं शताब्दीको पयर्टक, ठम्याउन नसक्नु, आधुनिक नेपाली ग्रामीण जनजीवनको प्रतिच्छाया म्युजियममा पाउनु, करेसाबारी, खेती किसान, पशुपालन आदि । आफ्नो गाउँका बुढाबुढी, बा-आमा, दाजुभाइ, दिदीबहिनी तथा स-साना नानीहरूलाई त्यस सम्यताको रूपमा पाउनु, पर्यटकहरू आ-आफ्नै धुनमा रमाउनु, म्युजियमको घरभित्र एउटा पुरुष, एउटी महिला र दुईटा बच्चाको दृश्य देखिनु जुन लेखकको गाउँको देउखुर्‍यानको परिवारझैं प्रतीत हुनु, त्यसले कथाकारलाई गाउँको सम्झना ताजा गराउनु, त्यस घरका सदस्यले लेखकलाई आफ्नो परिचय माग्नु, उनले नेपाली भएको सत्यता खोल्नु, बूढी आमालाई नमस्कार गर्नु र तिनले आफूलाई चिनेको कुरा बताउनु, लेखकले आफ्नै गाउँका बूढी आमाको तस्वीर पाउनु,

कथारकाले विदा मागेर बाहिर निस्कनु, बाहिर करेसाबारीमा एउटा १४-१५ वर्ष ठिटो हातमा लट्ठी बोकेर सुँगुरका पछिपछि  आइरहनु, सँगुर खेद्न अरूलाई सहयोग गर्नु, केटाकेटी सुँगुरमा सुन्दर पाठापाठी देखेर खुसीले उफ्रँदै हिँड्नु । लेखकले गोठालोलाई प्रश्न सोध्नु, उसले आफू सत्रौं शताब्दीको बाम्पानोग जातिको एक सदस्य र सुँगुरको गोठालो भएको बताउनु, लेखकले हालको परिचय माग्नु, आफू विद्यार्थी भएको र विदाको दिन म्युजियममा काम गर्ने बताउनु, उसले आफूलाई एक्काइसौं शताब्दीको अत्याधुनिक आइपड बालकको रूपमा बताउनु, लेखकलाई आफ्नो गाउँको ताजा स्मरण आउनु र पढ्ने लेख्ने केटाकेटी बारीका गरागरै सुँगुरका पाठा चराउँदै हिँडेको प्रतिविम्ब देख्नु र साँचो कुरा बताउनु, कथाकारले गाउँका अन्य दृश्यतिर आँखा लगाउनु, स्त्रीहरू पानी भर्दै गरेका, आँगनमा कुखुरा र हाँस चरिरहेका, बाखाका पाठाहरू कराइरहेका, चुलामा गोबरका गुइँठा बलिरहेको लेखक घर अगाडि उभिएर "आमा !" अचानक चिच्याउनु, "बाबु !" भन्ने स्वर कानमा पर्नु, कथाकार/म पात्र झसङ्ग हुनु र आफ्नो आमालाई गाउँमा भएको पाउनु, "बुबा !" भनी पुनः बोलाउनु, "के छ छोरा ?" भनि प्रत्युत्तर दिनु, लेखकले धैर्य गुमाउनु र कराउनु - "ए कान्छी, ए चम्पी, ए ... ।" म पात्रलाई आफू सत्रौं शताब्दीको पात्र भएकोमा म्युजियमभित्रै कैद हुने हो कि ? भन्ने भयले सताउनु, बाहिर निस्कनु, हातगोडा शिथिल हुनु, म्युजियममा भेटेका सबै गाउँले सदस्यहरू एक्काइसौं शताब्दीका आधुनिक मान्छेका रूपमा देखिनु, ती सबै मुखामुख गर्दै हाँस्नु  र लेखकले आफूलाई सत्रौं शताब्दीको एउटा वास्तविक पात्रको रूपमा पाउनु, पर्यटकको तत्कालीन पात्र हेर्ने सोख बमोजिम आफू बन्धक बन्ने खतराबाट बाँच्न तीव्र गतिमा म्युजियमबाट भाग्नु प्रस्तुत कथाको कथावस्तु रहेको छ।

### ३.४.२ पात्र र चरित्र चित्रण

कथामा 'म' पात्रको एकालापीय संस्मरणात्मक कथन शैली, प्रथम पुरुषीय आन्तरिक दृष्टिविन्दुको समुचित उपयोग भएको छ । कथाकारले आफूले देखे भोगेका कुराहरूलाई जस्ताको त्यस्तै अभिव्यक्त गरेका छन् । जहाँ उनको आफ्नै जन्मस्थलको थारू जातीय सामाजिक जीवन शैलीको प्रतिविम्ब फेला पारेका छन् । कथामा म पात्र (लखेक), गाइड, पर्यटकहरू, दैंतान बूढा, एउटा पुरुष, एउटी महिला र दुईटा बच्चा, सुँगुर र गोठालो आदि प्रत्यक्ष संवादका क्रममा उपस्थित पात्रहरू हुन् भने संस्मरणका क्रममा तिनै पात्रहरू नेपाली ग्रामीण समाजका प्रतिनिधि बनेर आएका छन् ।

### ४.४.३ संवाद वा कथोपकथन

यस कथामा संवादात्मक कथोपकथनको प्रस्तुति रहेको छ, जसले कथालाई उद्देश्यमा पुऱ्याउन सफल भूमिका निर्वाह गरेको छ । संवाद कथोपकथनको क्रममा म्युजियममा

राखिएका निर्जीव मानव कलाकृतिलाई मानवीय आयाम प्रदान गरी जीवन्त रूपमा गरेका अन्तर पात्रीय संवाद प्रस्तुति कथामा यसरी व्यक्त भएको छ - "तिमी को हो ?" पर्यटकको भीडबाट एक जनाले प्रश्न गऱ्यो । "म बाम्पानोग जातिको एक सदस्य, सत्रौं शताब्दीको प्रारम्भको मान्छे हुँ ।" दैंतान बुढाले जवाफ दियो ।

"तिमी यो काठ खोपेर के बनाइरहेका छौं ? "म गाईवस्तुहरूलाई दाना खुवाउनका लागि डुँड बनाइरहेको छु ।" सबैजना गलल्ल हाँसे ।

"ओहो ! कस्तो अचम्म ! कति हाँस उठ्दो !" यस प्रकार कथामा पात्रहरू बीचको कलात्मक संवाद वा कथोपकथनले कथानलाई रोचक र जीवन्त तुल्याएको छ ।

### ३.४.४ देश, काल र परिस्थिति

यस कथाको परिवेश वा घटनाको कार्यपीठिका क्षेत्र अमेरिकाको म्यासाच्युसेट्स सहरमा अवस्थित म्युजियम गृह रहेको छ । यस क्रममा म पात्र अर्थात् कथाकारले गरेको म्युजियमको परिवेश चित्रण यस्तो छ - "म यहाँ म्युजियम हेर्न आएको थिएँ- एक वाचाल र जीवन्त म्युजियम, जहाँ सङ्ग्रह गरिएका वस्तुहरू हिँड्डुल गर्छन्, हाँस्छन्, रून्छन्, कुरा गर्छन् । मान्छे झैं सास फेर्छन र सुखदुःखको अनुभूति गर्छन् । टिकट काटेर म्युजियमभित्र पस्नुभन्दा पहिले गेटमा टाँगिएको एउटा जानकारीले मलाई थप आश्चर्यमा पारेको थियो - "म्युजियमभित्रका वस्तुहरू सत्रौं शताब्दीका पूर्वाद्धका पात्र हुन् । ... साँच्चै, के तिनीहरूले आफ्ना बारेमा आफैं बताउन सक्लान् र ? कस्तो आश्चर्य ! मनमनै गम्दै म म्युजियमको गेटभित्र छिरे (म्युजियममा मेरो गाउँ, पृ.१९) ।" भन्ने कथनका आधारमा कथामा सत्रौं शताब्दी पूर्व र आसपासका समय सन्दर्भको अमेरिकन संस्कृतिको बोध हुन्छ । वातावरण वा परिस्थित चित्रणका दृष्टिले म्युजियम बाहिरको स्वागत गेटको दृश्य, पर्यटकको भीड, भौतिक वातावरण आएको छ । त्यसैगरी त्यसको प्रभाव स्वरूप म पात्रको मनमा उत्पन्न विभिन्न जिज्ञासा, कल्पना, तर्क/विर्तक, कौतूहलता जस्ता अन्तर्द्वन्द्वात्मक मानसिक परिस्थिति सिर्जना भएको छ । मूलतः कथामा कथाकारले देखेको म्युजियम हालको बाह्य परिवेश र त्यसको माध्यमबाट कथाकारको मनमा उत्पन्न आन्तरिक परिवेश प्रस्तुत कथाको वातावरण चित्रणको रूपमा आएको छ ।

### ३.४.५ भाषाशैली

'म्युजियममा मेरो गाउँ' कथाको भाषामा नेपाली जनजीवनको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । उनले ग्रामीण जीवनको नजिकको नेपाली भाषाको प्रयोग यस कथामा प्रयोग गरेका छन् । कथानक वर्णनका क्रममा 'म' पात्रले गरेका संस्मरणात्मक शैलीको भाषाशैली र त्यसमा नेपाली गाउँले जनजीवनको सचित्र झल्काउने चित्रात्मक शैलीको भाषिक

शैलीगत कुशल संयोजन कथाको आकर्षण पक्ष भन्न सकिन्छ । भाषाशैलीगत विन्यासको लेखकीय अभिव्यक्ति रहेको 'म' पात्रको ग्रामीण सामाजिक जनजनीवनको यथार्थ प्रतिविम्बन गर्ने एक कथानक अंश यसरी प्रस्तुत भएको छ - "हे भगवान्, कस्तो अनौठो ! कत्ति अचम्म लाग्दो !" प्रायः पर्यटकको मुखबाट यही प्रतिक्रिया सुनिरहेको थिएँ म । के होला भित्र ! म पनि उत्सुक थिएँ । अन्ततः म भित्र छिरैं तर भित्रको दृश्य देखेर अवाक् भएँ । घरभित्र एउटा पुरुष, एउटी महिला र दुइटा बच्चा थिए । मलाई आफ्नै गाउँको देउखुर्‍यानको परिवारभ्कैं प्रतीत भयो । ती चारै प्राणी अगेनो वरिपरि काठको पिर्कामाथि बसेर आगो तापिरहेका थिए । हाफ बुसर्ट र लगौंटी लगाएको देउखुर्‍यान बूढो काँसको बटुकामा जाँड पिइरहेको थियो (पृ.२३) ।" जस्ता कथाकारको संस्मरणात्मक पूर्वदीप्ति शैलीको चित्रात्मक भाषाशैलीले पाठकलाई नेपाली कैलाली ग्रामीण थारू समाजको प्रतिविम्बन गराएको छ भने अमेरिकाको सत्रौं शताब्दीको आदिबासी जनजीवन, सामाजिक संस्कार-संस्कृति, कृषि र पशुपालन समाजको यथार्थ रूप तथा वर्तमान आधुनिक अमेरिकाको समृद्ध, सभ्य र वैज्ञानिक अत्याधुनिक विकासको छायाङ्कन प्रस्तुत गराएको छ ।

### ३.४.६ उद्देश्य

कथामा सभ्यताको खोजीमा प्रवेश गर्दै गरेका अमेरिकन आदिबासीको सत्रौं शताब्दीको इतिहास, कला, संस्कृतिको चित्रण गर्नु र आधुनिक समृद्ध अमेरिकाको कला, संस्कृति र सभ्यताको विकास यथार्थता दर्शाउनु यस कथाको उद्देश्य हो । त्यसैगरी अमेरिकन म्युजियमका निर्जीव वस्तुहरूलाई सजीव बनाई इतिहासको प्रतिविम्बन गर्नु अनि त्यसैमा आधुनिक विकासको गतिमा बामे सर्दै गरेको नेपाल र अभ्कै पनि शिक्षा, सभ्यता र संस्कृतिबाट माथि उठ्न नसकेको ग्रामीण पहाडी दुर्गम जिल्लाहरू मध्ये लेखकीय जन्मस्थल कैलालीको थारू समाजको हालको अविकसित, विपन्न वर्गीय, सामाजिक जनजीवनको यथार्थताको सत्योद्घाटन गर्नु हो । अतः 'म्युजियममा मेरो गाउँ' कथाको उद्देश्य नेपाली समाकजो वास्तविकता चित्रण गर्नु, अमेरिकाको आदिबासी सभ्यताकालीन सत्रौं शताब्दीको इतिहास र मानव जीवनको यथार्थ खोतल्नु, आधुनिक विकसित अमेरिकाको स्थिति दर्साउनु तथा नेपाली समाज अभ्कै पनि अमेरिकन सत्रौं शताब्दीको सभ्यतामा गुज्रिरहेको सत्यता प्रकाश पार्दै नेपाललाई आधुनिक समृद्ध र वैज्ञानिक अमेरिका बनाउनुपर्छ भन्ने विचार व्यक्त गर्नु नै प्रस्तुत कथाको मूल उद्देश्य हो ।

### ३.५ एबोरिजनल केटा

#### ३.५.१ कथावस्तु

कथाको कथावस्तु अस्ट्रेलियन आदिबासी समाजको प्रतिनिधित्व गर्ने एक निग्रो युवक एबोरिजनलले आफ्नो जातिप्रति गोराहरूले गरेका सामन्ती संस्कारको प्रतिविम्ब चित्रण गर्ने क्रमबाट विस्तारित छ । काला जातिका अस्ट्रेलियन मानव समाजप्रति गोरा जातिले गरेका दमन शोषणको सत्योद्घाटन गर्दै इतिहास प्रसिद्ध घटनालाई यस कथाको कथानक वा कथावस्तुको रूपमा चित्रण गरिएको छ ।

अस्ट्रेलियन आदिबासी जातिको एबोरिजनल केटोले आफ्नो पुर्खाहरूलाई अमेरिकन गोराहरूले दास बनाएर आफ्नो मौलिक अधिकार कुण्ठित गराएको र अहिलेसम्म पनि गोराकै सत्ता नायक शासनमा चल्नु परेको तितो यथार्थलाई कथानक वर्णनमा यसरी व्यक्त गरिएको छ - “म तेरो रगत पिउँछु ।” बसको पछाडिपट्टी सिटमा एउटा १६-१७ वर्षको अस्ट्रेलियन आदिबासी केटो आफू अगाडि बसेको केटालाई हातले इसारा गर्दै गाली गरिरहेको थियो । “मलाई हेरेर हाँस्ने तँ ? म लङ्गुर हुँ ?” एबोरिजनल केटो औंलो ठड्याउँदै जोडजोडले कराउँदै थियो (एबोरिजनल केटो, पृ.३१) ।” सम्म कथावस्तुको आदि भाग हो र त्यसपछि कथानक विकासका रूपमा गोरो केटो होस हराए झैँ चुपचाप रहनु, त्यस अस्ट्रेलियनको गोरो अनुहार नीलो कालो हुनु, उसले पीडाको महसुस गर्नु, कालो केटाले चर्किंदै गाली गर्दै जानु, नारी सुर्कनु, गोरो केटो भयभीत हुनु, एबोरिजनल कालो केटा बम्कनु - “तेरा बाबु बराजुले मेरो पुर्खालाई दास बनाएर राखे जस्तो तैंले पनि मलाई कजाएर राख्छु भन्ने ठानेको होलास् । म तँलाई घोडा बनाएर चढ्छु, बुझिस्” (पृ.३२) । बसभित्रका यात्रु डराउनु र उनीहरूमा अनिष्टको सङ्केत र जिज्ञासा पैदा हुनु, गोरो केटो प्रत्युत्तरहीन हुनु, ड्राइभर आफ्नै सुरमा गफ हाँकिरहनु, निग्रो केटाले आफूलाई अष्ट्रेलियन आदिबासीको सन्तान भएको बताउनु, बसभत्रिका यात्रुहरूले उसलाई हेर्न थाल्नु र उसप्रति विभिन्न शङ्का, उपशङ्का सिर्जना हुनु, उसले बुमऱ्याङ मेरा पुर्खाहरूको खास हतियार भएको दर्शाउनु, यो कुरा सुनी सबै आतङ्कित देखिनु, निग्रो युवक झन् हौसिनु, यात्रुहरूलाई उसको कुरा बुझ्न कठिन हुनु, उसलाई देखेर यात्रुहरू हाँस्नु, बस रोकिएपछि युवक पनि ओर्लिएर कराउँदै ढोका बाहिर निस्कनु, सडक पेटीमा एबोरिजनल केटाका साथीहरू होहल्ला गर्दै उभिरहनु, तिनीहरू गोरो युवकतिर हेरेर हाँस्नु, गोरो युवक - “यो डुराल कहिल्यै नसुध्रिने भो ... ।” भन्दै बल्ल बोल्नु, यात्रुहरूले सन्तोषको सास फेर्नु, ह्याट लगाएको एक बुज्रकले एबोरिजनलहरूको सामाजिक विकृतिमुलक क्रियाकलापको चित्रण गर्नु, बसभित्रका गोरा अस्ट्रेलियनहरूले एबोरिजनल केटाको वंशजलाई नै गाली गर्न थाल्नु, गोरो युवक चुपचाप रहनु, डुराल (एबोरिजनल केटो) ले सत्यताको उद्घाटन गरेको त्यस गोरो युवकले

बोध गर्नु, एक बुज्रुक बूढोले काले युवकलाई जेल हाल्नु पर्ने कुरा गर्नु, त्यसको प्रतिवाद गर्दै गोरो युवक (ब्रुनो) ले निग्रो युवकलाई यस्तो बनाउनेलाई थुन्नु पर्ने कुरा गर्नु तिमी नै यस्तो भन्दै छौं भनी एउटा नौजवानले आश्चर्यभाव व्यक्त गर्नु, गोरो युवकले त्यसको रहस्य खोली दिनु - "उसलाई जब गोराहरूलाई गाली गर्न मन लाग्छ तब उसले गाली गरे जस्तो अभिनय गर्दै आफ्नो कार्य पूरा गर्छ, वास्तवमा ऊ अत्यन्त भलादमी र सोझो केटो हो ।" "वास्तवमा यी एबोरिजनहरूलाई गोराहरूले नै सुकुम्बासी बनाएका होइनन् ? भनी ब्रुनो ( गोरो युवक) ले प्रतिप्रश्न गर्नु, अर्को बस स्टपमा यात्रु ओलर्नु र चढ्नु साथै एक एबोरिजनल युवती "हाई ब्रनो... भन्दै बसमा चढ्नु सम्मका घटना वर्णन यस कथाको कथावस्तु हो ।

### ३.५.२ पात्र र चरित्र चित्रण

कथाको प्रमुख पात्र (निग्रो युवक) सम्पूर्ण अस्ट्रेलियन आदिबासीको प्रतिनिधिमूलक पात्र हो । ऊ गोरा अस्ट्रेलियनबाट दमित, शोषित एवं दासत्व स्वीकार्न विवश काला जातिको युवक हो । उसले आफ्नै सहपाठी मित्र ब्रुनो अर्थात् गोरा युवकलाई तथानाम गाली गरेको बहानामा गोरा अस्ट्रेलियन जातिले काला अस्ट्रेलियनमाथि गरेका अन्याय, अत्याचार, शोषण र घरबारहीन परिस्थितिको घोर भर्त्सना गरेको छ । यसरी कथानक वर्णन गर्ने पात्र तत्कालीन शोषित आदिबासीको भावना वकालत गर्ने पात्र हो भने वर्तमान युगमा आएर तिनै गोरा जातिबाट अधिकार खोसिएको, घर जग्गा नभएको सुकुम्बासी, वेरोजगारी अस्ट्रेलियन काला जातिको साझा प्रतिनिधिमूलक पात्र हो जसबाट अष्ट्रेलियाको ऐतिहासिक यथार्थ र वर्तमान स्थितिको सचित्र टड्कारो खिचिएको छ । जसबाट विगत र वर्तमान अस्ट्रेलियन जातीय, वर्गीय संस्कृतिको सत्योद्घाटन हुनु पुगेको छ ।

### ३.५.३ संवाद वा कथोपकथन

प्रस्तुत कथामा एकालापीय प्रस्तुती छ । त्यसैले कथामा संवादभन्दा पनि एकालाप ज्यादै सशक्त रूपमा आएको छ । एबोरिजन केटो सँगै बसेको गोरो युवकलाई सङ्केत गर्दै गोरा जातिका सामन्तवादी प्रवृत्तिको वकालत गर्न र उसलाई तथानाम गाली गर्दा युवक चुपचाप सहनु जस्ता घटना दृश्यहरू नाटकीय विधिअनुरूपको कथोपकथन मान्न सकिन्छ । साथीलाई गाली गलौज गरेको बाहनमा गोराहरूले काला अस्ट्रेलियन आदिबासीमाथि जमाएको आधिपत्य, शोषण, दमन तथा मौलिक अधिकार कुण्ठित गर्नु अनि उनीहरूका घरजग्गा अतिक्रमण गरी सुकुम्बासी नागरिक तुल्याउनु जस्ता कुकृत्यहरूको नजानिँदो तवरले भण्डाफोर गर्नु कथाको अभिव्यक्ति बनेर आएको छ । नाटकीय, रहस्यमय एवम् व्यङ्ग्यात्मक प्रस्तुतीकरणबाट कौतूहलपूर्ण, रूपमा प्रस्तुत कथाको संवादको नमूना यसरी प्रस्तुत गरिएको छ - "तेरा बाबु बराजुले मेरा पुरखालाई दास बनाएर राखे जस्तो तैंले पनि

मलाई कँजाएर राख्छु भन्ने ठानेको होलास । म तँलाई घोडा बनाएर चड्छु बुझिस् ?" एबोरिजनल केटो बक्यो (पृ.३२) व्यक्त हुन पुगेको छ ।

### ३.५.४ देश, काल र परिस्थिति

प्रस्तुत परिवेश अष्ट्रेलिया देशको सहरी क्षेत्र रहेको छ । आधुनिक विज्ञान प्रविधिले भरिपूर्ण भौतिक वातावरण तथा त्यसले जनजीवनमा पारेको प्रभावको परिवेशलाई यस कथाको देश, काल र परिस्थितिको रूपमा चित्रण गरिएको छ । बाह्य वातावरणका रूपमा आधुनिक आकर्षक सहरी दृश्यहरूका साथै भौगोलिक परिवेश कथामा आएको छ । गोरा जाति र काला जातिका अस्ट्रेलियन बासिन्दाहरू बीचको मानसिक द्वन्द्वलाई मूलतः कथामा आन्तरिक परिवेश वा परिस्थितिको रूपमा उपस्थित गरिएको छ । नयाँ मुलुकको खोजीमा अष्ट्रेलिया प्रदेश गरी अमेरिकन गोराहरूले काला जातिका अस्ट्रेलियन आदिवासीलाई दमन गरी उनीहरूमाथि गरेका शोषण, अन्याय, दमन र मौलिक अधिकार हनन गराई दीनहीन, विपन्न र सुकुम्बासी  बन्न विवश आदिवासी जातिको कारूणिक यथार्थको चित्रण गरिएको छ । गोरा जातिका काला कर्तुतको पर्दाफास गरिएको छ जसका कारण आफ्ना पुर्खाको कुकृत्यमा बोल्ने साहस कुनै अस्ट्रेलियन गोरा यात्रुहरूमा पाइँदैन ।

### ३.५.५ भाषाशैली

कथाको भाषाशैली चेतनप्रवाह शैलीले युक्त छ । विविध स्रोतका भाषिक उपयोग, सरल र सङ्क्षिप्त वाक्यहरू पद-पदावलीको उचित संयोजन यस कथामा पाइन्छ । कथानक प्रस्तुतकर्ता एबोरिजनल केटो आफैँमा प्रतीकात्मक पात्र हो । ऊ समग्र काला अस्ट्रेलियनको प्रतिनिधि चरित्र हो । जसका कारण उसले कथानक अभिव्यक्तिमा प्रतीकात्मक भाषाशैली प्रयोग गरेको छ । आफ्ना पुर्खालाई गोराहरूले गरेका अन्याय विरुद्ध बोलिएका शब्दहरू, भाषाहरू र अभिव्यक्तिहरू घुमाउरो र व्यङ्ग्यधर्मी प्रकृतिको पाइन्छ । यद्यपि त्यस सम्बन्धी रहस्य सम्बद्ध पात्रबाट मात्र थाहा हुनुबाट कथामा व्यक्त  भाषिक शैली अँगालिएको स्पष्ट हुन्छ ।

जँड्याहा, पागल वा बिग्रिएको युवा पात्रको अभिनयस्वरूप सम्पूर्ण गोराको सामन्ती चरित्र प्रकाश पार्नु र काला जातिको यथार्थ चित्रण गर्नुमा प्रतीकात्मक भाषिक शैलीको प्रयोग मान्न सकिन्छ ।

### ३.५.६ उद्देश्य

कथानकको मूल विचार वा केन्द्रीय भावलाई पाठक सामु कलात्मक र प्रभावकारी रूपबाट सम्प्रेषण गर्नु कुनै पनि कथाको उद्देश्य मानिन्छ । कथयिता (ऊ पात्र) ले नाटकीय अर्थात् अभिनयात्मक कथन पद्धतिमार्फत् गरेको यस कथाको उद्देश्य मूलतः अष्ट्रेलियन

काला आदिबासी र आगन्तुक गोरो जाति बीचको भिन्नता र यथार्थता दर्शाउनु नै हो । यस क्रममा गोरा जातिले काला जातिमाथि गरेको अन्याय, अत्याचारको भण्डाफोर गर्नु र उनीहरूको बदनियत छर्लङ्ग पार्नु हो भने शोषित, पीडित, वेरोजगार, विपन्न, सुकुम्बासी आदिबासी जातिको वर्तमान विवशता प्रकाश पार्नु यस कथाको अर्को उद्देश्य हो । समष्टिमा न्याय र अन्यायको सत्योद्घाटन गर्नुका साथै शोषित निग्रो जातिहरूले गोरासरह आफ्नो मौलिक हक अधिकार प्राप्त गर्न पाउनुपर्छ भन्ने चेतनाको सन्देश प्रदान गर्नु 'एबोरिजनल केटो' कथाको प्रमुख उद्देश्य रहेको छ ।

## ३.६ लभ लक

### ३.६.१ कथावस्तु

'लभ लक' कथाको विषयवस्तु प्रेमभाव अर्थात् जीवन्त प्रेमसँग सम्बन्धित छ ।प्रेमिका एलिनाले पूर्व प्रेमी डिनो र दोस्रो प्रेमी रक्कोसँगको प्रगाढ प्रेम सम्बन्धपछि सँगै जुनी जुनी जिउने वाचा कसम खाई रोमियो र जुलियटको शालिकमा गई प्रेमका अमर जोडीका नाम लेखाएको, कहिल्यै नछुट्ने विश्वास साथ जुलियटको सालिक बाहिर ताल्चा लगाएको तर विडम्बना ! प्रेमको आगमनमा सधैंका लागि ताल्चा लागेको र एलिनाको प्रेमीहीन जीवनमा सच्चा र आदर्श प्रेम गरिरहने प्रेमीको अपेक्षा भावस्वरूप यस कथाको कथानक संरचना निर्माण हुन पुगेको छ । प्रेम अजर छ, अमर छ, यो निश्छल र निर्भय रूपमा स्वतन्त्र हिँड्न चाहन्छ । प्रेममा निःस्वार्थता, त्याग र समर्पणको भावना हुनु जरूरी छ । स्वार्थ र कामुक प्रेमले पवित्र प्रेमलाई दाग लगाई दिन्छ, अमिट दाग जुन कुनै पनि रूपबाट कहिल्यै मेटिँदैन । फलतः सच्चा प्रेमले सदैव निश्छल प्रेमको चाहना गर्दछ । अनि यसको अतृप्तिमा जीवन बेचैन र अन्योलपूर्ण बन्दछ भन्ने भावपूर्ण कथा कथावस्तु बनेर आएको छ ।आत्मीय प्रेमको ढोका सदैव खुला रहने छ भन्ने वाचा कसम खाएका प्रेमजोडी सदाका लागि प्रेमको द्वार बन्द गर्न विवश रहेको प्रतीकात्मक 'लभ लक' कथानक वा कथावस्तुको आदि भागमा प्रेमको बीजाङ्कुरण, मध्य भागमा घटना विस्तार, विकास, प्रेमकै विद्रोहको सुखद दुःखद क्षणको प्रस्तुतीकरण तथा अन्त्य खण्डमा प्रेमको पुनः प्राप्तिको अपेक्षा भावको आदि, मध्य र अन्त्य घटना श्रृङ्खला वर्णनको कथावस्तु रहेको छ ।

### ३.६.२ पात्र तथा चरित्र चित्रण

कथामा प्रमुख, सहायक र गौण पात्रहरूको भूमिका रहेको छ । यस क्रममा आएका पात्रहरूमा डिनो र रक्को दुई पुरुष पात्र अर्थात् नायकका रूपमा उपस्थित छन् भने एलिना नायिका वा दुई प्रेमीको प्रेमिकाको चारित्रिक भूमिकामा देखा परेकी छ । ऊ कथाकी मूल पात्र वा कथयिता हो ।

यसप्रकार उक्त कथामा आएकी एलिना नायिका पात्र हो भने उसका प्रेमी पुरुष पात्र, सहायक पात्र प्रतिकुल र वैयक्तिक जीवन चेतना बोकेका पात्र हुन् । उनीहरूले भोको प्रेमको सिकारको रूपमा एलिनाको रूप यौवनलाई भोग गरी आफ्नो यौन तृप्ति मेटाएका छन् । त्यसैगरी गौण पात्रका दृष्टिले हेर्दा कथानक वर्णनमा आएका एलिनाका साथीहरू, जुलियटको घरमा आएका प्रेमजोडीहरू तथा शालिकमा अमर प्रेमको कसम खाने युवायुवतीहरू लगायत कथानक अन्त्यमा नायिकाको पक्षमा वकालत गर्ने एउटी बूढी आइमाई आदि रहेका छन् । ती सबै सत् र आदर्श चरित्र भएका पात्रहरू हुन् । यसरी कथामा विविध पात्र तथा चरित्रचित्रण गरिएका छन् ।

### ३.६.३ संवाद तथा कथोपकथन

'लभ लक' कथामा संवादको प्रयोग कथालाई विकसित गर्ने तथा भावात्मकता उत्पन्न गराउने गरी भएको छ ।  कला कथानक प्रारम्भमा प्रेमी डिनो र प्रेमिका एलिनाको वार्तालाप आकर्षण मिलन जस्ता भावजनित कथोपकथन देखिन्छ । यसैगरी मध्य भागमा दोस्रो प्रेमी रक्कोसँगको नवयौवनमय प्रेम भावयुक्त संवाद तथा अन्त्यमा दुवै प्रेमीबाट विछोडिएको संस्मरणात्मक शैलीको प्रेम विह्वल कथनले कथानको घटना वर्णनमा कौतूहलता प्रदान गरेको छ भने कहीँ दया र सहानुभूति तथा कारूणिकता समेत सिर्जना गरेको छ । एलिनाले रक्कोसँग नयाँ प्रेम सम्बन्ध गरेपछि जुलियटको सालिक स्थलमा गई मुटुको चित्रभित्र प्रेमजोडीका नामाङ्कित गर्दै हर्ष र खुसीका भाव प्रकट गर्ने सन्दर्भबाट व्यक्त एक नमुना अंश कथामा यसरी चित्रण गरिएको  छ

"आई लभ यु डियर !"

"आई लभ यु रक्को !" एलिनाले रक्कोको गालामा म्वाइँ खाई । एलिनाले जुलियटको शालिक र शालिक पछाडि असङ्ख्य ताल्चाहरू भ्रुण्डिएको फलामे बार हेर्दै मनमनै 'लभ लक' सफलताको कामना गरी (पृ.४४) ।" यसरी कथानक वर्णनमा नायक-नायिकाको संवादात्मक कथोपकथनको रोचक प्रस्तुति पाइन्छ ।

### ३.६.४ देश, काल र परिस्थिति

प्रस्तुत कथाको परिवेश इटलीको रमणीय र सभ्यता सहरी स्थान आएको छ । इटलीको प्राकृतिक-भौगोलिक रमणीय वातावरणसँगै ज्ञान, विज्ञान, कला र सभ्यताले ओतप्रोत भएको सम्यताको केन्द्र स्थल जहाँ पवित्र प्रेम जोडीले एकैपासो लगाई प्रेमको अमर र जीवन्त कसम खाएर आफ्ना सुन्दर जीवन गुमाइएका नवयौवन रोमियो जुलियटको सालिकको रमणीय बाह्य भौतिक परिवेश आएको छ । जुन आधुनिक कलाको निकै सुन्दर आकर्षक छ भने सहरको झिलीमिली, प्रेमजोडीका विविध दृश्यहरू, सुन्दर बगैंचा रहेका

छन् । जहाँ एलिना र डिनोका प्रेममय वातावरण अनि एलिना र रक्कोको नव यौवना जोडिएको पुनः प्रेम सम्बन्धकोसुनौलो संसारको आकर्षक दृश्य/परिस्थिति कथाको बाह्य परिवेश बनेर आएको छ । जसले कथानकलाई थप आकर्षण प्रदान गरेको छ । त्यसैगरी आन्तरिक परिवेशको चित्रण पनि कथामा कम मार्मिक छैन । प्रेमको स्वप्निल तरङ्गबाट पाएको चरम सन्तुष्टि, हर्ष र खुसीको पुलकित मनोवस्था रहेको छ भने पछि दुवै प्रेमीसँगको विछोडबाट, निराश, दयनीय र कारूणिक एलिनाको मानसिक परिवेश आन्तरिक परिवेश बनेर आएको छ ।

### ३.६.५ भाषाशैली

प्रस्तुत कथामा नेपाली, अङ्ग्रेजी, स्पेनिस, फेन्च, इटलियन आदि भाषाका शब्दको प्रयोग पाइन्छ । लभ लक, भेरोना, जुलिएट, थ्याङ्गस आदि शब्दहरुको प्रयोगले भाषा शैली रोचक बन्न पुगेको छ । नायिका एलिनाले आफ्ना दुवै प्रेमीसँग विछोड भएपछि व्याग्र र कारूणिक भावजन्य अभिव्यक्ति सन्दर्भमा आएको एकालापीय कथनपूर्ण भाषाशैली यस्तो छ - "उसले पनि मलाई धोका दियो । मेरो पुकार सुनिन् जुलियटले ! एलिनाको अनुहार उदास भयो । आफ्नो पूर्व स्मृतिले उसलाई उद्विग्न र बेचैन बनाइरहेको थियो । पहिले डिनो र पछि रक्कोले प्रेममा दिएको धोकाले एलिनालाई 'प्रेम' शब्दप्रति नै वितृष्णा जगाइसकेको थियो । ऊ आफूलाई दुःखी ठानिरहेकी थिई (पृ.४४-४५) ।" जस्ता कथाकारले एलिनाप्रति गरेको सहानुभूति र कारूणिक अभिव्यक्तिमा चित्रात्मक भाषिक शैलीको कुशल संयोजन हुन पुगेको छ ।

### ३.६.६ उद्देश्य

कथा मूलतः प्रेमको मूल्य, महत्व र भावमा केन्द्रित रहेको छ । प्रेम स्वाभाविक, नैसर्गिक प्रक्रिया हो जुन मानव जीवनमा अपरिहार्य छ । प्रेमविनाको जीवन निरर्थक हुन्छ, पवित्र, निश्छल र त्यागपूर्ण प्रेमले मानव जीवनलाई सुन्दर र सार्थक तुल्याउँछ । धोका, विछोड, स्वार्थ, घृणा, द्वेष, ईर्ष्या र घमन्डले प्रेममा, मिलनमा र सुखद दाम्पत्य जीवनमा विचलन ल्याउँछ । प्रेम सच्चा र आदर्श मनले गर्न सक्नुपर्छ । नारीहरू प्रेममा दिलैदेखि समर्पित हुन्छन् तर पुरुषमा शारीरिक समर्पणको आधिक्य रहन्छ । तसर्थ नारी र पुरुष दुवैमा निस्वार्थ, त्यागपूर्ण, आत्मीय, पवित्र समभाव र समर्पणले मात्र प्रेमको मूल्य र गरिमालाई बचाइराख्दछ भन्ने भाव सम्प्रेषण गर्नु प्रस्तुत 'लभ लक' कथाको उद्देश्य रहेको छ ।

### ३.७ ए ब्लँ !

### ३.७.१ कथावस्तु

कथाको कथावस्तु युरोपेली मूलको गोरा जातिको एक पात्रबाट लिइएको छ । वास्तविक नाम नखुलेको त्यस व्यक्तिलाई सम्बोधन गरिने उपनाम ‘ब्लँ हो ।

हाइटीको एक सहरी क्षेत्रमा कामको सिलसिलामा युरोपबाट एक गोरा व्यक्ति आएको छ । ऊ आधा शरीर ढाक्ने कपडा लगाएर प्रत्येक दिन घाममा बसेर सूर्यको ताप लिइरहेको हुन्छ । उसलाई देखेर धेरै व्यक्तिहरूमा मोह, ईर्ष्या र छटपटी हुन्छ अर्थात् गोराको सुडौला रूपरङ्ग देखेर सबैलाई त्यस्तै हुने चाहना हुन्छ अनि ऊ जस्तै सुखी र आनन्दित पनि । यसै सिलसिलामा क्यारेबियन मूलको काला जातिको एक हाइटी बासिन्दा प्रेद्रोले गोराप्रति विशेष झुकाव राख्दछ । अनि उसको सौन्दर्य लुकीछिपी हेर्दा उसलाई विविध उपनामले गिज्याउँछ तर आमाले उसलाई आदर सम्मान गर्नुपर्ने कुरा सिकाउँछिन् जसले गर्दा भोलि सानोतिनो जागिर लगाई दिन्छ भन्ने विश्वास दिलाउँछिन् । यस क्रममा पेद्रो अझ विशेष झुकाव राख्छ र दुवै एक अर्कामा हेराहेर गर्छन्। पेद्रोलाई गोरा हुनुमा ठुलो इच्छा छ, सौख छ तर विडम्बना ! ऊ काला जातिमा जन्मिएको छ । आमालाई “हामी किन गोरा नभएको! के म पनि‘बलँ’ माइलक ज्याक्सन जस्तै गोरो बन्न सक्तिन ? भनी तर्क गर्दछ । आमाले उसका पुर्खाहरूलाई गोराहरूले अफ्रिकाबाट किनेर ल्याई दास बनाएको र काला जातिमै विवाह सम्बन्ध गराई वंशज नै कालो बन्न पुगेको यथार्थता प्रकट गर्दछिन् ।

पेद्रो कल्पनाको सुखद संसारमा रमाउन पुग्छ । कुनै गोरी युवतीसँग विहे गरेर घरजम गर्ने सन्तान जन्माउने, अमेरिका जाने र पछि स्वदेशमै फर्की सुखपूर्ण जीवन बिताउने । ऊ यथार्थमा गोरा बन्न नसके पनि कल्पनामा गोरा जस्तै बनेर आह्लादित र प्रफुल्लित बन्छ अनि घाम तापिरहेको गोरालाई हेर्न पुग्छ । मानिया पनि गोरालाई विशेष रूपमा नियाल्न थाल्छे । अब पेद्रोलाई लाग्छ यो सबै दु:खको कारण यही गोरा हो । ऊ ‘ब्लँ’ ! बलँ ! भन्दै चिच्याउन थाल्छ । उसका साथी पनि चिच्याउँछन् । एउटाले गोरालाई हाइटीबाट खेद्नुपर्छ भनी बोल्यो । अरूले स्वर थपे । मानियाले गोराप्रति एकोहोरो लामो दृष्टि दिइरहेको देखेर उसलाई डाहा र छट्पटी भइरह्यो । उसले फेरि कल्पना गऱ्यो - “यदि म गोरा भएको भए सायद मानिया अहिले मेरो अँगालोमा आइसकेकी हुन्थी । उसलाई फेरि गोरा बन्ने भावनाले पछ्यायो । माइकल ज्याक्सन प्रेमकै कारण गोरो भएको त होइन ? भन्ने तर्क/वितर्क, गर्न थाल्यो । गोरा, माइकल ज्याक्सन, मानिया र आफ्नो वरिपरि नै उसको दिमाग घुमिरहन्छ । अगुस्टोले गोराले हाम्रो सुँगुर खाएर मोटाएको जस्तो देखिन्छ भनेपछि सबै ‘ए ब्लँ’ गाली गर्छन् र कथावस्तुको अन्त्य हुन्छ ।

### ३.७.२ पात्र वा चरित्र चित्रण

अल्पसङ्ख्यक पात्रको उपस्थिति रहेको कथाको मूल पात्र नायक 'ब्लँ' (गोरा) हो । उसकै केन्द्रीयतामा कथाले सार्थकता पाएको छ । पेद्रो कथाको सहायक पात्र  हो । कथामा विशेष कार्य भूमिका बहन गर्ने पात्रहरू - ब्लँ, पेद्रो र मानिया तथा आमाको चरित्र चित्रण गर्नु उचित ठहर्छ । यसअनुरूप हेर्दा 'ब्लँ' (गोरा) प्रमुख पुरुष अनुकूल पात्र हो र उसकै केन्द्रियतामा सम्पूर्ण कथानक घटना संरचित छ । त्यसैगरी पेद्रो कथाको कथयिता पात्र हो । उसले देखेको सम्पूर्ण घटना प्रकृतिलाई विभिन्न मानसिक तहबाट विश्लेषण गरेको छ । प्रारम्भमा गोराप्रति आकर्षित पेद्रोपछि उसलाई घृणा गर्न थाल्छ । यसरी ऊ पुरुष, सहायक प्रतिकूल पात्र हो । उसकी आमा स्त्री, सत् पात्र हुन् जसले पेद्रो (सहायक पात्र) लाई सहयोग गरेकी छन् । त्यसैगरी मानिया कथाकी नायिका हो उसको भूमिका गौण रूपमा रहेको देखिए पनि उसले कथाको सारविम्ब खिचेकी छ ।

### ३.७.३ संवाद वा कथोपकथन

कथामा संवाद वा कथोपकथन ऊ पात्रले आमासँग गरेका कुराकानी, वार्तालाप, तर्क, टिप्पणी, जिज्ञासा आदि सो´ ो अर्थले अभिव्यक्त भएको छ । गोराको सुडौला शरीर र सेता छालाको केन्द्रीय पाटो नै पात्रहरूको कथनको आकर्षण बनेको छ । यसरी नै समाख्याताका मनमा अनेक कौतूहल, जिज्ञासा जस्ता भावहरूको प्रकटीकरणका सन्दर्भमा उसले एकालापीय संस्मरणात्मक कथनशैलीको अवलम्बन गरेको छ ।

यसरी कथाको संवाद प्रस्तुतिमा ऊ पात्रको बालसुलभ, निश्च्छल, सहज र स्वाभाविक जिज्ञासामूलक प्रश्नोत्तर शैलीको कथोपकथन रोचक र प्रभावकारी रूपमा चित्रण हुन पुगेको छ ।

### ३.७.४ देश, काल, परिस्थिति

कथाको परिवेश वा घटना  वर्णनको पृष्ठभूमि अरेबियन मुलुकभित्र पर्ने हाइटी देश र त्यसको राजधानी सहर 'पोर्ट ओ प्रिन्स' का साथै अफ्रिका, युरोप र अमेरिकाको आएको छ । समय वा कालखण्डको स्पष्ट किटान नभएको सत्रौं/अठारौं शताब्दीतिरको समयमा गोराहरूले कालाहरूलाई दास बनाएर राखेका अफ्रिकन आदिबासीको वंशजको तीतो अनुभवजन्य मानसिक परिवेश र हालको हाइटी अफ्रिकन/निग्रो जातिको यथार्थ धरातलमा आधारित युग र परिस्थिति विशेषलाई कथाको परिवेशको रूपमा चयन गरिएको छ ।

### ३.७.५ भाषाशैली

प्रस्तुत कथामा गद्य भाषाको उपयोग गरिएको छ । अङ्ग्रेजी तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरुको प्रयोग भएको छ । सन्डे कौसी, भव्य, फ्रेन्च, बेलायती, खितखित खितखित, आदि शब्दहरु उदाहरण स्वरुप प्रस्तुत गर्न सकिन्छ ।

### ३.७.६ उद्देश्य

कथाकारले मानव जातिको वर्णगत भिन्नता र त्यसले सिर्जना गरेका आजको वास्तविकता र त्यसले पारेको मानसिक प्रभाव चित्रण गर्ने क्रममा यस कथाको उद्देश्य अभिव्यक्त हुन आएको छ । गोरो वस्तु सबैको प्रिय हुन्छ, त्यसभित्रका अवगुणहरू बाह्य सुन्दर छालाले छोपिन्छ । तर काला व्यक्तिका भित्री सुन्दरता पनि बाहिरी कालो छालाबाट छेकिन्छ भन्ने प्रतीकात्मक अर्थ व्यक्त गर्नु कथाको उद्देश्य देखिन्छ । यसरी कथाको ऊ पात्रले आफू कालो भएकै कारण प्रेमिकाले आफूलाई नहेरेको विडम्बना ! चित्रण गर्दै आजको समाज बाह्य सौन्दर्यमा रम्न पुगेको छ तर सुन्दरता भन्ने कुरा मानिसको भित्री हृदयमा हुन्छ, शरीर त सुन्दरता ढाक्ने आवरण मात्र हो भन्ने चेतनामूलक सन्देश प्रदान गर्नु नै प्रस्तुत 'ब्लँ' कथाको मूलभूत उद्देश्य हो । यसरी बाह्य सौन्दर्यले मानिसलाई विचलित तुल्याउँछ, भित्रि सौन्दर्य व्यक्तिको गहना हो जसले व्यक्तिलाई सुखी र आनन्दित तुल्याई सबैलाई शोभा प्रदान गर्दछ भन्ने भाव कथामा अभिव्यक्त हुन पुगेको छ ।

## ३.८ 'कन्ट्रायाक्ट'

### ३.८.१ कथावस्तु

अमेरिकामा स्थायी भिसा प्राप्त गर्नको निम्ति विवाहको सम्झौतामा आफ्नो रूप र यौवन अमेरिकन हब्सीलाई सुम्पिन पुगेकी शारीरिक र मानसिक पीडाको सिकार बन्न विवश नेपाली चेलीको कारूणिक र दयनीय कथा व्यथा नै यस 'कन्ट्रयाक्ट' कथाको कथानक विषयवस्तु हो ।

कथाको ऊ पात्र (नेपाली युवती) बाल्टिमोर सहरको एक रेस्टुराँमा दिनभर काम गरी साँझ लखतरान शरीर लिएर कोठामा आई खाना बनाउँछे । र आफ्नो सम्झौतारूपी पति रिचर्डलाई बेलुकी खाना कुरेर बस्छे । लामो समयसम्म पति नआएपछि एक्लै बस्न पट्यार लागेकोले टी.भी.मा नेपाली च्यानल खोलेर हेर्छे । उसको शरीरको थकान केही हल्का हुन्छ । तर मनमा भने भारी पीडा नै रहन्छ । घरबाट (काठमाडौं) आमाबाबुको फोन आउँछ । मनमा पीडा सँगाल्दै मुखले खुसी भाव व्यक्त गरी फोन राखिदिन्छे । तत्कालै कोठाको घण्टी बज्छ । बाहिर रिचर्ड रक्सीले मातेर कराउँदै आएको हुन्छ । अनि सोफामा बस्दै आफ्ना जुत्ता मोजा खोल्न आदेश दिन्छ । उसले आज्ञा पालना गर्छे । फेरि ह्विस्की तयार गर्न भन्छ,

सोहीअनुसार गर्छे । रात बित्छ, विहान सबेरै उठी रिचर्डको लागि ब्रेकफास्ट र लन्च तयार गरी ऊ काममा निस्कन्छे । त्यस दिन रिचर्डलाई रेस्लिङ्ग हेर्न जाने इच्छा हुन्छ जसको निम्ति अघिल्लो रात रिचर्डको मागअनुसार तिन सयम डलर सिरानीमा छोडी दिन्छे । उसको साथमा ज्याक पनि सँगै आउने भएकोले ऊ (युवती) बेलुकी केही चाँडो विदा लिएर घर आई सम्पूर्ण खानपिनको व्यवस्था मिलाउँछे । रिचर्ड र ज्याकसँगै आउँछन् । सदा झैं ह्विस्की र स्न्याक्स सर्भ गर्छे अनि रिचर्डको आज्ञा स्वीकार गरी ऊ पनि सँगै पिउन थाल्छे । ऊ आलस्य र शक्तिहीन बन्दै आफ्नो भाग्यलाई धिक्कार्दै सोफामा लम्पसार परिरहन्छे । यस्तैमा काठमाडौंबाट छोराको फोनको घण्टी उसको ब्यागको मोबाइलमा बज्छ । छोराले “मम्मी, सन्चै हुनुहुन्छ ? ...” मलाई कहिले अमेरिका बोलाउनुहुन्छ मम्मी ? यस पटकको दसैंमा त बोलाउनुहोस् हैं । अब म तपाईंविना एक्लै बस्न सक्तिन मम्मी ... ।” (पृ.६४) भन्ने कुराले उसको होस हवास उड्छ । यसपछि उसको हातबाट मोबाइल खस्छ, छोराको जवाफ दिन सक्तिन । आफ्नो भाग्य र कर्मको परिणाम बुझ्न नसकी सोफामा डङ्ग्रङ्ग पल्टन्छे र कथावस्तु पनि अन्त्य हुन्छ ।

### ३.८.२ पात्र वा चरित्र चित्रण

कथाको पात्रहरू प्रमुख, सहायक र गौण गरी तिन भागमा विभाजित छन् । तृतीय पुरुष स्त्रीलिङ्ग (ऊ पात्र) को केन्द्रीय भूमिकामा कथानक प्रस्तुति हुनु पुगेको छ भने उसकै चारित्रिक कार्य विशेषता कथाको पात्रगत चरित्र चित्रण बनेका छन् । ऊ पात्र धन सम्पत्ति र ऐस आरामको खोजीमा अमेरिका पुग्दा अमेरिकन हब्सीसँग विवाह गरी स्थायी भिसा पाउने विश्वासमा आफ्नो यौवन र शरीर बन्धक राखी भोग्नु परेको शारीरिक र मानसिक पीडाको दर्दनाक व्यथाको कारूणिक एवं संवेदनशील पात्रको चरित्र चित्रण गरिएको छ । ऊ कथाको प्रमुख स्त्री पात्र, अनुकूल पात्र हो । त्यसैगरी उसको श्रीमान् रिचर्ड (सम्झौताको श्रीमान्) नायक वा प्रमुख पुरुष पात्र हो । उसको भूमिका प्रतिकूल रहेको छ । ऊ असत् पात्र हो । आफ्नी पत्नीलाई शारीरिक र मानसिक शोषण गर्ने अनि आफ्नो साथी ज्याकलाई समेत लिएर यौनजन्य क्रियाकलापमा सङ्लग्न गराउने व्यभिचारी नरपिशाचको रूपमा रिचर्ड देखिएको छ । ऊ गतिशील स्वभावको चरित्र हो । प्रारम्भमा विहेको सम्झौता गरी पछि त्यसलाई मान्यता नदिने, विचार र व्यवहारमा परिवर्तन गरिरहने ऊ व्यक्तिगत पात्र हो ।

यसैगरी ज्याक (रिचर्डको साथी) सहायक पुरुष पात्र, उसले गलत कार्यको निम्ति साथी रिचर्डलाई सघाएर आफ्नो समेत कामबासना पूरा गरेको छ । यसबाट ऊ कथाको प्रतिकूल वा असत् पात्र हो । उसले कथामा खलपात्रको भूमिका बहन गरेका छ । त्यसरी नै ऊ (युवती) पात्रको काठमाडौंस्थित आमा, बुबा, हजुरमुमा, नाबालक छोरा आदि गौण पात्रका रूपमा आएका छन् ।

### ३.८.३ संवाद वा कथोपकथन

कथामा पात्रहरू बीचको वार्तालाप आमाछोरी, बाबुछोरी, हजुरआमा, नातिनी तथा नाबालक छोरासँगको कुराकानीको कलात्मक संवाद चित्रण कथामा पाइन्छ । आफ्नी छोरी अमेरिका गएकोमा हर्षले विभोर हुँदै बुबाआमाले ऊसँग गरेका फोनवार्ताको एक अंश -

"छोरी, कस्तो छ तिमीलाई ? काठमाडौंबाट बुबा बोलिरहेका थिए ।

"ठीक छ बुबा ! हजुरलाई ?" उसले सोधी ।

"हामी सन्चै छौं छोरी । हाम्रो कुनै पिर नगर्नु । आफ्नो ख्याल राख्नु । लौ, आमासँग कुरा गर ।"

"हेलो, छोरी ... । "आमाको आवाज सुनी उसले । "मुमा दर्शन !" (पृ.५७) ।" त्यसैगरी पति रिचर्ड र युवती (पत्नी )बीचको प्रेममय कुराकानी अर्थात् संवादको एक दृष्टान्त यस्तो देखिन्छ -

"रिचर्ड मेरो हनी, तिमी मैले भनेको केही पनि मान्दैनौ ।" ऊ बोली । "मैले तिम्रो कुन कुरा मानिन डियर ?" रिचर्ड मदहोस स्वर गुन्जियो । "मलाई खुसी देख्न चाहन्नौ तिमी ?" रिचर्डको मिठो स्वर सुनेर ऊ खुसी भई । "यसो नभन न डार्लिङ ।" ऊ बोल्यो (पृ.६०) ।

### ३.८.४ देश, काल, परिस्थिति

'कन्ट्रयाक्ट' कथाको देश, काल र परिस्थिति आधुनिक पाश्यात्य अमेरिकी सांस्कृतिक परिवेश रहेको छ । अमेरिकाको स्वतन्त्र र व्यस्त सहरी वातावरण तथा त्यहाँको कागजी विवाहको सम्झौतापूर्ण परिस्थिति यहाँ कथानक बनेर आएको छ । धन सम्पत्ति, ऐस आराम र सुखसयलको उच्च महत्वकाङ्क्षा बोकी नेपाल (काठमाडौं) बाट अमेरिका पुगेकी नारी अमेरिकाको बाल्टीमोर सहरमा काम गरेर बस्नु अनि स्थायी भिसा पाउने बहानामा निग्रो अमेरिकन आदिबासी पुरुषसँग सम्झौता विवाह गरेर आफ्नो रूप र यौवन सुम्पन विवश नेपाली महिलाको कारूणिक जीवन भोगाइको मानसिक वातावरण मूलतः कथाको परिवेश बनेर आएको छ । यिनै परिवेशसँगै नेपालको भौगोलिक परिवेशको दृश्य चित्र यस्तो छ - "उसले टी.भी. को पर्दामा यूट्युबमा सर्च गरेर नेपाली कार्यक्रम हेर्न थाली । टी.भी. को पर्दामा देखिएका हिमाल, पहाड, पाखापखेरा, जङ्गल, हरिया चौर, रङ्गीविरङ्गी फूलहरू, नदीहरू (नदीनाला) हेर्दै आफ्नो गाउँघर र परिवारलाई सम्झी । स्मृतिहरू ताजा भएर

मानसपटलमा आए । आँखाका चेप बाट आँसु रसाउन थाल्यो (पृ.५७) ।" यसरी कथामा नेपालदेखि अमेरिकासम्मको प्राकृतिक तथा भौतिक परिवेशको रमणीय चित्रण गरिएको छ ।

### ३.८.५ भाषाशैली

प्रस्तुत कथामा सहज र प्रतिकात्मक स्वाभाविक भाषिक शिल्पशैलीको प्रयोग पाइन्छ । रिचर्डकी सम्झौताकी पत्नी अर्थात् नेपाली चेलीले पति रिचर्डसँग आफ्नो संवेदनशील प्रतीकात्मक भावमा आधारित भाषाशैलीको एक दृष्टान्त यसरी व्यक्त गरिएको छ - "कागजमा हस्ताक्षर गरिदेऊ न मेरो हनी ! किन मलाई तड्पाउँछौ ? म तिमीलाई छोडेर कहीँ जान्नँ । म काम गरेर तिमीलाई पाल्छु । म सधैँ यसरी नै तिम्रो सेवा गर्छु ( गरौला) ।" यसरी सरल, शिष्ट र प्रतिकात्मक भाषाशैली यस कथामा पाइन्छ ।

### ३.८.६ उद्देश्य

यस कथाको उद्देश्य सुख सुविधा र धन दौलतको मोहमा परी परदेशिन विवश भएका नेपाली चेलीहरूको वास्तविक जीवन गाथाको प्रकाशन गर्नु नै रहेको पाइन्छ । स्वतन्त्रता र धन सम्पत्तिको प्रलोभनले मानिसलाई नारकीय बाटोमा पुऱ्याउँछ, स्वार्थ र सुखको पछि लाग्नाले नारीले आफ्नो अस्मिता र यौवनलाई यौनपिपासु राक्षसी पुरुषलाई सुम्पिएर सदैव जीवन र मृत्युको धारमा बाँच्नुपर्छ । तसर्थ आफ्नो जन्मभूमिमा रहेर यो देशमै रगत, पसिना बगाउनु पर्छ जुन श्रमको फल मीठो हुन्छ र जीवन पनि सुखमय हुन्छ भन्ने वैचारिक सन्देश प्रदान गर्नु यस कथाको उद्देश्य बनेर आएको छ । यसरी विलासी र महत्त्वाकाङ्क्षी जीवनले दुःख निम्त्याउँछ, सुख त केवल सपनामा मात्र हुन्छ, कल्पनामा हुन्छ, यथार्थमा पीडा नै पीडा लुकेको हुन्छ भन्ने मूलभाव प्रस्तुत गर्नु 'कन्ट्रयाक्ट' कथाको उद्देश्य रहेको छ ।

## ३.९ मेट्रो : एउटा घुम्ती संसार

### ३.९.१ कथावस्तु

प्रस्तुत विषयवस्तु कथाकार अमेरिका अध्ययन गर्न जाँदा मेट्रोमा बसेर यात्रा गर्ने क्रममा बसभित्र देखिएका मानव जोडी, तिनका क्रियाकलाप, रेलको दैनिकी, मानिसहरूको भीड, व्यस्त सहरी क्षेत्र र तिनबाट सिर्जित विविध अनुभूतिलाई लेखकले नियात्रापरक ढङ्गमा श्रृङ्खलाबद्ध र सुनियोजित तवरले प्रस्तुत गरेका छन् । कथाकार न्यूयोर्कको टाइम स्क्वारबाट मेट्रो रेल चढेर **ज्याक्सन हाइट** जानु र रेलभित्र रहेका रङ्गीचङ्गी मानव आकृति र तिनको अवलोकन गर्दै  गन्तव्यतर्फ लाग्नु, विभिन्न रङ्गका (विशेषतः गोरा) सेता, सफा र आकर्षक शारीरिक सौन्दर्य देखेर मनमनै अनेक कौतूहलता र सोच उत्पन्न हुनु र आफूलाई अमेरिका पढ्न पठाउन सकेकोमा आमाबुबाहरूले खुसीको भाव सञ्चार गर्दै

हिँडेको दृश्य सम्झनु,संसारका सबै देशका मानिसलाई एउटै ठाउँमा भेट्न पाउँदा निकै प्रफुल्लित हुनु, रेलभित्रका यात्रुहरूलाई पहिचान गर्नु र तिनको जन्मस्थल पत्ता लगाउनु, रेलभित्र सबैका हातमा आइपड र आइफोन देख्नु, विज्ञान, प्रविधिको द्रूत विकासमा एप्पल कम्पनीले कम्प्युटर र सञ्चार जगत्मा ल्याई दिएको क्रान्ति सम्झनु, सबै आ-आफ्नै ध्यानमा व्यस्त हुनु, कथाकार अचम्म पर्नु, बूढी आमाको राष्ट्रप्रेमी गीत सुन्नु, आफू उभिएकै सिटनेर एउटा चिनियाँ तन्नेरी जोडी देखिनु र लेखकलाई आफू काठमाडौं छँदा आफ्नी प्रेमिका रमासँग भृकुटी मण्डपको स्मरण हुनु, रेलमा एक जोडी बूढाबूढीको अर्को प्रेमलाप दृश्य देख्नु, तिनको उमेरमा असमानता देखिनु, श्रीमती कच्चा र बूढो उमेरदार भए पनि एक अर्कामा उत्तिकै समर्पण हुनु, लेखकले आफ्नो वृद्ध अवस्थाको कल्पना गर्नु र तिनको प्रेमलाई बाआमाको प्रेमसँग तुलना गर्नु,प्रेमको आनन्द लिएको देख्नु, ह्वाइट प्याइन्ट एभेन्यू स्टेशन आइपुग्नु र यात्रुहरू झनै तरखर गर्नु, स्टेशनमा भीडभाड हुनु, मान्छेहरू कुदिरहेको देख्नु अनि लेखकले जिन्दगी भनेको दौड नै त हो, जसले दौड्न जान्यो, अन्तिम रेखा भेट्न जान्यो, उसले दौड जित्यो (पृ.७१) भन्ने ठम्याउनु, “के मेरो गाउँको स्टेशन आयो ?”(पृ.७१) भनी अचानक एक बूढी चिच्याउनु । उनले आफ्नो बोलिभियाको सुन्दर गाउँ बताउनु, म पात्रले क्विन्सबोरो आइपुगेको र ज्याक्सन हाइटतिर गइरहेको बताउनु, बूढी आमाले संशय दृष्टिले आफू त्यही गइरहेको र त्यो कति टाढा छ  भनी सोध्नु, रेलभित्रका भर्खर चढेका प्रेम जोडीले लेखकको ध्यान खिच्नु, तिनीहरू प्रेमको आफ्नै दुनियाँमा हुनु, बूढी आमाले गीत गुनगुनाउनु, गीतको सुरसँगै उनी स्वदेश फर्किएको लेखकले ठम्याउनु, लेखकको गन्तव्य नजिकिँदै आउनु, उनलाई बूढीआमाको माया लागेर आउनु र आफ्नो बोलिभियाको सुन्दर गाउँसम्म रेल जान्छ भन्ने थाहा भएर चढेको निश्चित गर्नु, कथाकारले स्टेशन आयो भनी ओर्लन रेल छुट्नु, कथाकारको हृदय चसक्क बिभ्नु, रेलसँगै बोलिभियाली आमा छुटेको दृश्य स्मरणले म पात्रको मनमा एक प्रकारको अनौठो भावना आउनु, र काठमाडौंमा रहेकी आफ्नी आमालाई सम्झन पुग्नु - “कतै मैले आफ्नी आमालाई बेसहारा छोडिन ।” (पृ.७३) भन्ने संशयमूलक चिन्तन मनमा उत्पन्न हुनु र कथावस्तुको पनि अन्त्य  हुनु ।

### ३.९.२ पात्र तथा चरित्रचित्रण

प्रस्तुत कथाको म पात्र (कथावाचक) प्रमुख पुरुष पात्र हो । उसकै मानसिक र दृश्याङ्कीत केन्द्रीय सेरोफेरोमा कथाले पूर्णता पाएको छ । त्यसैगरी सहायक पात्रका दृष्टिले हेर्दा अघिल्लो स्टेशनमा चढेकी एउटी गोरी ठिटी, अघिल्लो सिटमा बसेकी बूढी आमा, कथाकार उभिएकै छेउको सिटमा बस्ने एक जोडी, एक जोडी बूढाबूढी, अगाडि उभिएर बसेको युवायुवती रेल स्टेशनबाट पछि चढेका तरूण तरूनीहरू आदि सहायक पात्र हुन् ।

त्यसैगरी गौण पात्रका दृष्टिले हेर्दा म पात्रका घरमा मातापिता, रेलभित्रका मेक्सिकन दुई जना मौन पात्र, बसभित्रका अन्य यात्रुहरू, सहर र रेल स्टेशनमा देखिएका मानिसहरू गौण पात्र हुन् । तिनीहरू पुरुष/स्त्री, पात्रका रूपमा आएका छन् । यसरी कथामा प्रमुख, सहायक र गौण पात्रको सहभागिता र तिनका कार्य स्वभाको चरित्रचित्रण सार्थक रहेको देखिन्छ ।

### ३.९.३ संवाद वा कथोपकथन

कथोपकथनका रूपमा म पात्रको एकालापीय संस्मरणात्मक,संवाद चित्रणले कथालाई सरल र सङ्क्षिप्त तुल्याएको छ । कथाकारको रेलकी यात्री बूढी आमासँगैको निश्छल वार्तालाप, बूढाबूढी जोडीको प्रेमालाप र आनन्ददायक दृश्यबाट म पात्रलाई पूर्व स्मृतिमा पुऱ्याउँदाको एकालापीय प्रेमालाप तथा नयाँ युवायुवतीको कलकहलाउँदो जवानीको प्रेमिल दृश्याङ्कनबाट कथाकारले आफ्नी प्रेमिकासँग भृकुटीमण्डपमा विगतमा अनुभव गरेको प्रेममय रोमाञ्चक यात्राको आह्लादित सुनौलो अनुभूतिको कथोपकथन जस्ता संवाद तथा कथानक अभिव्यक्तिले कथामा रोचकता सिर्जना गरी दिएको छ ।

### ३.९.४ देश, काल र परिस्थिति

प्रस्तुत कथाको कथानक परिवेशको क्रममा अमेरिकी व्यस्त सहरको भौतिक, सांस्कृतिक आदि परिवेश कथामा आएको छ। आधुनिक विशाल र समृद्ध अमेरिकाको न्यूयोर्क सहर, ज्याक्सन हाइट, रेल स्टेसन, ग्रान्ड सेन्ट्रल स्टेशन, हन्टर्स प्वाइन्ट एभेन्यु, क्विन्सबोरो, म्यानहटन, ६१ स्ट्रिट वुड साइड स्टेसन लगायतका प्रत्यक्ष स्थान चित्रणका साथै बूढीआमाको जन्मस्थल बोलिभियाको सुन्दर गाउँ, म पात्रको जन्मभूमि नेपालस्थित काठमाडौं र गाउँघरको दृश्याङ्कीत स्मृति तथा विश्वका सबै संसारको प्रतिनिधित्व जनाउने गरी पर्यटन यात्रामा सहभागी पर्यटक, स्पेन, जर्मनी, बेलायत, चीन, रूस, फ्रान्स अस्ट्रेलिया आदिस्थान (देश) हुन् । कथाको देश, काल र परिस्थिति दर्शाउने कथानक चित्रणको एक अंश यसरी वर्णन गरिएको छ - "न्यूयोर्कको टाइम स्क्वारबाट म (कथाकार) मेट्रो रेल चढेर ज्याक्सन हाइट जाँदै थिएँ । ... यो सानो रेलको डिब्बाभित्र विश्वका प्रायः सबै महादेशका मान्छेहरूको प्रतिनिधित्व थियो । कोही आलुबखडा पाके जस्ता रातो, कोही पैयुँ फुले झैं सेता, कोही गोरा, गहुँगोरा, हल्का काला, काला र कोही अति काला ! भिन्न भिन्न आकृति, जिउडाल र रङ्गका कारण भन्न सकिन्थ्यो - रेलको यो डिब्बामा सानो सानो अटाएको छ । म टाइम स्क्वारको एउटा होटलमा रातभरिको बाह्र घण्टे काम सिध्याएर ज्याक्सन हाइटमा रहेको डेरामा फर्कंदा निकै थाकेको थिए (पृ.६५) ।"

### ३.९.५ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली नेपाली झर्रा शब्दको कथ्य साहित्यिक भाषाशैलीको उपयोग कथामा गरिएको छ । यसैगरी अङ्ग्रेजी भाषाको पनि प्रयोग ठाउँ ठाउँमा गरिएको छ । कथाकारको संस्मरणात्मक एकालापीय शैली, यात्राको म पात्रको मानसिक वा एकल अनुभूतिजन्य संस्मरणात्मक शैली तथा विविध दृश्यानुभवबाट आफ्नो घर परिवार एवम् आमाबाबुका बुढ्यौली प्रेमभाव तथा आफ्नै किशोरावस्थाको काठमाडौंकी प्रेमिकासँगैको सपिङ यात्राका आनन्ददायक संस्मरणात्मक भाषिक शैलीका रूपमा अभिव्यक्त छन् । यहाँ सस्मरणात्मक भाषाशैलीको एक नमूना यहाँ प्रस्तुत गरिन्छ । "मेरो मनभित्र अटेसमटेस प्रेमको तृष्णा मेरा आँखाबाट निःसृत भइरहेको थियो । त्यो जोडी हेर्दै म आफु पनि रमासँग त्यसैगरी प्रेमालाप गरिरहेको कल्पना गरिरहेको थिएँ ।" यसरी कथानक प्रस्तुतिमा शिल्पगत भाषाशैलीको शिल्पगत कुशलताले कथा प्रभावकारी बन्न पुगेको छ ।

### ३.९.६ उद्देश्य

व्यस्त आधुनिक अमेरिकी सहरी जनजीवनको यथार्थ चित्रण गर्नु कथाको मुख्य उद्देश्य हो । त्यसैगरी कथाकारले आफ्नो भ्रमणलाई सार्थक बनाउनु । प्रेम बृद्धावस्थामा नितान्त अपरिहार्य कुरा हो । यसको अभावमा जीवनको लक्ष्य सार्थक नहुने यथार्थ बताउनु, अमेरिकालाई प्रेमको साझा संसारको रूपमा चिनाउनु, अमेरिकाको विज्ञान प्रविधिको द्रूत विकास र उन्नतिले नेपालीहरूको ध्यान खिच्नु जस्ता उद्देश्यहरू 'मेट्रो : एउटा घुम्ती संसार' कथामा रहेका देखिन्छन् ।

## ३.१० मिस्टर पाउल

### ३.१०.१ कथावस्तु

प्रस्तुत कथावस्तु मानव जीवनको सबै मोडमा आवश्यक पर्ने मानवीय प्रेम, यौन, र स्वतन्त्रता रहेको छ । मानिस उमेरले बूढो भए पनि जीजिविषा र कामेच्छा भने सदैव तरूण वा वयस्क बनेर देखापर्दछ । शारीरिक र मानसिक आवश्यकता बुढेस कालमा अझ बढी हुने गर्दछ । एक्लो जीवनले निराशा पैदा गर्ने हुँदा प्रेम, स्नेह, माया, सहानुभूतिपूर्ण विपरीत सम्बन्धले खोक्रो र रित्तो वृद्ध जीवनलाई हरियाली र रमणीय बनाउँछ भन्ने केन्द्रीय कथ्य यस कथाको मूल पात्र मिस्टर पाउलको कथानक चित्रणबाट अभिव्यक्त भएको छ ।

कथा 'म' पात्रले मिस्टर पाउललाई क्योवियन सागरको एक होटलमा भेटेपछि उसप्रति पलाएका थुप्रै जिज्ञासाहरूबाट अघि बढेको छ । मूलतः म पात्रको संस्मरणको एकालापयीय वर्णन तथा मिस्टर पाउलसँगको संवाद चित्रणमा कथावस्तुको अन्तय भएको छ । कथावस्तुको विकास म पात्रले यसरी प्रारम्भ गरेका छन् - "फुब्रुअरी महिना, बिदा

मनाउने सिलसिलामा म क्यारेवियन सागरको उउटा आइल्यान्डस्थित डन जुआन होटलमा आएको थिएँ । होटलको लबीमा ऊसँग मेरो पहिलो जम्काभेट भएको थियो । उसलाई देखेपछि म अवाक भएको थिएँ (पृ.७४) ।" को मिस्टर पाउलको स्मृतिमा गरिएको संस्मरणात्मक शैलीबाट थालनी भएको छ । मिस्टर पाउल लबीमा बियरको बोतल पिउँदै गर्नु, म पात्रले पनि लबीको कुनामा बसेर जुस पिउनु, पाउलले - "इट वाज सो ग्रेट डे टुडे? इजनट इज इट ?" भनी एक्कासी 'म' पात्रलाई प्रश्न गर्नु, म पात्रले सहमति जनाउनु, दुवैमा एकै होटलमा बस्नु, पाउलले 'म' पात्रलाई बियर लिन सोध्नु, 'म' पात्रले अस्वीकार गर्नु र जुस लिनु, उसले प्रशंसा गर्नु र दुवै आ-आफ्नो कोठातर्फ लाग्नु

'म' पात्र (कथाकार) लाई त्यस वृद्ध मानिस (करिब ६५ वर्ष) प्रति कौतुहलता जाग्नु, उसका शारीरिक रूप रङ्गप्रति गहन विश्लेषण गर्नु, बुढोको झझल्को आउनु, समुद्री तटमा भेटेको भए खुबै रमाइलो हुने स्मरण गर्नु, 'म' पात्रले समुद्री तटतिर नियाल्नु र सम्झनामा तल्लीन हुनु, अचानक बुढोका आवाज आउनु, "हे गाइ, नाइस टु सी यू अगेन ! ...हे...हे... (पृ.७६) ।" भन्दै खित्का छोडेर हाँस्नु, म पात्रको साँझको कार्यक्रमबारे जिज्ञासा राख्नु, बुढाले द डाउन टाउन स्ट्रिटमा भेट्ने प्रस्ताव राख्नु र युवक 'म' पात्रले समर्थन जनाउनु, युवकले एउटा आश्चर्यजनक दृश्य देख्नु, ६०-७० वर्ष उमेर पार गरेका बुढाहरू भर्खरकी कुमारी तरूनीहरूसँग प्रणयलीलीमा आबद्ध देखिनु, विभिन्न देशका रङ्गीविरङ्गी वस्त्रधारी बुढाका साथमा क्यारिवियन अर्धनग्न सुकुमारीहरू ! 'म' पात्र अर्थात् युवकलाई साँच्चै नै विस्मयकारी लाग्नु, युवकले स्थलमा पूर्व परिचित बुढोलाई खोज्नु, बुढो कोरली कन्याहरूसँग अँगालिएर बस्नु, म पात्रलाई लज्जा, आश्चर्य र कौतुहलताले छोप्नु युवकले ती बृद्धहरूलाई देखेर आफ्नो पनि भावी बृद्धापनको कल्पना गर्नु, 'नो गर्ल' भनेर छोटो जवाफ दिनु, बुढाले युवतीलाई बोलाउनु, युवती बुढोसँग बस्नु, बुढो अर्थात् मिस्टर पाउलले आजको दिन कति रमाइलो छ हगि ?" भन्नु, युवती मुस्काउनु, उसको अनुहारमा चमक छाउनु, बुढोले बियर र जुस मगाएर पिउनु, युवक अर्थात् 'म' पात्र आश्चर्यमा पर्नु, मिस्टर पाउलले "के ले तिमीलाई आश्चर्यमा पाऱ्यो नि नौजवान ?" भनी प्रश्न गर्नु र युवकले बुढैबुढा देखेर मिस्टर ... !" (पृ.८०) भनी जवाफ दिनु, बुढोले पाउल र युवकले 'गोपी' भनी आफ्नो परिचय दिनु, बुढा पुरुष र तरूनी केटीहरू मात्र देखेर आफू आश्चर्यमा परेको कुरा युवकले बताउनु, बुढो जोडले हाँस्नु र आफ्नो स्थानमा बसेर युवकलाई सोच्न भन्नु, युवक उसको बारेमा सोच्न विवश हुनु, साथीसङ्गी र परिवार सोध्नु, हाँस्दै "जस्तो यी दुई केटी ! हामी साथी भएनौं त अब (पृ.८१) ?" भनी बूढाले जवाफ दिनु , बुढोले कारूणिक भावमा पारिवारिक रेल छुटेको यात्री सरह आफू एक्लो भएको बताउनु, जीवनरूपी रेलको इन्धन भर्न क्यारिबियन समुद्री तटमा रोकिएको कुरा गर्नु, दुई केटीलाई बाहिर जाने इशारा गर्नु र युवतीलाई सँगै टेबलमा

बसाउनु, 'म' पात्र बुढोको शिष्ट र शालिन शैलीमा  जीवन भ्रमणबारे बताएकोमा अचम्मित बन्नु, बुढोले थुप्रै रोमाञ्चक कुराहरूको वर्णन गर्नु र युवती प्रभावित हुनु, डाउनटाउन स्ट्रिटका सुकुमारीहरू आफ्नो जीवनरूपी इन्धन भएको बताउनु, तिनीहरू उसको जीवनको साँच्चै ऊर्जा भएको बताउनु, जीवनको सङ्गीत रूपी गितार मान्नु, युवकले चारैतिर हेर्नु र बुढा रूखहरूलाई कलिला लताहरूले जेलिएको हरियाली जङ्गलको रमणीय वातावरणको अनुभूत हुर्नु, आफूलाई बुढोको अगाडि एउटा बालक जस्तो महसुस हुनु, मिस्टर पाउल र आफूमा केवल अनुभव र कल्पनामा भिन्नता भएको बताउनु, बुढोले आफ्नो मन पनि युवकको झैं कोरा कागजको जस्तै सफा र खाली भएको भए आफू औधि खुसी हुने थिएँ भन्नु, पुराना तिता अनुभवहरूलाई मेरा मन कलिला सुकुमारीहरूको सहारा लिनु परेको विवशता दर्शाउनु, सँगैकी काली केटीलाई अँगालोमा बेरी ओठ चुम्दै "त्यहाँ तिर्खा र भोक थियो" भन्ने भावजन्य अङ्ग्रेजी कविता सुनाउनु, युवकलाई ती कविताले भावविभोर बनाउनु, उनलाई कवि पाब्लो नेरूदाको सम्झना आउनु, सायद तिनले ती कविता ६० वर्ष उमेर नाघेपछि रचेको अनुमान गर्नु, त्यसमा ल्याटिन अमेरिका र क्यारेवियन भूमिका सुगन्ध पाउनु र ती औधी मनपर्नु,

म पात्र अ्वाक भएर हेर्नु, बुढोले पुनः कविता दोहोऱ्याउनु, जसको भाव - ए स्वास्नीमान्छे मलाई थाहा छैन, म कसरी तिम्रो बन्धनमा छु ? तिम्रो आत्माको संसारमा, तिम्रो पाखुराहरूको बन्धनमा ! बुढो आफ्नो जीवनरूपी रेलमा इन्धन भर्न व्यस्त हुनु,

'म' पात्र को ढोकामा ढकढक्याउँदै कसैले बोलाउनु, उठेर आँखा मिच्दै ढोका खोल्नु, ढोकामा त्यही होटलको लबीमा भेटेको बुढो देखिनु, बुढोले २०-२१ वर्षको एउटा केटा 'म' पात्र जस्तैलाई डाउनटाउन स्ट्रिटमा भेटेको र ऊ आफ्नो साथी बनेको कुरा बताउनु, 'म' पात्र जिल्ल र आश्चर्यमा पर्नु, ढोकामा उभिएको बुढोलाई हेरिरहनु, भर्खर सपनामा छुटेको बुढो जो स्वयम् 'म' पात्रको बाबु भएको यथार्थ देखिनु, उसको अवैध सन्तान मध्ये 'म' पात्र एउटा हुनु, म पात्रले बुढो (बाबु) लाई राम्रोसँग चिन्नु तर बुढो 'म' पात्रप्रति अनभिज्ञ हुनु, म पात्रमा सन्तोषको भाव देखिनु र कथानक घटना सकिनुसम्मका घटनाक्रमहरू 'मिस्टर पाउल' कथाको कथावस्तु रहेको छ ।

### २.१०.२ पात्र र चरित्रचित्रण

'मिस्टर पाउल' अल्पसङ्ख्यक पात्र चित्रणमा आधारित यथार्थपरक घटना वर्णनमा रचिएको कथा हो । जहाँ 'म' पात्र अर्थात् लेखक कथाको मूल पात्र मिस्टर पाउल र उसका दुई प्रेमिका, षोडशी बुढी, थुप्रै बुढाहरू, सुकुमारी तरूनीहरू, युवायुवती जोडहीहरू होटल मालिक, स्टाफ र ग्राहकहरू तथा अन्य दर्शकहरू जस्ता थुप्रै पात्रहरूको उपस्थिति रहेको

छ । यसरी हेर्दा म पात्र (कथानक प्रस्तोता) प्रमुख, पुरुष, अनुकूल, गतिशील पात्र हो । उसकै मानसिक र दृशयाङ्कित घटना वर्णनमा कथानक उद्देश्यमा पुगेको छ ।

### ३.१०.३ संवाद वा कथोपकथन

प्रमुख पात्रहरू 'म' र मिस्टर पाउल बीचको संवाद, पाउल (बुढो) र क्यारेबियन दुई सुकुमारी बीचको प्रेममय संवाद कथन, म पात्र र गौण स्त्री पात्र षोडसी बीचको संवाद चित्रण तथा विविध संस्मरणात्मक शैलीको कथोपकथनले यस कथाको कथानक वर्णन रोचक र आकर्षक बन्न पुगेको छ । मिस्टर पाउल र सुकुमारी युवतीको प्रेममय संवाद चित्रणले कथामा जीवन्तता र प्रभावकारिता सिर्जना गरेको छ । पाउल र युवती बिचको कथोपकथनको एक अंश कथामा यरी अभिव्यक्त भएको छ । -

"तिमी कति ह्यान्डस छौ ?"

तिमी झन् कति सुन्दर र सेक्सी छ्यौं माई बेबी ? - पाउनले भन्यो ।

"यो हाम्रो दोस्रो भेट हो ?" (युवती)

"हो । तिमीलाई थाहा छ डार्लिङ्ग ? ओहो, कति माया गर्छ्यौ तिमी मलाई ! दुई वर्ष पहिलेको भेट पनि तिम्रो स्मरणमा ताजा छ ।" - पाउल (पृ.८६) ।" यसप्रकार प्रस्तुत कथाको संवाद प्रेमीप्रेमिका अर्थात् पुरुष स्त्री बिचको प्रेम प्रणयमूलक संवाद र वार्तालापमा आधारित छ जसले कथालाई रोचक र प्रभावकारी तुल्याएको छ ।

### ३.१०.४ देश, काल र परिस्थिति

यस कथाको कथानक परिवेश क्यारेबियन सागरको समुद्री किनार, त्यहाँ स्थित डन जुआन होटल, डाउनटाउन स्ट्रिट, त्यहाँका रेष्टुराँ, बार, नाइट क्लबहरू, रङ्गीचङ्गी सहरी दृश्यादि वातावरणीय परिस्थिति हो । आधुनिक सभ्यतामा रम्दै रमाउँदै विज्ञान, कला, संस्कृति र सभ्यतामा अघि बढेको पाश्चात्य वा युरोपेली समाजको प्रेम, रोमान्स र यौनको मनोरम दृश्यचित्र मिस्टर पाउल कथाको कथानक केन्द्रीय पृष्ठभूमि बनेर आएको छ भने त्यसको भोक्ताको प्रमुख नाम पाउल प्रतिनिधि पात्रको रूपमा रहेको देखिन्छ । देश, काल र परिस्थिति प्रतिविम्बित कथानक वर्णनको प्रारम्भिक एक अंश यस्तो छ - "फेब्रुअसरी महिना, बिदा मनाउने सिलसिलामा म आइल्याण्डस्थित डन जुआन होटलमा आएको थिएँ । समुद्रसँग जोडिएको थियो यो होटल । होटलको लबीमा उसँग मेरो पहिलो जम्काभेट भएको थियो (पृ.७४) ।" भन्ने कथानक चित्रणअनुरूप काल वा समय सङ्केतका दृष्टिले लेखक वा म पात्रको युरोप भ्रमणकालीन समय (०६५-०६९) तथा माघ-फागुनको समय अनि देश वा

स्थानका दृष्टिले हेर्दा युरोपको क्यारेबियन सागर, समुद्री तट, डाउनटाउन स्ट्रिट होटल, सहर आदि रहेका छन् ।

### ३.१०.५ भाषाशैली

'मिस्टर पाउल' कथाको कथानक संरचनामा भाषाशैली पात्रहरू बीचको प्रेममय वार्तालापको सरल, स्वाभाविक र आकर्षक संवाद चित्रणले कथाको घटना वा दृश्यलाई सचित्र उतारेको छ । प्रेमी-प्रेमिको संवाद शैलीको भाषा प्रयोगले कथामा आकर्षण पैदा गरेको छ । "साँच्चै हो बेबी ? म के तिम्रा लागि फिट छु ? के मेरो शरीरबाट निसृत प्रेम र यौनको रसबाट तिमी तृप्त छ्यौ डियर ?" ओहो ! किन तृप्त नहुनु मेरो प्रिय बुढो ! तिमीसँगको सहवासले म आफ्नो प्रथम रातलाई बिर्सने गर्छु (पृ.८७) ।" जस्ता प्रेम र यौनको कथानक संवाद चित्रणले कथा सरल र सम्प्रेष्य बन्न पुगेको  छ ।

### ३.१०.६ उद्देश्य

कथाको उद्देश्य मानव जीवनको वृद्धावस्थाको एक्लो र निराशमय उराठ लाग्दो शारीरिक वयमा उसलाई प्रेम, स्नेह, मनोरञ्जन, सुख सुविधा र भोगविलासको तीव्र चाहना हुने गर्दछ । तिनको उचित निकासा वा समाधान गर्नु नितान्त अपरिहार्य हुन्छ भन्ने विचार प्रकट गर्नु रहेको छ । यसैगरी अन्य उद्देश्य वा विचारका दृष्टिले हेर्दा आधुनिक पाश्चात्य युरोपेली समाजको विसङ्गतमूलक सहरी यथार्थको उद्घाटन गर्नु, धनीमानीहरूले पैसा र डलरमा सुकुमारी युवतीहरूको शारीरिक र मानसिक शोषण गर्नु, आधुनिक समाज पैसा र प्रेममा बाँचेको देखाउनु, पैसाको निम्ति नारीहरूले आफ्नो कुमारी जीवन बन्धक राख्न विवश हुनु, तिनलाई यौनभोक पूर्तिको साधन मान्नु, खुला यौनसमाजलाई नियन्त्रण गर्नु, सभ्य, सुसंस्कृत, आदर्श विश्वमानव समाजको सन्देश दिनु, जस्ता भाव प्रादन गर्नु नै प्रस्तुत मिस्टर पाउला कथाको उद्देश्य रहेको छ ।

## ३.११ लिउ

### ३.११.१ कथावस्तु

प्रस्तुत कथा चीनको सामाजिक-आर्थिक बिपन्नताको प्रतिनिधित्व गर्ने एक पुरुष पात्र लिउको जीवनमा घटेका घटनाको कथा व्यथासँग सम्बद्ध रहेको छ । आर्थिक अभावका कारण असमयमै पढाइ छोड्न विवश लिउले आफ्नो भाइसाथीको सङ्गबाट सङ्गीत कलाको सीप प्राप्त गर्दछ । प्रारम्भमा बेइजिङ सहरको गल्ली र चोकहरूमा बसेर पर्यटकसामु गिटार बजाई पाकेट खर्च जुटाउने 'मो' को प्रभावबाट लिउले साङ्गीतिक ज्ञान सिकेपछि आफ्नै कमाइले एउटा पुरानो हार्मोनियम किनी परिवारलाई देखाउँछ साथै अबदेखि यसै हार्मोनियम बजाएर आर्जन गरेका पैसाले घरायसी खर्च चलाउने गर्व र खुसीयाली भाव प्रकट गर्दछ ।

त्यसपछि सहरको सववेमा बसेर गितार बजाई केही अर्थ सङ्कलन गर्दछ । उसका गितारको मीठो साङ्गितिक धुन सुनेर उसलाई कतिले युयान नोट र सिक्का प्रदान गर्छन् त कति उसमाथि दयामायाको भावले रकम दिने गर्दछन् । जेहोस् त्यसबाट ऊ केही हदसम्म सन्तुष्ट हुन्छ कि उसको दैनिक गुजारा त्यसै कार्यबाट चलेको हुन्छ । ऊ चीनको नवपुस्ताको प्रतिनिधि हो । उसलाई आफू पढ्न नसकेकोमा पश्चाताप थिएन बरू स्वाभिमानी भएर गितार बजाई पेट पालिरहेकोमा गर्व थियो (पृ.९१) ।" ऊ दिमागमा चिनियाँ नेता माओत्सेतुङ तथा देङ सियाओ पिङ्ले गरेको आर्थिक क्रान्ति सम्झन्छ । ऊ निद्राको लामो सासको सुस्केरा तान्दै बसिरहेको थियो । त्यसैबेला उसको बिछ्याइएको कमिजमा एउटा ब्रिटिश वा अमेरिकनले पाँच रूपैयाँको नोट खसाल्छ । ऊ खुसी हुँदै प्रशन्न मुद्रामा त्यस नोटलाई आफ्नो सिटमुनि घुसार्छ । ऊ विद्यार्थी छँदा जननेता माओत्सेतुङको युवा रूपको आकर्षक व्यक्तित्व र प्रभावशाली भाषणमा कल्पित हुँदै भावमग्न हुन्छ । यसपछि अन्य पर्यटकको प्रतीक्षा गर्दै आफूले लेखेको गीत गाउन थाल्छ -

"मेरो प्रिय माओ
तिअन अनमेन स्क्वारमा बसिरहेको छ हिउँ
तिमी हँसिलो मुद्रामा चीर निद्रामा सुतिरहेका छौ
कोसिस चेम्बरभित्र ...............तिम्रो सपना ............. (पृ.९२) ।

लिउलाई मनपर्ने गीत ऊ मनले गाउँछ, शब्दहरूको भावमा डुबेर गाउँछ । उसलाई आफ्नै गीतसँग कुनै प्रवाह छैन । भुइँमा बिछ्याइएको कामिजमाथि छरिएका युआनका केही नोट र सिक्काहरू हेर्दै ऊ गम खाइरहन्छ - "के आजको कमाइले साँझको गर्जो टर्छ ? अचानक उसले चटाईमुनि राखेको पाँच डलरको नोट सम्झन्छ र सन्तोषको लामो सास फेर्छ (पृ.९४) । "ऊ साँझको अमेरिकी सङ्गीत ब्याण्ड लिङकिन पार्कको कन्सर्टका साङ्गीतिक दृश्य छोडेर आफ्नो घरतर्फ फर्कने निर्णय गर्छ । त्यसपछि पाँच रूपैयाँको नोट बायाँ खल्तीमा हाल्छ र मनमा विभिन्न कल्पना गर्न थाल्छ - "पाँच डलरले ऊ के-के खरिद गर्न सक्छ, बाबुलाई एक जोर छालाको जुत्ता, आमालाई उनी स्वेटर र गितारका लागि नयाँ तार ... । ऊ सुसेली हाल्दै घरतिर लम्कन्छ । तर ...उसले थाहै पाउँदैन देब्रे गोजीको प्वालबाट ५ डलरको नोट अघि नै बाटामा कतै खसिसकेको हुन्छ (पृ.९५) ।" यसरी लिउको जीवनगाथाको मार्मिक यथार्थता चित्रणमा यस कथाको कथावस्तु संरचित छ ।

### ३.११.२ पात्र तथा चरित्र चित्रण

'लिउ' कथा पात्रहरूको संवेदनशील कथाव्यथामा आधारित छ । जसमा 'म' पात्र ( लेखक), ऊ अर्थात् 'लिउ', युवक, मो (लिउको साथी), लिउको आमाबाबु, अमेरिकी सङ्गीत ब्याण्ड समूह, चिनियाँ अङ्ग्रेजी पप गायक र गायिकाहरू, चिनियाँ पर्यटकहरू, ब्रिटिश तथा

अमेरिकन लगायत अन्य पर्यटकहरू, लिउको संस्मरणको क्रममा आएका चिनियाँ जनक्रान्तिका नेता माओत्सेतुङ, आर्थिक क्रान्तिका नेता देङ सियाओ पिङ आदि पक्ष र तिनका विविध चरित्र तथा सन्दर्भ चित्रण कथानक वर्णनमा आएको छ । ती मध्ये कथावस्तु विस्तारको क्रममा आएका विविध पात्र मध्ये प्रमुख पात्र 'लिउ' हो भने सहायक पात्र उसकै सहकर्मी मो तथा विभिन्न पर्यटकहरू जसले उसलाई चन्दा दिएर सहयोग गरेका छन् ती सहायक पात्र हुन् भने अन्य गौण पात्रहरू हुन् ।

### ३.११.३ संवाद वा कथोपकथन

'लिउ' कथा लिउको एकालापीय कथोपकथन तथा संस्मरणहरूले कथाको संवादलाई जीवन्त तुल्याएको छ । म पात्रले लिउको जीवन भोगाइका सांवेदिक कथाव्यथालाई उसको एकालापीय वर्णनातात्मक शैलीबाट चित्रण गरेका छन् भने आफू एउटा घटनाको प्रत्यक्षदर्शी बनेर कथा योजनाको सहजकर्ता बनेका छन् । कथामा मूलतः भोक्ता पात्र लिउको जीवनेच्छा अनुभूति र स्मृतिका विविध मानसिक संवेदनाहरूलाई संस्मरणात्मक शैलीबाट मार्मिक तवरले वर्णन गरेका छन् । यसमा आफू र परिवारको पेट पाल्नको निम्ति युवक लिउले गरेका जीवन सङ्घर्षका क्षणहरूलाई यसरी प्रस्तुत गरिएको छ - "उसको साथी मो बेइजिङका गल्लीभित्र रहेका रेष्टुराँ, बार र पवहरूमा गितार बजाउँदै पाकेट खर्च जुटाउने गर्थ्यो । उसले पनि 'मो' को देखासिकी गरेर गितार बजाउन सिक्यो र आफ्नै कमाइले सस्तो मूल्यमा एउटा पुरानो गितार किन्यो । गितार लिएर ऊ घर आयो र आमाबाबुलाई देखाउँदै भन्यो - "आफ्नै कमाइले मैले यो गितार किनेँ । अबदेखि म कुल्ली काम गर्दिन । म गितार बजाएर हामी सबैको पेट पाल्छु (पृ.९०) ।" यसबाट  कथाको कथानक संवाद निकै भावपूर्ण, सार्थक रहेको देखिन्छ ।

### ३.११.४ देश, काल र परिस्थिति

यस लिउ कथाको देश, काल र परिस्थिति चिनको बेइजिङ सहर स्थिति विभिन्न स्थान वातावरणीय वा परिवेशगत क्षेत्र बनेर आएको छ । फर्बिडन सिटीको राजप्रासादको भवन, फर्किडन सिटी र सब वे, तिअनअनमेन स्क्वारको पर्यटकीय दरबार चिनका मजदुर, किसानका जननेता माओत्सेतुङको स्मृति भवन, फर्बिकडन सिटीको पूर्वपट्टिको मिङवैशी राजाको राजप्रासाद  रेष्टुरा र सङ्गीतकार, कलाकार, पर्यटक आदिका आकर्षक उपस्थिति, रङ्गीचङ्गी मनोरम दृश्यात्मक परिवेश आदिकथानक वर्णनमा आएका देश काल र परिस्थिति हुन् । तिनले कथानक उद्देश्यलाई सरल, सङ्क्षिप्त, प्रभावकारी एवम् चोटिलो बनाएका छन् । कथामा परिवेश वा वातावरणीय चित्रणको एक दृश्य चित्र यसरी वर्णन गरिएको छ - "बेइजिङको तिअनअनमेन स्क्वायरमा जमेको हिउँ पग्लन थालेको थियो ।

फर्बिडन सिटी राजप्रासादको छतमा भने अझै हिउँका थेग्ला बाँकी नै थिए । मौसम घमाइलो हुन थालेको थियो । हिजो अस्तिभन्दा मान्छेको आवतजावत बढेको थियो (पृ.८९) ।" बाट 'लिउ' कथाको देश, काल र परिस्थिति स्पष्ट झल्किएको देखिन्छ ।

### ३.११.५ भाषाशैली

कथाको घटना वर्णनको माध्यम भाषा हो भने त्यसलाई प्रभावकारी र कलापूर्ण प्रस्तुत गर्ने तरिका वा पद्धति शैली हो । कथाको भाषा कथ्य छोटो र सरल प्रकृतिको पाइन्छ । कथामा उद्देश्य वा मुख्य विचार केन्द्रित भाव व्यक्त कथानक एक अंश यस्तो छ - "लिउ तिअनअनमेन स्क्वारबाट फर्किडन सिटी जाने 'सब वे' को एउटा कुनाको भित्तामा अडेस लागेर बसिरहेको थियो । ऊसँग एउटा पुरानो गितार थियो । उसले अगाडि भुँइमा सेतो कमिज फैलाएर राखको थियो, जसमाथि युआनका केही नोट र सिक्काहरू छरिएका थिए ( पृ.८९) ।" यसप्रकार कथाको भाषाशैली कारूणिक, वैचारिक, सरल, सरस रहेको छ ।

### ३.११.६ उद्देश्य

'लिउ' कथा चिनियाँ अल्पशिक्षित र वेरोजगार युवाहरूको वर्तमान अवस्थाको तीतो यथार्थ चित्रण गर्नु कथाको प्रमुख उद्देश्य हो । आधुनिक विकासको द्रुततर गतिमा अघि बढेको चीन राष्ट्रमा पनि काम र दामको खोजीमा सहरको गल्ली र सडकका छेउमा बसेर मगन्ते जीवन जिउन विवश लिउले गरेको कमाइबाट आफू र घर चलाउनु पर्ने कारूणिक दृश्यको सत्योद्घाटन गर्नु यस कथाको उद्देश्य हो । यसका साथै त्यस्ता युवाहरूलाई नागरिक समाज र राज्य पक्षले व्यवस्थापन गराई उनीहरूको रोजी रोटीको अवस्था सिर्जना गरी दिनु पर्ने लिउ कथाको विचार पक्ष हो । वेरोजगार युवाहरूको विश्वव्यापी सत्यता प्रकाश पार्नु, राज्यको ध्यानकर्षण गर्नु, शिक्षाको ठोस लक्ष्य त्यसको उपयोग क्षेत्र नभएको दर्साउनु आदि उद्देश्य हो ।

## ३.१२ ज्याक्सन हाइट

### ३.१२.१ कथावस्तु

प्रस्तुत ज्याक्सन हाइट कथाको कथावस्तु अमेरिकको व्यस्त सहर न्यूयोर्कको एक कुनामा रहेको आधुनिक सभ्यता र संस्कृतिको प्रतिनिधिमूलक स्थानको सचित्र वर्णनमा आधारित छ । मानिसलाई धनसम्पत्ति र रोमान्सको प्रलोभनमा जीवन्त दास बनाउने तर उसका चाहना, आवश्यकता र लक्ष्य कहिल्यै पूरा गर्न नसकिने यस प्रसिद्ध सहरले विश्वका लाखौं मानिसका सपनाहरूलाई सुनौलो भविष्यको आशामा सदैव बाँधी राखेको तीतो यथार्थ उद्घाटन गर्ने सन्दर्भबाट निर्मित छ ।

जम्मा १० पृष्ठको मझौला आयाममा संरचित उक्त कथा समग्र कृतिकै प्रतिनिधिमूलक कथा रचना हो । यसले सिङ्गो कथाको सार भाव बोकेको छ । कथामा उत्तर आधुनिक ज्याक्सन हाइट, रोसन (होटलको बेयरा), रेष्टुराभित्र/रेष्टुराँबाहिर, साहुजी ( होटल मालिक) तथा बियर पिइरहेकी युवती छन् । तिनकै विविध चारित्रिक कार्यव्यापार तथा घटना स्थलको चित्रण गर्ने क्रममा आएका वर्णनात्मक अभिव्यक्ति नै यस कथाको कथावस्तु रहेको छ । कथाकार 'म' पात्रले 'ज्याक्सन हाइट' कथाको प्रारम्भिक घटना वा दृश्य वर्णन यसरी प्रस्तुत गरेका छन् - "म एकदिन उत्तर आधुनि ज्याक्सन हाइटमा वर्तमान नेपाल र प्राचीन सम्यताको एक प्रतिनिधि पात्र भएर छिरेँ । त्यहाँ अमेरिकी गोरा र कालाभन्दा एसियाली गहुँगोरो र श्यामल अनुहारहरू दृष्टिगोचर भए । मलाई काठमाडौंको ठमेल र दिल्लीको करालबाग पुगेको अनुभव भयो । मनमा एक तमासको खुसी छायो ( पृ.९७) ।"

कथाकारका अनुसार यो सुन्दर सहर काठमाडौंको ठमेल र दिल्लीको पर्यटकीय क्षेत्रको प्रतिविम्बित रूप हो जसले हजारौं मानिसलाई आकर्षण गरेको छ । यसैगरी 'म' पात्र त्यहाँको एक रेष्टुराँमा छिर्नु र रोसन नाम गरेको नेपाली बेयरा भेटिनु, कथाकारले जुस र भेज मःमः अर्डर गर्नु, रोसन र म पात्र बिच नेपाल अमेरिकाबारे विविध संवाद हुनु, ज्याक्सन हाइटले थुप्रै नेपालीलाई दास बनाएको बताउनु, आफूले सोचेको र भोगेको अमेरिकामा निकै फरक पाउनु, रेस्टुराँका जुठा भाँडा बोक्दैमा आफ्नो जीवन बितेको पीडाको अनुभव सुनाउनु - "खोइ सर, हामीले अमेरिकालाई उल्लु बनाएका हौं कि अमेरिकाले हामीलाई मूर्ख बनाएको हो, भन्न गाह्रो छ । झट्ट हेर्दा यहाँको जस्तो स्वतन्त्रता कहीँ नभए जस्तो तर यो स्वतन्त्रता हाम्रो लागि बन्धन हो कि भन्ने आभास हुन्छ सर ! अदृश्य बन्धन ! छोडूँ छोडूँ लाग्ने तर छोड्न नसकिने, भागूँ भागूँ लाग्ने तर भाग्न नसकिने । झनझन भासिँदै जाने दलदलमा भासिए झैं । रोसनको अनुहार उदास देखियो (पृ.१०१) ।" यसै गरी अमेरिका अर्थात् ज्याक्सन हाइटले लाखौं स्वदेशी तथा विदेशीलाई तिनका रङ्गीन सपना पूरा गर्ने बाहनामा बुढ्यौली बनाएको र आफ्नो जीवन नै बन्धक राख्न विवश हुनु परेको तीतो यथार्थ प्रतिविम्बित गरेको छ । साहुजी वा रेस्टुराँ मालिक जो नेपाली भान्सा घर खोलेर बसेका व्यक्ति कुलबहादुरसँग भेटवार्ता हुन्छ । उनले विगत दस वर्षदेखि रेस्टुराँ चलाउन थालेको तर अहिलेसम्म एउटा गतिलो घर ठड्याउन नसकेको दुःखेसो प्रकट गर्दछन् । तिनले डलर र सुख सयलको नाममा विदेश पस्ने सबै नेपालीहरूको प्रारम्भिक अवस्था निकै जटिल र दुःखदायी हुने सत्यता उद्घाटन गर्छन् । साथै जुन नेपाली सोचाइले अमेरिका प्रवेश गर्छन्, त्यो कहिल्यै पूरा नहुने कुरा बताउँछन् । यद्यपि अमेरिकाको जीवन शैलीमा आफू र परिवार चल्न सकेकोमा गर्व गर्दछन् ।

यसै गरी बियर पिइरहेकी युवती र ऊ पैसा कमाउनकै निम्ति नेपालस्थिति काठमाडौंबाट अमेरिका पुग्ने स्त्री आफ्नो लोग्ने छोडेर विदेशी गोरासँग लहसिनु, यता दुई नाबालक छोराछोरीको विचल्ली हुनु, अमेरिकाका आफ्ना श्रीमान्को बेहाल अवस्था बनाउनु, रोसन नामको बेयारालाई उसको वास्तविकता थाहा हनु, रोसन र म पात्र बिच उसको बारेमा वार्ता संवाद हुनु, त्यस महिलालाई प्रेमीले छोडी  दिनु, महिला तनाबमा हुनु र त्यसै पीडालाई हटाउन नशा पिउने लतमा फस्नु आदि रहेका छन् । स्त्रीको बारेमा बेयरा र 'म' पात्र बिच भएको कारूणिक संवाद कथनको एक अंश यस्तो छ - "कति दु:खी देखिन्छे हगि सर !" रोसनले मेरो अनुहार ताक्यो । "हो रोसन, मलाई पनि यो स्त्री विक्षिप्त भए झैं लाग्यो । मैले ढोकातिर हेर्दै भनें (पृ.१११) ।" यस पङ्क्तिले स्त्रीको चारित्रिक बदनियत स्पष्ट पारेको छ । साथै कथाकारले अमेरिकी मोहप्रति लगावको बाहनाबनाउँदै रेस्टुराँ मालिकसँग आफूलाई काम लगाई दिन भन्नु, साहुले एकछिन ट्वाल्ल परेर म पात्रलाई हेर्नु, उनको अनुहार कठोर बन्दै जानु र अब त्यहाँ चिर परिचित नेपाली भावहरू नहुनु (पृ.११३), साहुको अनुहारमा ज्याक्सन हाइटको अमेरिकी साहुको अभिमान प्रकट हुनु, रोसन हतप्रभ र विस्मित हुँदै म पात्रलाई क्यारक्वारती हेरिरहनु  विभिन्न सपना सजाएर बसेका नेपाली नारी पुरुषको कारूणिक कथाव्यथाको प्रकाशन पार्नु 'ज्याक्सन हाइट' कथाको कथावस्तु रहेको छ ।

### ३.१२.२ पात्र तथा चरित्र चित्रण

प्रस्तुत ज्याक्सन हाइट कथामा पनि विभिन्न पात्रहरूको कार्य तथा तिनका चारित्रिक स्वभावको चित्रण गरिएको छ । जसमध्ये 'म' प्रमुख पात्र रेस्टुराको बेयरा सहायक पुरुष पात्र हो । त्यसरी नै रेष्टुरा मालिक अर्थात् साहुजी सहायक पात्र हो भने बियर लिएकी युवती, अमेरिका पुगेपछि श्रीमान् छाडेर अन्य पुरुषसँग लागेकी स्त्री (महिला), उसको श्रीमान् तथा अन्य पात्रहरू गौण पात्रहरू हुन् । तिनलाई कथाको आधारमा यसप्रकार चरित्र चित्रण गरिएको छ :

प्रस्तुत कथाको प्रमुख पात्र 'म' अर्थात् कथाकार स्वयं हुन् । उनी कथाको प्रारमभदेखि अन्त्यसम्मै आई उद्देश्यसम्म पुग्न सफल भएका छन् । यस आधारमा हेर्दा उनी पुरुष प्रमुख पात्र हुन् । अमेरिकाको ज्याक्सन हाइटको रमणीय दृश्य वर्णन तथा नेपालीहरूको जीवनशैली, तिनका उद्देश्य एवम् भावी योजनाको प्रत्यक्ष लेखाजोखा गर्ने क्रममा म पात्रको दृश्यात्मक चित्रण गरिएको एक अभिव्यक्ति यसरी आएको छ - "म एउटा रेष्टुराँभित्र छिरें - थकाली रेस्टुराँ । पोखराको साहुजीको जोडले हात मिलाए । चारैतिर नेपालीपन । ... 'अमेरिको उत्तरआधुनिक रेस्टुराँ' मेरोदिमागमा यस्तै सोच आयो । थकाली खानाको नाममा विशुद्ध नेपाली खाना खाइरहेका ग्राहकहरूलाई हेर्दै म कुनामा रहेको एउटा टेबल ओगटेर बसें (पृ.९७) ।" यसप्रकार कथामा 'म' पात्रको रोचक प्रस्तुती रहेको छ ।

### ३.१२.३ संवाद र कथोपकथन

कथाको संवाद कथानक अभिव्यक्तिमा प्रत्यक्ष विधिको उपयोग गरिएको छ । जसमा पात्रहरूको आफ्नै जीवन भोगाइ र ती भोक्ताले द्रष्टाको रूपमा अरूको मनोदशाको यथार्थ रूप प्रकट गर्दै सत्यताको प्रकाशन गरेका छन् । कथामा मूलतः अन्तरसंवाद संस्मरणात्मक वा एकालापीय वर्णन शैलीको कथोपकथन रहेको पाइन्छ । यसले कथालाई जीवन्त स्वरूप प्रदान गरेको छ । प्रमुख र सहायक तथा गौण पात्रहरूको चरित्र वर्णनको प्रत्यक्ष कथनको विविध प्रस्तुतिले कथानक संवाद सरल, सहज र आकर्षक बन्न पुगेको छ ।

### ३.१२.४ देश, काल, परिस्थिति

कथा घटनास्थल पृष्ठभूमिको परिवेशलाई हेर्दा अमेरिकाको विविध स्थानीय परिवेशको चित्रण पाइन्छ । मूलतः अमेरिकाको ज्याक्सन हाइट र त्यस आसपासका क्षेत्रहरू यस कथाको परिस्थिति वा वातावरण बनेर आएको छ । यस क्रममा उत्तर आधुनिक समयको प्रतिनिधित्व गर्ने सन्दर्भबाट व्यक्त देश, काल र परिस्थितिको ज्वलन्त कथानक एक अंश कथाको 'म' पात्रद्वारा यसरी चित्रण गरिएको छ -"विश्वको प्रसिद्ध सहर न्युयोर्क/अमेरिकाको व्यस्त राजधानी/न्युयोर्कको एक कुनामा 'ज्याक्सन हाइट' ज्याक्सन हाइटको वरिपरिबाट मौरीले रानुलाई घेरेर बसे झैं बसेका छन् नेपालीहरू, भारतीय, बङ्गलादेशी, पाकिस्तानी, श्रीलङ्काली र केही तिब्बतीहरू । उनीहरू ज्याक्सन हाइटमा आफ्नो परिचय स्थापित गर्न पाएकोमा प्रफुल्लित छन् (पृ.९६) ।" यस कथनमा न्यूर्याकस्थित ज्याक्सन हाइट देश वा घटना स्थल चित्रणको रूपमा आएको छ । यसैगरी परिस्थिती वावातावरणका रूपमा हेर्दा अमेरिकाको ज्याक्सन हाइटको व्यस्त सहरी परिवेश र त्यहाँका जनजीवन, होटल, रेस्टुराँ, सुपर मार्केट आदिका बजार, नेपाली साहुजी, नेपाली कामदार तथा नेपाली युवती/महिलाहरूका जीवन भोगाइका हाँसो, खुसी, रोदन र पीडाका आन्तरिक वा मानसिक परिवेश तथा बाह्य भौतिक सहरी परिवेश रहेको छ । यसप्रकार ज्याक्सन हाइट कथामा प्रस्तुत देश, काल र परिस्थिति समयसापेक्ष, परिस्थितिजन्य, आधुनिक अमेरिकाको वास्तविक प्रतिविम्ब झल्काउने अमेरिकन संस्कृति कथाको शीर्षकअनुरूप सार्थक बन्न पुगेको छ ।

### ३.१२.५ भाषाशैली

प्रस्तुत 'ज्याक्सन हाइट' कथाको भाषाशैली प्रतिकात्मक छ । अमेरिकी भिसा पाएर बसेको श्रीमान्ले लगेकी **आफ्नी** श्रीमती अन्य पुरुषसँग हिँडेपछि त्यसको बारेमा 'म' पात्र र सहायक पात्र बिच भएको आकर्षक कुराकानीको एक अंश यस्तो छ - "तिमीले भनेको ठीक हो रोसन !" मैले सहमति जनाएँ । पक्कै पनि यो स्त्रीभन्दा उसको लोग्ने झन् विक्षिप्त हुनुपर्छ जसलाई त्यो स्त्रीले नै यो अमेरिकामा खुट्टो टेक्ने बित्तिकै छोडेकी थिई । उसले

श्रीमतीलाई अमेरिका बोलाएर के के गर्छु भन्ने सोचेको थियो होला । कति सपनाहरू सजाएको थियो होला उसले तर अमेरिकाले उसका सबै कुरा लुट्यो (पृ.१११) ।" यसबाट प्रस्तुत कथाको भाषाशैली सरल, सरस र कारुणिक बन्न पुगेको छ । यसरी कथामा प्रतीकात्मक भाषिक शब्द शैलीको प्रयोगले कथानक प्रभावकारी एवम् आकर्षक बनेको देखिन्छ ।

### ३.१२.६ उद्देश्य

कुनै पनि कथाको उद्देश्य सन्देश प्रदान गर्नु रहेको देखिन्छ । यसअनुरूप ज्याक्सन हाइट कथाको उत्तरआधुनिक अमेरिकको ज्याक्सन हाइट सहरको सामाजिक, आर्थिक, पेसागत-व्यवसायिक तथा सांस्कृतिक पक्षको उजागर गर्नु, रोजगारको सिलसिलामा त्यहाँ बस्ने नेपालीहरूको यथार्थ, बाध्यता, समस्या, पीडा आदिको अभिव्यक्ति गर्नु, डलर र सुख सुविधाको खोजमिा अमेरिका पसेका नेपाली नारी/पुरुषका सुनौला सपना र त्यहाँको वास्तविक जीवन बीचमा धेरै भिन्नता दर्शाउनु, जीवन दुःखदायी, कठिन र सङ्घर्षशील रहेको तथ्य प्रकाश पार्नु, आफ्नो मातृभूमिप्रति सदा राष्ट्रियताको भावना देखाउनु, भौतिक सुखभन्दा मानसिक सुख महत्वपूर्ण हुन्छ भन्दै उच्च महत्वाकाङ्क्षाबाट टाढा रहनु अनि वास्तविक जीवनको बोध गर्न सक्नुपर्छ भन्ने विचार प्रस्तुत गर्नु प्रस्तुत ज्याक्सन हाइट कथाको उद्देश्य रहेको देखिन्छ ।

## ३.१३ रोजा

### ३.१३.१ कथावस्तु

कथाको कथानक विषयवस्तु हाइटी राष्ट्रको निम्न वर्गीय परिवारकी युवती रोजाको सामाजिक-आर्थिक अभावका कारण उत्पन्न विविध समस्यामूलक जीवन गाथासँग सम्बन्धित छ । आर्थिक अभावका कारण संयुक्त राष्ट्र सङ्घीय मिसनद्वारा सञ्चालित शान्ति सुरक्षाका निम्ति विभिन्न देशबाट हाइटी खटाइएका सुरक्षाकर्मीलाई आफ्नो शरीर सुम्पिएर आफू र आफ्नो परिवारको दैनिक गुजारा टार्न विवश नारीको कारुणिक कथामा आधारित घटनाहरूको प्रस्तुति नै रोजा कथाको कथावस्तु हो ।

रोजाले पूर्वप्रेमीको इमेलमा पाँच सय डलर रकम पाउने वचन प्राप्त हुनु, ऊ खुसीले प्रफुल्ल बन्नु, तत्कालीन प्रेमी रोजरले हाँसी मजाक उडाउनु, रोजा भावुक बन्नु, पूर्वप्रेमी आदमसँग रोजाको आत्मिक र सहयोगात्मक सम्बन्ध भएको दर्साउनु, रोजरले ईर्ष्या र घृणाको भावले हेर्नु, आदमले शैक्षिक र आर्थिक सहयोग गरेको पुनः स्पष्टोक्ति गर्नु, रोजाले वर्तमान प्रेमी रोजरसँग सय डलरको अपेक्षा गर्नु जुन कुरा रोजरले "यू.एन.मिसनको अवधि सकिएपछि घर फर्कनुपूर्व दिने बचन दिएको कुरा सम्झाउनु, रोजरले रोजालाई त्यस

पैसाले के गर्छौं ? भनी सोध्नु, रोजाले रेडिमेड कपडा पसल राख्ने कुरा गर्नु,रोजाले चाहेको व्यापारको कल्पनामा डुब्नु, रोजर रोजाको आग्रहलाई कसरी टार्ने भनी सोचिरहनु, उसको बारेमा धेरै सोचविचार गर्नु, रोजाले आफूलाई विगतमा दिएको न्यानो मायाको सम्झना गर्नु, रोजर गइसकेपछि रोजा कसैको हुने कुराले सताउनु, रोजाको पारिवारिक वास्तविकता खोतल्नु, रोजरले अशान्त भावले रोजालाई हेर्नु तर केही नबोलिकन बस्नु, रोजा भने घरमा आमाबुबाले कचकच गरिहेको कुरा सुनाउनु, रोजरले दिएको मासिक दुई सयमा आफ्नो घर व्यवहार चलेको दर्शाउनु, आफूसँग अलग रहेपछि सकरी बस्छ्यौं , के विहे गर्छ्यौ ? (पृ.११८) भनी रोजरले सोध्नु, आदम रोजरले दिएको पैसाले व्यापार थाल्ने कुरा बताउनु, आदमको प्रतीक्षामा रहनु, ऊ नआए रोजर जस्तै सहयोगी व्यक्तिको साथ लाग्ने छु भन्नु, अन्तिम विकल्पमा पेचोभिलको पार्क बाँकी रहेको दर्साउनु, रोजर मौन रहेकोमा रोजाले शङ्काको भावले हेर्नु, रोजाले रोजरको घाँटीमा अङ्कमाल गर्नु, ल्यापटपको स्पिकरबाट ब्रायन आडम्सको साङ्गीतिक धुनमा 'लेट्स मेक अ नाइट टु रेमेम्बर फर्म जनवरी टु डेसेम्बर...' (पृ.११९) मा रमाउनु र नाच्न थाल्नु, रोजाले रोजरलाई प्रेमले चुम्बनको वर्षा गर्नु, रोजाले पुनः स्मृति गराउनु, रोजरले रोजाको दैनिक खर्च, उसका इच्छा र आवश्यकताको लेखाजोखा गर्नु, उसका फेसन र श्रृङ्गार सामग्रीको कल्पना गर्नु र उसको रूप सौन्दर्यमा मुग्ध भएर सोच्नु, भोलिदेखि रोजाको आकर्षक शरीर आफूसँग नरहने कुराले सताउनु, रोजाले पाँचसय डलर मागेकोमा चिन्तित हुनु, रोजालाई रोजरको यो व्यवहार अस्वाभाविक र अमर्यादित लाग्नु, रोजाले शङ्कालु दृष्टिले रोजरलाई हेर्नु, रोजरले अकस्मात् - "अब म गएपछि तिम्रो आदाम (पूर्वप्रेमी) फेरि फर्केर पोर्ट ओ प्रिन्समा आउँछ कि कुनै भुसतिघ्रे खोजी सक्यौ ?" भन्नु प्रश्नको जवाफमा रोजाले तिमी सक्छौ त मलाई स्याहार्न रोजर ? के मलाई स्वास्नी बनाएर लैजान्छौं आफ्नो देश, ... (पृ.१२१) ।" भन्दै कड्किनु, दुवै बिच आपसी भनाभन चल्नु, रोजरले रोजालाई डलरको निम्ति गरेको स्वार्थपूर्ण मायाको असीम माया लगाउनु, रोजाले पनि समर्थन जनाउने, एकअर्काको कमजोरी र आलोचनाको विश्लेषण गर्नु, एकले अर्कालाई स्वार्थपूर्ण देख्नु, रोजरलाई गर्दनमा पकड्नु, आफूसँग बिताएका कैयौं रातमध्ये केवल पाँच रातको मूल्य हिसाबकिताब माग्नु, रोजर भयभीत बन्नु, रोजाले आपत्तिजनक अश्लील शब्द प्रहार गर्नु, रोजरले पर्सबाट सयका पाँचवटा नोट रोजातिर फ्याँक्नु, उसले नोट टिप्नु र रोजरलाई धन्यवाद दिँदै कोठाबाट बाहिरिनु, आफूले रिसको झोकमा भनेको कुरालाई बिर्सन भन्दै आई लभ यू भेरी मच । भन्नु रोजरले "मि टु रोजा (पृ.१२४)" भनी शुन्य भावले रोजालाई हेरिरहनुसम्मका कथानक घटनाक्रमे कथाको श्रृङ्खला संरचित छ ।

### ३.१३.२ पात्र वा चरित्रचित्रण

अल्प पात्र रहेको कथामा प्रमुख, सहायक र गौण तिनै खाले पात्रहरूको संयोजन पाइन्छ । कथाको प्रमुख पात्र नायिका रोजा हो । ऊ कथाको केन्द्रीय नारी पात्र र उसकै चारित्रिक केन्द्रीयतामा कथाको केन्द्रीय विचार अभिव्यक्त भएको छ । यस अनुरूप हेर्दा रोजा प्रमुख अनुकूल प्रवृत्तिकी नारी पात्र हो । त्यसैगरी सहायक चरित्रका आधारमा हेर्दा उसको प्रेमी रोजर पुरुष, सहायक भूमिका अनुकूल प्रवृत्तिको पात्र हो । यसरी ऊ कथाको केन्द्रीय पात्र रोजालाई कथानक उद्देश्यसम्म पुऱ्याएर आफ्नो सार्थक कार्य भूमिका प्रस्तुत गर्ने महत्वपूर्ण सहायक पात्र मानिन्छ । यसैगरी यस कथामा गौण पात्रको पनि भूमिका उल्लेख्य देखिन्छ । कथामा भएको रोजाको पूर्वप्रेमी आदम कार्यभूमिकाका आधारमा गौण अनुकूल पात्र हो । उसले हरेक कोणबाट प्रमुख पात्र रोजालाई सहयोग गरि कर्तव्य पूरा गरेको छ । यसरी नै गौण पात्रका रूपमा रोजाका आमाबुबा, ब्रायन आडम्स (संस्मरणका रूपमा) तथा अन्य अप्रत्यक्ष चरित्रहरू आएका छन् ।

### ३.१३.३ संवाद वा कथोपकथन

'रोजा' कथाको संवाद प्रस्तुति निकै आकर्षक  पाइन्छ । प्रत्यक्ष विधिको कथोपकथन शैलीमा आधारित यस कथामा संस्मरण शैलीको कथोपकथन रहेको छ । प्रमुख, सहायक र गौण पात्रहरूका विविध कार्यव्यापार तथा तिनका चारित्रिक कार्य भूमिकामा कथाको कथोपकथन गरिएको छ । तृतीय पुरुष दृष्टिविन्दुको कथोपकथनमा आधारित यो कथाले प्रेमी-प्रेमिका बिचमा रङ्गीन प्रेमको वार्तालाप मिलन-विछोडका दृश्यहरूलाई उतारेको छ । रोजर-रोजा बिचको प्रेममय संवाद कथनमा आधारित एक अंशको झलक कथामा यसरी अभिव्यक्त भएको छ - "तिमीलाई थाहा छ रोजर, तिमी गएपछि मैले के सोच बनाएकी छु ?" रोजाले रोजरको औंला खेलाउँदै भनी । रोजरले उसका आँखामा हेऱ्यो । "तिमी गएपछि म पनि घर छोड्छु । रोजाले रोजरका औंलाभित्र आफ्ना औंला घुसार्दै तान्दै भनी (पृ.११७) ।" यसैगरी कथामा थुप्रै संवादको रोचक प्रस्तुतिको आकर्षक, कौतुहलपूर्ण र कलात्मक कथोपकथनले कथाको संवाद सार्थक बन्न पुगेको छ ।

### ३.१३.४ देश, काल, परिस्थिति

'रोजा' कथा  हाइटी राष्ट्रको स्थान वा देश निर्देशित कालखण्ड लेखक अर्थात् कथाकार शाह संयुक्त राष्ट्र सङ्घिय मिसनअन्तर्गत शान्ति सुरक्षार्थ खटिई जाँदा हाइटीमा कार्यरत सैनिक जवान र त्यहाँका न्यून वर्गीय परिवारका नारीहरूले आफ्नो जीविकोपार्जनका निम्ति गोप्य धन्दाको रूपमा अपनाउँदै आएको यौन पेसाको वास्तविक झलकलाई कथाको परिस्थिति वा परिवेश चित्रणका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी त्यहाँको सहरी

आधुनिक संस्कृति, स्वतन्त्रता र खुला मनोवृत्तिको सहरकेन्द्री परिवेशको सत्योद्घाटन गर्ने सन्दर्भबाट कथामा कथानक परिस्थिति निर्माण भएको छ । कथाको विषयवस्तु, शीर्षक र उद्देश्यानुरूप कथाको देश, काल, वातावरण सुहाउँदो वा सान्दर्भिक रहेको पाइन्छ । यसैगरी हाइटी सहरका अलावा डोमिनिकन सान्टो डोमिङ्गो सहर (व्यापारिक केन्द्र), पेचोभिलको पार्क आदि कथाको प्रमुख कार्यपीठिका बनेर आएको छ ।

### ३.१३.५ भाषाशैली

प्रस्तुत 'रोजा' कथाको भाषाशैली प्रेम र यौनका विम्ब प्रतीकको प्रतीकात्मक शैलीले कथामा प्रभावोत्पादन सिर्जना गरी उद्देश्यमूलक तुल्याएको छ । कथाको केन्द्रीय कथ्यमा आधारित लेखकीय  संस्कमरणात्मक कथन शैलीको कारूणिक अभिव्यक्ति गरिएको रोजाको भनाइको उद्धरण यसरी आएको छ - आफ्ना कुराप्रति रोजरले गहिरिएर चासो नदेखाएकोमा रोजा भित्रभित्रै कुडिदै थिई । महिनामा हजारौं डलर कमाउने रोजरले सधैंका लागि छुटिएर जाने बेलामा पनि आफ्नी गर्ल फ्रेन्डलाई पाँच सय डलर दिन आनाकानी गरिरहेकोमा रोजा अचम्म मानिरहेकी थिई । रिसको आवेग थाम्न मुस्किल भइरहेको थियो उसलाई (पृ.१२२) ।" ले रोजाको आर्थिक र दीनहीन करूण भावको दृश्य प्रतिविम्बत हुन पुगेको देखिन्छ ।

### ३.१३.६ उद्देश्य

कथानक मूल कथ्य वा विचार नै कथाको उद्देश्य हो । कथा हाइटी राष्ट्रका गरिब र विपन्न परिवारका नारीहरूको सामाजिक-आर्थिक अवस्थाको यथार्थ चित्रण गर्नु, जिविकोपार्जनको निम्ति जागिरे सिपाही तथा युवाहरूको साथ लाग्नु वा भर पर्नु, त्यसका निम्ति नारीले आफ्नो शरीर गोप्य रूपमा सुम्पनु, हाइटी मिसनमा रहने पुरुषहरूको सच्चा शान्तिगामी प्रतिच्छाया प्रस्तुत गर्नु, धन सम्पत्ति, माया-प्रेम र यौन जीवनको अभिन्न पक्ष रहेको खुलासा गर्नु, आधुनिक सहरी मनोरञ्जनका नाममा हुने गरेका विकृति र विसङ्गतिको चिरफार र त्यसको रोकथामको उपाय दर्शाउनु, शारीरिक र मानसिक सन्तुष्टिले मात्र जीवन सुखदायी हुने कुरा बताउनु, राज्य तथा नागरिकले रोजगारमूलक अवस्था सिर्जना गरी स्वावलम्बी र आत्मनिर्भर बनाउनु, रोजाको जीवन गाथा, उसको मनोभाव तथा नामङ्कनबाट रोजा कथाको शीर्षकअनुरूप उद्देश्य सार्थक, सफल र प्रभावकारी रहेको तथ्य स्पष्ट पार्नु आदि 'रोजा' कथाको उद्देश्य हो ।

## ३.१४ 'आम्सटर्डमको रातो गल्ली'

### ३.१४.१ कथा वस्तु

'आम्सटर्डमको रातो गल्ली' कथाको कथावस्तु अस्ट्रेलियाको यौन व्यापारिक क्षेत्रको नामले चर्चित 'आम्सटर्डमको रातो गल्ली' भित्र ट्याक्सी ड्राइभिङ्ग गर्ने एल्जो र दुई यौन

ग्राहक बिचको चारित्रिक कार्यव्यापरसँग सम्बन्धित रहेको छ । यस क्रममा क्याबिनको रातो प्रकाशमा अर्धनग्न अवस्थाको युवतीहरूको दृश्य देखेर असहज मान्नु, रातो गल्लीमा उसका तीन चारजना साथी पढाइ छोडेर क्याबिनको शोभा बन्न पुग्नु र त्यहाँबाट कहिल्यै पनि बाहिर नफर्कन एल्जोले साथीहरूको स्मरण गर्नु र आफूलाई पनि त्यस पेसामा आउन आमन्त्रण गरेको सम्झनु, साथीहरूले सुँगुर रूपी पुरुषले नारीहरूमाथि गरेका यौन शोषणको स्मृति हुनु, एल्जोले रातो गल्लीभित्र हेर्नु र जिल्ल पर्नु, पुरुष निराशा र पश्चातपको अनुहार देख्नु, दुईजना मानिस पार्किङ्गतर्फ आउनु, ऊ ट्याक्सीको चालक सिटमा गएर बस्नु, स्टार्ट गर्नु र हेडलाइट बाल्नु अघि हर्न बजाउनु, ती मानिस (यौन ग्राहक) ट्याक्सीमा चढ्नु र यात्रुको गन्तव्यतर्फ (क्याबिन नम्बर १०३) ट्याक्सी मोड्नु, दुईजना बिच वार्तालाप हुनु, इटालियन नामकी युवतीसँग यौन सम्बन्ध कायम गर्नु र त्यस वापत ५० युरो खर्च भएकोमा निराश बन्नु, एल्जोले मनमनै 'साले सुँगुरहरू !' भनी घृणा भाव प्रकट गर्नु र तिनीप्रति क्रोधित बन्नु, पुरुषहरू अश्लील वार्तालाप गर्दैरहनु, ड्राइभर युवती र एल्जोलाई तिनप्रति घृणा भाव जाग्नु, ट्याक्सी भाडाको बारेमा प्रश्नोत्तर र विवाद पैदा हुनु, घरमा जहान बच्चाले भनेका घरायसी सामग्रीको बारेमा सम्झना आउनु, तिनको बेवास्ता गर्नु, दोस्रो व्यक्तिले ठट्टै ठट्टामा कफीको बट्टा र जुस ल्याउन गरेको एस.एम.एस.का जवाफमा कफीको बोटै चपाउन पाएपछि धुलो घोलेर के खानु ? होइन त यार (पृ.१२८) ।" भनी हाँसी मजाक उडाउनु, एल्जोले अचानक ब्रेक लगाउँदा पहिलो व्यक्तिले "ऐया !" भनी चिच्याउनु, एल्जोप्रति रिस उठ्नु, वीरबहादुरले अल्बर्टलाई "तिमीले बेरोजगार भत्ता पायौ अल्बर्ट (पृ.१२९) ?" भनी सोध्नु, वीरबहादुरले श्रीमतीको कमाइमा बाँच्नु परेकामा पीडा बोध गर्नु, अल्बर्टको वेरोजगार भत्ता महिनाभित्रै सकिएको चिन्ता प्रकट गर्नु, वीरबहादुरले "आज बाँच्न सिक, भोली के हो के हो (पृ.१२९) ?" भनी सान्त्वना दिनु नयाँ नयाँ तरूनीहरूको कुरा गरेर रमाइलो गर्न सिकाउनु, रक्सी र वाइनले मात्दै बीर बहादुर बोल्दै जानु, विदेशीहरू आम्सडर्ममा मस्ती गर्न आउँदा आफूले पनि मजाक गर्नुपर्छ पैसा बचाएर राख्न भन्नु, अल्बर्टमा स्फूर्ति हराउनु र चकित देखिनु, बीरबहादुरले पहिलेको दर्शन पुनः दोहोऱ्याउनु, श्रीमती र छोराछोरीको चिन्ता गर्न छोडे तिनीहरू यौनान्दको उत्पादन हुन् भन्नु, एल्जोले चुपचाप तिनका कुरा सुनिरहनु र प्रारम्भमा हाँसो पैदा भए पनि अन्ततः उसका आँखा आँसुले भरिनु, एल्जेले ट्याक्सी बायाँ मोड्नु । अल्वर्टको घर अगाडि रोक्नु, अल्बर्ट ओर्लनु र "ओके गुड नाइट ! सि यु ल्याटर (पृ.१३१) ।" भन्दै गेटभित्र छिर्नु, वीरबहादुरले पनि "सय मिटर अगाडि ट्याक्सी रोक्न भन्नु (पृ.१३१) ।" ट्याक्सी रोकिएपछि उसले छ युरो एल्जोलाई दिएर घरमा प्रवेश गर्नु, ऊ अचानक खोक्न थाल्नु र भुइँमा घोप्टिनु, एल्जोले हातको सहाराले उसलाई उठाउनु, ढोका खोलेर एउटी रोगी आइमाई

बरन्डामा आउनु, "तिम्रो लोग्ने हो आमा !" भनी एल्जोले देखाउनु र कथानक घटना समाप्त हुनुसम्मका घटनाहरू प्रस्तुत कथाको कथावस्तु हो ।

### ३.१४.२ पात्र र चरित्र चित्रण

प्रस्तुत कथाको संयोजन विविध पात्रहरूको सहभागितामा भएको छ । कथानक वर्णनलाई सरल प्रभावकारी बनाउन कथामा थुप्रै पात्र तथा तिनका चारित्रिक चित्रण गरिएको छ । सहायक र गौण पात्रहरूको कार्य भूमिका तथा तिनका एकालापीय कथोकथनले पात्रहरूको चरित्राङ्कनलाई जीवन्त तुल्याएको छ । कथानक द्रष्टा 'म' पात्र, प्रमुख पात्र एल्जो, सहायक पात्र अल्वर्ट, वीरबहादुर तथा गौण पात्रका रूपमा क्याबिनका केही साथीहरू, नादिया एवम् ग्राहक लगायत अन्य रहेका छन् ।

### ३.१४.३ संवाद वा कथोपकथन

कथामा 'म' पात्रको एकालापीय संस्मरणात्मक कथोपकथन, विभिन्न पात्रहरू बिचको अन्तरसंवाद, तृतीय पुरुष दृष्टिविन्दुको कथनपद्धतीय ढाँचाको प्रयोग भएको छ । प्रेम, हाँसो, खुसी, निराशा, यथार्थ, आलोचना, जीवन भोगाइका सुखद, दुःखद, बाध्यता, विवशताको पीडा र जटिलता जस्ता पक्षहरूको घटना वर्णनको मार्मिक संवादले कथोपकथन प्रभावपरक बनेको देखिन्छ । पात्रहरू बिचको प्रेम प्रणयमूलक कथोपकथनको रोचक प्रसङ्ग यसरी प्रस्तुत गरिएको छ - "किन ? तिम्रो मुड खराब भए जस्तो छ नि ? नराम्रो माल भेट्यौ कि क्या हो ?" दोस्रो व्यक्ति हाँस्दै बोल्यो । घरको मालभन्दा त राम्रै हो । तर हरामीकी छोरी अति चलाख र धूर्त थिई । क्याबिनभित्र छिरेको पाँच मिनेटमै मैदान खाली गरी दिई । साथसाथै ५० युरो टिप्स पनि झम्टेर लिई । ऊ चिन्तित माने झैं गरी बोल्यो ( पृ.१२७) ।" भन्ने संवादात्मक कथनले कथाको कथोपकथनलाई आकर्षक तुल्याएको छ ।

### ३.१४.४ देश, काल, परिस्थिति

कथाको परिवेश अस्ट्रेलियाको आम्सटर्डमको आधुनिक सहरी सांस्कृतिक र यसैको परिवेशगत वातावरण कथामा देश, परिस्थिति बनेर आएको छ । वातावरणीय दृष्टिले हेर्दा खुला यौन व्यापार सञ्चालित आधुनिक  सहरी संस्कृतिको झलक आएको छ । एकातिर वेरोजगारी सहरी समस्याले निम्त्याएको आर्थिक अभाव र जीविकोपार्जनको दैनिक समस्या छ भने अर्कातर्फ भट्टी र कोठीमा गई वेश्या र व्हिस्कीमा पैसा खर्च गर्ने तथा आधुनिकताको नाममा खुलेआम वेश्यावृत्ति उद्योग चलाई रातारात धनी हुने विकृतिमूलक सहरी संस्कृतिको तीतो यथार्थको परिवेश कथामा पाइन्छ ।

### ३.१४.५ भाषाशैली

कथामा संवादात्मक भाषाशैली प्रस्तुत छ । पात्रहरूको संवादकथन, एल्जोको मौन कथन 'म' पात्रका एकालापीय कथनशैलीले कथालाई थप कलात्मक तुल्याएको छ । आर्थिक अभावको मारमा परेका बेरोजगार युवायुवतीलाई लक्षित गर्दै यौनकर्मी पुरुष अर्थात् कथाको सहायक पात्र अल्बर्ट र वीरबहादुर बिचको पीडादायक मार्मिक कथन प्रस्तुतिको भाषाशैलीले युक्त अभिव्यक्तिको एक झलक यसरी व्यक्त भएको छ- "हामी के गरौँ यार ? सरकार हामीलाई जागिर दिँदैन तर वेश्यालय खोल्न दिन्छ । वेरोजगार भत्ता दिँदै भन्छ, रेडलाइट एरियामा गएर मस्ती गर !" हामीलाई भत्ता बापत दिएको पैसा रन्डीहरू मार्फत् जबरजस्ती असुलेर फिर्ता लान्छ । ल भन्, हामी के गर्न सक्छौँ यार ? अल्बर्टले हतास हुँदै भन्यो ( पृ.१२९) ।" यसप्रकार 'रातो गल्ली' आम्सटर्डम कथामा कलात्मक संवेदनायुक्त भावजन्य चेतनाप्रवाह भाषाशैलीको उचित संयोजन पाइन्छ ।

### ३.१४.६ उद्देश्य

आधुनिक युरोपेली सहरी समाजमा मौलाउँदै गएको यौन व्यवसाय र यौनकर्मीहरूको स्वभाव वा चरित्र उद्घाटन गर्नु यस कथाको मूल उद्देश्य रहेको पाइन्छ । साथै त्यहाँको यथार्थ स्थितिको खुलासा गर्नु, युवायुवतीहरू रोजगारको अभावमा वेश्यालय पुग्नु, आर्थिक अभावका कारण युवतीहरू वेश्यावृत्ति जस्तो नारकीय जीवन जिउन विवश हुनु, बढ्दो वेरोजगारी समस्या र त्यसले निम्त्याएका विविध समस्याहरू उजागर गर्नु जस्ता कुराहरू यस कथाको उद्देश्य बनेर आएको देखिन्छ । यसरी नै देश विकासमा युवा जनशक्तिको खाँचो औँल्याउनु, सरकारले तिनको उचित व्यवस्था मिलाउनु पर्ने विचार अभिव्यक्त गर्नु । आधुनिक समाज रोमान्समा चुर्लुम्भ डुबी कठोर, निर्दयी, गैरजिम्मेवार एवम् व्यभिचारी बनी मानवीय नैतिकता र अस्तित्व नै गुमाउन पुगेको तीतो यथार्थ प्रस्तुत गर्दै सुधारात्मक राज्य तथा नागरिकले मानवीय भूमिका निर्वाह गर्नुपर्दछ भन्ने दृष्टिकोण प्रस्तुत गर्नु 'आम्सटर्डमको रातो गल्ली' कथाको उद्देश्य रहेको स्पष्ट हुन्छ ।

## ३.१५ लुडी

### ३.१५.१ कथावस्तु

हाइटीकी निम्नवर्गीय नारी लुडीको चारित्रिक स्वभाव र उसका क्रियाकलापमा यस कथाको कथावस्तु संरचित छ । कथामा लुडीको मनोचाहना र उसका स्वभावको चित्रण गरिएको छ । लुडीले आफ्नो सौन्दर्यको वर्णन गरेको प्रसङ्गबाट कथानक प्रारम्भ हुन गएको छ । "म आज राम्री देखिएकी छु हगि !" लुडीले कपाल देखाउँदै भनी । मैले उसको कपाल हेरेँ । उसले चौरमा दुबोका बुच्का उम्रे झैँ देखिने आफ्नो जिङ्ग्रिङ्ग परेको कपालमा

बुट्टादार आरोस (नक्कली कपाल) गुतेकी थिई (पृ.१३२) ।" बाट कथावस्तु अघि बढेको छ । उसको प्रेमी जिलले अङ्ग्रेजी कोचिङ्ग क्लासलिन भनि दिएको ५० डलर पैसाले लुडीले कपाल बनाउँछे । उसले आफू खुबै राम्री छु भन्ने देखाउन बनाएको कपाल आफ्ना प्रेमीको साथी 'म' पात्रलाई मन पर्दैन ।

त्यसैगरी लुडी राम्री भएकीमा मनमनै प्रसन्न मुद्रामा रहनु र 'म' पात्रलाई सुनाउनु, 'म' पात्रले त्यस ठाउँमा आफू भएको भए त्यो पैसाले महत्वपर्ण काम गर्ने कुरा सम्भनु, 'म' पात्रले उसको पढाइको खर्च बारे सोच्नु, जिलले पैसा दिए पढ्ने नत्र नपढ्ने कुरा लुडीले गर्नु 'म' पात्रलाई उक्त कार्य मन नपर्नु, 'म' पात्रले लुडीलाई आफूले गर्नुपर्ने सहयोगबारे सोध्नु, लुडीले सहयोग गरे अस्वीकार नगर्ने बताउनु, 'म' पात्रले त्यस नारीसँग आफ्नो प्रथम परिचय भएको कुरा सम्भनु, 'म' पात्र र जिल (अमेरिकी युवक) सँगै बस्दै आउनु, लुडीले 'म' र 'जिल' लाई भान्साको कार्यमा सहयोग गर्नु, लुडी र उसको लोग्ने भ्यालिसले त्यस घरको रेखदेख गर्नु, घर मालिक मिस्टर जानमारी भने भियामीमा बस्नु, एकदिन ऊ पोर्ट ओ प्रिन्स आउनु, हाइटी सहरको बारेमा वार्तालाप हुनु, हाइटी राम्रो हुनुमा अमेरिकी डलर भएको विचार राख्नु, म पात्रको नजर अचानक लुडीका सात वर्षीय छोरी विस्ली र चार वर्षको छोरो वुडमा पर्नु, तिनले कमिला टिपेर खाइरहेको देख्नु, म पात्रले चकलेट किनेर दिनु, लुडीलाई बियर र मासु ल्याउन पैसा दिएर पठाउनु, जिल हातमा ह्विस्कीको बोतल लिएर लरबरिँदै बाहिर आउनु, "म सप्ताहान्त मनाइरहेको छु मित्र, इफ यु डोन्ट माइन्ड ओके !" उसले लठ्ठिएका आँखाले मतिर हेर्दै भन्नु, 'म' पात्रत्रे "कुनै धन्दा मान्नु पर्दैन मित्र ! इन्जोय योर सेल्फ !" भन्नु र ऊ खुसी हुनु (पृ.१३६) लुडीले नक्कली कपाल हालेको कुरा दुवैलाई मन नपर्नु, म पात्रले यस अघि घण्टौं जिलको कोठाभित्र तिनीहरूको वार्तालाप भएको सम्भनु, शमीको छहारीमुनि दिनभर उँघेर बस्ने लुडीको श्रीमान् भ्यालिसको जीवन आरामसाथ चलिरहेको सम्भनु, जिल रक्सीले मात्दै जानु, लुडी उसको पूर्वप्रेमी भएको ठाउँ भियामी जाने कुरा बताउनु, 'म' पात्रले सान्त्वना दिनु, लुडीले हिवस्की र बियर लिएर आउनु, जिल लुडीसँगै कोठाभित्र छिर्नु, भ्यालिसले छोरा वुडलाई ब्रसले आँगन सफा गर्न सिकाउनु, लुडी बिग्रेको अनुहार लिएर रूँदै बाहिर निस्कनु, जिलले "आज पनि नयाँ 'फाम' ( क्रियुनलमा 'केटी') चाहियो भन्दैछ भनी सुनाउनु (पृ.१३८),'म' पात्र अचम्मित हुनु, अङ्ग्रेजी सिक्न दिएको पैसाले आरोस गुतेको उही जिलको लागि भएको सम्भनु, लुडीको सुन्दर हुने चाहना पूरा नभएको चिन्तित देखिनु, लोग्ने भ्यालिस आँगनमा शमीको रूखमुनि सुस्ताइरहेको देख्नु, न्यून आम्दानी (१०० अमेरिकी डलर) पाउनु उनीहरू दैनिक कष्टकर जीवन निर्वाह गर्नु, लुडीले म र जिलको काम सघाए वापत थप १०० डलर पाउनु, उनीहरूको दैनिक जीवनप्रति म पात्रलाई सहानुभूति जाग्नु, 'म' पात्रले बियर पिइरहँदा

भ्यालिसको मुख रसाएको बोध हुन गई बियर पिउन आग्रह गर्नु, भयालिसलाई धन्यवाद दिनु तर लुडीले भ्यालिसलाई गाली गर्नु, उसले आफ्नो लोग्ने नभएको कुरा गर्नु तर ५ वर्षदेखि पार्टनर जस्तै भएर बसेको बताउनु, सानो छोरो ऊबाट जन्मिएको भए पनि जेठी छोरी पहिलो ब्वाइफ्रेन्डबाट जन्मेको सत्यता खोल्नु, भियामी गई पैसा कमाएपछि मात्र विहे गर्ने कुरा गर्नु, म पात्र अचम्म पर्नु, जिलले लर्खरिदै "लुडी...! भन्दै बोलाउनु र लुडीभित्र पस्नु, म पात्रको नजर तल आँगनको भित्तामा अडेस लगाई बियरको चुस्की लिइरहेको दृश्यमा पर्नु, उसका बच्चाहरू खेलिरहेको देख्नु, तिनलाई बाख्राको पाठासँग तुलना गर्नु र तिनमा धेरै समानता देख्नु, 'म' पात्र अघिल्लो रात समुद्री किनारमा आएको मेघगर्जन सहितको आँधीबेहरी सम्झनु, लुडीले यी बाख्राहरू पानीले कुटेर झन् बलिया हुँदै जाने तर्फ राख्नु, म पात्र छक्क पर्नु, म पात्रले लुडीका बच्चाहरू देख्नु, ती बच्चाहरू र बुट्यानमा आमा खोज्दै भौंतारिरहेका पाठाहरूको नियति र पीडा सम्भवतः समान लाग्नु (पृ. १४०)

लुडीको प्रशन्न र हँसिलो मुहार देखिनु - "तपाईंलाई थाहा छ जिललाई मेरो नयाँ कपाल मन पर्‍यो रे !" भन्नु र म पात्रले "कसरी थाहा पायौ ?" भनी सोधेको प्रश्नको जवाफमा लुडीले "उसले भर्खरै आफैं भन्यो, मेरो कपाल छोएरै भन्यो ।" (पृ.१४१) भन्दा म पात्रले "हो र ?" भनी सोध्नु, जिलले आज पुनः ५० डलर दिएको र भोलिदेखि अङ्ग्रेजी सिक्ने कुरा बताउनु, ऊ आह्लादित हुनु तर 'म' पात्रलाई लुडीले आफ्नो लागि लत्ताकपडा, पर्फ्युम किनेर ल्याउने कुराले सशङ्कित तुल्याउनु, उसले नयाँ कपाल आफूलाई साँच्चै सुहाएको छ भनी प्रश्न गर्नु, म पात्रले समर्थन जनाउनु र बाख्राको पाठा र लुडीका बच्चाहरूलाई हेरिरहनु, जिलले भित्रबाट पुनः "लुडी ...!" (पृ.१४१) भनी बोलाउनु, लुडीले अर्को पटक पूरैकपाल स्ट्रेट गर्ने कुरा बताउनु र उसले जिलका लागि अरू केटीहरू खोजेर ल्याउन नपरोस् भन्नु, बियर पिउन पाएको खुसी भाव व्यक्त गर्न साथीहरूकहाँ जानु, 'म' पात्र भने दिग्भ्रमित हुनु, दिनभर घाममा टट्टाइरहेका बाख्राका पाठा र प्रेस्टिज बियरको खाली क्यान चाटिरहेका लुडीका बच्चाहरूमा कुन बढी सुखी छन् ! भनी त्यसैलाई हेरेर सोचमग्न हुनुसम्मका घटनाक्रमहरूको 'लुडी' कथामा कथावस्तुको वर्णन गरिएको छ ।

### ३.१५.२ पात्र तथा चरित्रचित्रण

'लुडी' कथामा लुडी, उसका पूर्व प्रेमि, श्रीमान् भ्यालिस, छोरी विस्ली, छोरो वुड, प्रेमी जिल तथा 'म' पात्र आदि रहेका छन् ।कथाकी मुल पात्र नायिका 'लुडी' हो । उसले कथाको सम्पूर्ण घटना समेटेकी छ । उसकै केन्द्रीयतामा कथानक अघि बढेको छ । प्रेम र यौनलाई जीवनको अपरिहार्य पक्ष ठान्ने लुडी आफ्नो घरायसी भूमिकामा गौण देखिन्छे । श्रीमान् र छोराछोरीभन्दा प्रेमी जिललाई बढी माया ममता र समय दिने लुडी भोग बिलास, सुखसयल, र आनन्दमा रमाउने मानसिक अन्तर्द्वन्द्वमा रूमल्लिने केटी हो । ऊ आफ्नो प्रेमी

जिललाई खुसी पार्न विभिन्न शारीरिक अभिनय र भेषभूषा धारण गर्दछे । प्रारम्भमा खुसी, बिचमा तनाव र अन्त्यमा पुनः खुसी हुने अस्थिर वा गतिशील स्वभावकी 'लुडी' कथाको उद्देश्यानुकूल भूमिका निर्वाह गर्ने प्रमुख नारी चरित्र हो । उसकै केन्द्रीयतामा कथा उद्देश्यपूर्ण बनेको छ । त्यसैगरी उसका सहयोगी पात्रहरूमा उसको पूर्वप्रेमी विडली, श्रीमान् भ्यालिस, हालको प्रेमी जिल आदि रहेका छन् । तिनीहरू पुरुष, कार्य भूमिकामा सहायक, प्रवृत्तिमा अनुकूल र प्रतिकूल दुवै पात्र हुन् ।

### ३.१५.३ संवाद वा कथोपकथन

प्रस्तुत 'लुडी' कथाको कथानक कथोपकथनमा संवाद शैलीको प्रयोग पाइन्छ । मूल पात्र लुडीले सहायक पात्रहरू प्रेमी जिल र कथाका द्रष्टा 'म' पात्रसँगको अन्तर संवादले कथानकलाई रोचक तुल्याएको छ । त्यसैगरी सहायक पात्रहरू बिचकै संवाद तथा म पात्रको सफल संस्मरणयुक्त कथोपकथनका साथै लुडीको आफ्नै अन्तरपीडा, हाँसो खुसी र रोदनका विभिन्न विस्मादपूर्ण कथोपकथनको प्रस्तुति निकै मार्मिक रहेको छ । जिल र लुडी बिचको कथोपकथामा आधारित कारूणिक संवाद चित्रण को एक अंश कथानक वर्णनमा यसरी व्यक्त भएको छ - "हैन, किन, के भयो लुडी ?" मैले छक्क परेर सोधे । एकछिन ऊ केही बोलिन । केवल पर परसम्म आँखा फिँजाएर बसी । त्यसपछि मतिर हेर्दै भनी - "आज पनि नयाँ फाम ('केटी') चाहियो भन्दैछ । मैले कहाँबाट मिलाउनु नयाँ नयाँ केटी । आफूले थाहा पाए जति र चिनेका जति सबैलाई बोलाइ दिइसकेँ । अब कहाँ खोज्नु मैले नयाँ केटी ( पृ.१३८) !" भन्ने 'म' पात्र र 'लुडी' बिचको अन्तरसंवाद निकै मार्मिक र प्रभावकारी रहेको छ ।

### ३.१५.४ देश, काल परिस्थिति

'लुडी' कथाको परिवेशगत पृष्ठभूमि हाइटी राष्ट्र र त्यसको राजधानी सहर पोर्ट ओ प्रिन्स, यु.एन. हेडक्वार्टर, मियामी आदि क्षेत्र देश, काल र परिस्थिति बनेर आएको छ । लेखक वि.सं.२०६५ पछि २०६९ सम्मको हाइटी बस्दाको समयावधि मूलतः कथानक घटनाको काल वा समय हो । हाइटी सहरमा प्रेम, स्वतन्त्रता र पैसाको नाममा हुने विविध यौन व्यापारको परिवेशलाई कथाको परिवेश वा परिस्थिति चित्रण गरिएको छ । आधुनिक संस्कृति, स्वतन्त्रता, मनोरञ्जन र प्रेमका नाममा हुने गरेका नारी शोषण र सहरी विकृतिमुलक सांस्कृतिको परिवेश चित्रण कथाको कार्यपीठिकागत देश बनेर आएको छ । देश, काल, परिस्थितिको वर्णनमा आधारित एक अंश कथामा यसरी चित्रण गरिएको छ -

"घरको माथिल्लो तलामा रहेका अपार्टमेन्टको दुई कोठामा म र जिल बस्यौं भने हाम्रो बैठक कोठा र भान्सा संयुक्त थियो । जिल ल्याटिन अमेरिकी थियो म नेपाली । हामी

दुवैका काम लुडी नै गर्थी । हाम्रो फरक-फरक शैली र स्वादको खाना उही तयार गरी दिन्थी । हाइटी आएपछि हामी दुवै सात-आठ महिनादेखिसँगै बसिरहेका थियौँ । जिल यू.एस.एडमा काम गर्थ्यो भने म हाइटीको राजधानी पोर्ट ओ प्रिन्स स्थित यू.एन.क्वार्टरमा काम गर्थें (पृ.१३४) ।" यस कथानकमा देशको रूपमा हाइटी र पोर्ट ओ प्रिन्स सहर आएको छ ।

### ३.१५.५ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली रोचक छ । कथाकार 'म' पात्रको एकालापीय कथनको दृश्यात्मक शैलीको कथानक प्रस्तुतिको एक अंश यसरी प्रस्तुत भएको छ - "मैले आँगनमा हेरेँ । लुडीका बच्चाहरू बाबुले रित्याएर फालेको बियरको क्यानसँग खेल्दै थिए । ती बच्चाहरू र बुट्यानमा आमा खोज्दै भौंतारिरहेका पाठाहरूको नियति र सम्भवत समान लाग्यो मलाई भित्ताको सियौलमा आँखा चिम्म गरेर बसेकी थिई । यता पाठाहरू भने घाममा टट्टाइरहेका थिए बाखी होचो पर्खालमाथि आमालाई खोज्दै (पृ.१४०) ।" यसरी कथामा मानवीय संवेदनायुक्त कारूणिक भावजन्य  भाषाशैलीले कथाको अभिव्यक्तिलाई मार्मिक तुल्याएको छ ।

### ३.१५.६ उद्देश्य

यस 'लुडी' कथाको उद्देश्य अन्तर्राष्ट्रिय क्षेत्र हाइटी, राजधानी पोर्ट ओ प्रिन्सको आधुनकि खुला सहरी समाजको सत्य तथ्य उद्घाटन गर्नु रहेको छ । अर्थात् धन सम्पत्ति, मनोरञ्जन र प्रेमका नाममा हुने यौन दुराचार, नारीको शारीरिक र मानसिक शोषणको यथार्थ प्रस्तुत गर्नु यस कथाको उद्देश्य रहेको पाइन्छ । मानिस चाहेर वा नचाहेर पनि सहरी विकृतिमा फस्न पुग्दछन् । तिनलाई राज्य र समाजबाटै उचित शिक्षा, सामाजिक चेतना, रोजगारीको उचित वातावरण सिर्जना गरिदिनुपर्दछ भनी आदर्श, सम्पन्न र सुखी समाजको निर्माणतर्फ जोड दिनु नै प्रस्तुत 'लुडी' कथाको उद्देश्य रहेको छ ।

## ३.१६ दस हजार फ्रयाङ्क

### ३.१६.१ कथावस्तु

प्रस्तुत कथाको कथावस्तु आदि, मध्य र अन्त्य गरी तिन खण्डमा विभक्त रहेका छन् । आदि भागमा कथानक आरम्भ, मध्य भागमा घटना विकास र त्यसको उत्कर्ष अवस्था रहेको छ भने अन्त्य खण्डमा कथानक ह्रास वा समापनको अवस्था रहेको  छ । यस कथाको आदि भागमा गुस्ताभको बाबुको मृत्यु हुनु र कफिनमा बाबुको शव राखी नेपाल पठाउनु र पशुपति आर्यघाटमा हिन्दू संस्कारअनुसार काजकिरिया गर्नुसम्मका घटनाहरू रहेका छन् । आदि खण्डको कथानक प्रारम्भ यसरी गरिएको छ - उसको लास राख्ने कफिन

घरमा आईपुग्यो । छोरो गुस्ताभले भन्यो, “ठ्याक्कै १० हजार फ्र्याङ्क पऱ्यो । कफिनको भाउ पनि कति चर्को (पृ.१४२) !”

कथानक विस्तारको मध्य खण्डमा गुस्ताभको बाबुको मृत्युपूर्वका दिनचर्याहरूको वर्णन गरिएको छ । ऊ आफ्नो निजी डुङ्गामा बसेर सेन नदीको चक्कर मारिरहनु, क्रुजहरू पर्यटक बोकेर जाँदै सेलिबिटीका घरहरू चिनाइरहनु उसको मुटु चसक्क दुख्नु, ऊ डुङ्गा लिएर अगाडि बढ्नु र सेलिब्रेटीका घरहरू ओझेल पर्दै जानु, “मान्छेको जीवन पनि सायद क्रुजले बनाएको लहर झैं हो, जुन गति हुन्जेल आकाश छुँला झैं गरी उर्लिन्छ, गति कम भएपछि र अन्ततः पानीको सतहमा समाहित हुन्छ ।” भनि बुँदबुँदाउनु (पृ.१४३); ५० वर्षको कडा परिश्रमले पनि उसको अलग परिचय स्थापित हुन नसक्नु, मान्छेहरूले उसको रेस्टुराँ र पत्नीलाई चिन्नु तर उसलाई नचिन्नु, उसलाई देखे पनि मान्छेहरू “तिमी फ्रान्सको स्थायी  नागरिक जस्तो त लाग्दैन, वास्तवमा तिम्रो देश कुन हो महाशय ? भन्ने प्रश्नको जवाफमा उसले - “म यहीँको नागरिक हुँ । मेरो देश यही हो । म फ्रेन्च हुँ फ्रेन्च !” भन्नु (पृ.१४३), मान्छेहरू अचम्म मान्दै उतिर हेर्नु, उसको जिउ चिसो हुनु, पुनः तिमी वास्तवमा कहाँबाट प्यारिस आयौ भनेर सोध्नु, उसले नेपालबाट भन्ने छोटो जवाफ दिनु, लामो समय फ्रान्समा बसेर आफू फ्रान्सेली बन्न नसकेमो चिन्तित बन्नु, उसलाई भक्कानो छोडेर रून मन लाग्नु, ‘मेरोजीवन बर्बाद पार्ने त्यै १० हजार फ्याङ्क हो (पृ.१४४) ।’ भन्ने सम्झनु, उसको साथी लुइसको पेन्टिङ १० हजार फ्याङ्कमा बिक्री भएकोमा ऊ अचम्मित हुनु, उसले सयौँ दिन लगाएर हिमालका पेन्टिङ्गहरू बनाउनु तीन पेन्टिङ्गलाई दुई-तीन सय फ्याङ्क मात्र दिन तयार बन्नु, उसले हरेश नखानु र दस हजार फ्याङ्कमा बिक्री भयो भने आफ्नो देश (नेपाल) फर्कने विचार गर्नु, नेपाल आएर कला पाठशाला खोल्ने, नेपाली पिकासो, माइकल एनजेलो, रेम्ब्रान्ट र लियोनार्दो दा भिन्जी जन्माउने सपना साँच्नु, उसले आफ्नो गाउँघरको चित्र बनाउनु र अब अर्को चित्र बिक्री भएमा १० हजार फ्याङ्क पुग्थ्यो र घर जान्थेँ भनी सोच्नु (पृ.१४५) ।

यसै गरी उसले आफ्नी बूढीआमाको चित्र बनाउनु, उसले त्यो चित्र ५ हजार फ्याङ्कमा बेच्नु, ऊसँग अरू १० हजार फ्याङ्क जम्मा हुनु तर स्वदेश नफर्कनु, यसबेलासम्म ऊ सफल चित्रकारको सूचिमा परिसक्नु तर उसले आफू अर्को पिकासो बन्ने सपना देख्नु, पछि उसका पेन्टिङ्ग बिक्री हुन छोड्नु, पैसा रित्तिदै जानु, पेन्टिङ्ग कार्यलाई तिलाञ्जली दिनु, चिन्तित बन्नु र पेन्टिङ्ग बेचेर पाएको १० हजार फ्याङ्क गोजीमा बोकेर नेपाल गएको भए आफ्नो सपना पूरा हुने कुरा सोच्नु, उसका आँखाका च्यापुबाट आँसुको मसिनो धर्को गालातिर चुहिनु, अब भने पहिले जस्तो गल्ती नगरी १० हजार जम्मा हुने बित्तिकै नेपाल फर्कने विचार गर्नु र नयाँ कामको रूपमा घरमा पेन्ट गर्ने काम सुरु गर्नु,

प्यारिस चटक्क भुलेर घर आउन मन लाग्नु, यसबाट पनि कमाइ राम्रो नभएपछि ऊ फ्रान्सस्थित इल देला सिते नजिकैको एउटा रेस्टुराँमा काम गर्न थाल्नु यद्यपि उसमा चित्रकलाको मोह यथावत रहनु, रेस्टुराँका भित्तामा चित्रहरू टाँस्नु, एकदिन एउटी युवतीले रुचिपूर्वक उसका पेन्टिङ्ग हेरिरहनु, ऊ रेस्टुराँका मालिक स्टेफनकी छोरी सोफी रहेको थाहा हुनु, मालिकले छोरीलाई चित्रकला मन परेकोले सिकाइ दिन आग्रह गर्नु र सिकाउनु, वर्ष दिनभित्र नै तिनीहरू बिच प्रेम सम्बन्ध बस्नु, दुवैले विवाह गर्ने सहमति जनाउनु, तर पेन्टिङ्गको हस्ताक्षरमा सोफीले आफ्नो नाम राख्ने वचन दिलाउनु, पेन्टिङ्ग बेचेर तिनीहरूले सोचेभन्दा बढी धन कमाउनु, अब उसले नेपाल फर्कने विचार गर्नु र बूढी आमाको दृश्य झलझली आँखामा आउनु, सोफीसँग कुरा गर्नु, छोरो गर्भमा भएकोले पछि जाने बचन दिनु, पछि पुनः छोरी जन्मिनु र नेपाल आउने वातावरण नमिल्नु, यस्तैमा उसको ससुराको मृत्यु हुनु, रेस्टुराँको रेखदेखको जिम्मा उसमा आउनु, पत्नी सोफीलाई पुनः आग्रह गर्नु, उसले एक्लै जाऊ भनी आदेश दिनु, ऊ आमालाई सम्झेर रून मन लाग्नुसम्मको घटनाहरू कथानक वर्णनको दोस्रो वा मध्य भाग हो ।

यसैगरी कथावस्तुको अन्त्य वा तेस्रो खण्डमा उसले बन्दै गरेको पेन्टिङ्ग पानीमा डुबाउनु, क्यानभासको सबै रङ्ग उडेर जानु, उसले दिउँसै देखेको सपनामा आमाको मृत शवको चिताबाट धुवाँ आएको देख्नु र "आमा !" भन्दै जोडले चिच्याएर क्याँ क्वाँ रूनु, डुङ्गामा एक्लै बसेर यात्रा गर्नु, अचानक आकाशमा कालो बादल मडारिएर गड्याङगुडुङ गर्नु र वर्षा हुनु, डुङ्गामा पानी भरिनु, बिजुली चम्कनु र डुङ्गामा चट्याङ पर्नु, "आमा; मलाई बचाऊ आमा !" भनी जोडले चिच्याउनु र सेन नदीमा अचेत भई ढल्नु, उसको छोरो गुस्ताभले बाबुको लास राखेको कफिन बन्द गरिरहनु, छोराले कफिनका लागि १० हजार फ्याङ्क खर्च गरेकोमा सोफी फतफताउनु (पृ.१५१) ।" सम्मका कथानक घटना वर्णन प्रस्तुत कथाको कथावस्तु रहेको छ । यसरी आदि, मध्य र अन्तय खण्डमा विभक्त यस कथाको कथावस्तु कारूणिक एवम् शीर्षक अनुरूप सार्थक बन्न पुगेको छ ।

### ३.१६.२ पात्र एवम् चरित्र चित्रण

प्रस्तुत कथाको केन्द्रीय पात्र ऊ अर्थात् गुस्ताभको बाबु हो। ऊ नेपाली नागरिक तथा फ्रान्सेली गैर प्रवासी व्यक्ति हो । उसकै जीवन वृत्तान्तका सुखद र दुःखद कथा व्यथाको कथानक वर्णन चरित्र चित्रणको रूपमा आएको छ । यिनै मार्मिक घटना चित्रणले कथालाई उद्देश्यपूर्ण तुल्याएको छ । ऊ कथाको प्रमुख पुरुष, चरित्र हो । ऊ कला सिक्न फ्रान्सेली नागरिकको सहयोगमा पेरिस पुगेको प्रसिद्ध चित्रकार बन्ने सपना बोकेको, प्रारम्भमा गरिबी र विपन्नतामा रूमल्लिन परे पनि पछि प्रशस्त पैसा कमाउन सफल बनेको तर पत्नी सोफीको जिद्दी र हठी स्वभावका कारण उसकै सेवक बनी जीवनमा नेपाल फर्कन

नपाएको मृत्युपछि मात्र नेपाली भूमिमा कफिनमा ल्याएको नेपाल आमाको अभागी सुपुत्र हो ।

त्यसै गरी कथामा उसकी पत्नी सोफी, साथी लुइस, उसका पेन्टिङ्ग पारखी पर्यटकहरू, पेन्टको जागिर (काम) दिने घरमालिक, रेस्टुराँमा जागिर दिने रेस्टुराँ मालिक ( पछि ससुरा) आदि रहेका देखिन्छन् । ती मध्ये पत्नी सोफी प्रमुख सहयोगी स्त्री पात्र हो । उसले पनि ऊ पात्रलाई पेन्टिङ्गको कार्यमा जीवन्त साथ दिनु, विवाह गरी सँगै बस्नु आदिबाट सोफी ऊ पात्रको सहयोगी प्रमुख पात्र मान्न सकिन्छ । उसले कथामा उद्देश्यानुकूल कार्य भूमिका निर्वाह गरी ऊ पात्र अर्थात् श्रीमान्लाई आवश्यक सहयोग गरेकी छ । चित्रकला सिक्दा प्रेममा बाँधिएकी सोफीले विवाहको निम्ति प्रस्ताव राख्दै भनेकी अभिव्यक्तिको एक अंश यस्तो छ - "पेन्टिङ बेचेर हामी छिट्टै धनी हुन सक्ने छौँ । त्यो धनमा हामी दुवैको बराबर हिस्सा हुनेछ (पृ.१४९) ।" बाट सोफी ऊ पात्रको सहयोगी पात्र भएको स्पष्ट हुन्छ । यसैगरी अन्य सहयोगी पात्रहरूले 'ऊ' पात्रलाई सकारात्मक ढङ्गमा आवश्यक सहयोग गरेका छन् ।

### ३.१६.३ संवाद तथा कथोपकथन

कथाको कथोपकथन पात्रहरू बिचको  संवाद चित्रण, ऊ पात्र वा मूल पात्रको जीवन भोगाइका आन्तरिक मनोकाङ्क्षा तथा तिनका कथा व्यथाको मार्मिक प्रस्तुतिलाई संस्मरणात्मक शैलीमा अभिव्यक्त गरिएको छ । ऊ पात्रले आफ्नी आमाको सम्झनामा गरेको संस्मरणात्मक कारूणिक कथनको एक अंश यसरी चित्रण गरिएको छ - "उसले बन्दै गरेको पेन्ट्रिग पानीमा डुबायो । क्यानभासको रङ्ग सबै पखालिएर पानी धमिलो भयो । उसको हृदय च्वास्स घोच्यो । सायद आमा रहिनन् ! उसले दिउँसै सपना देख्यो आमाको चिताबाट धुँवाको मुस्लो उठेर आकाशतिर लाग्यो । धुवाँको मुस्लोले दिशा परिवर्तन गऱ्यो र ऊ भएतिर उड्दै आउन थाल्यो । "आमा !" ऊ जोडले चिच्यायो र क्वाँ क्वाा रून थाल्यो (पृ.१५१) । यस उद्गारबाट कथाको कथोपकथन निकै कारूणिक र मर्मस्पर्शी रहेको जसले कथाको शीर्षकीय भावलाई पृष्ठपोषण प्रदान गरेको देखिन्छ ।

### ३.१६.४ देश, काल, परिस्थिति

कथाको देश, काल, वातावरण अन्तर्राष्ट्रिय परिवेशमा घटित ऊ पात्र (नेपाली) को जीवन कथाको संवेदनायुक्त भावमा सम्बद्ध रहेको छ । चित्रकला सिक्न फ्रान्स स्थित प्यारिस पुगेको 'म' पात्र, विवशतावश त्यहीँ विविध मानसिक-आर्थिक पीडा लिएर बाँच्नु परेको र अन्त्यमा आफ्नो मृत्युपश्चात् कफिनमा रहेर नेपाल ल्याइएको कारूणिक परिस्थिति यस कथाको परिवेश वा वातावरण बनेर आएको छ ।

### ३.१६.५ भाषाशैली

पात्रहरू बिचका संवादयुक्त भाषाशैली तथा ऊ पात्रको जीवन कथाका स्वाप्निल अन्तरङ्ग अभिव्यक्ति तथा जिन्दगीका पीडादायी अनुभूतिहरूको वर्णनको भाषिक शैलीले कथालाई जीवन्त र प्रभावकारी कुल्याएको छ । चित्रात्मक वा दृश्यात्मक शैलीको कथन पद्धतिको एक झलक कथामा यसरी चित्रण गरिएको छ । उसले आफ्नो गाउँ सम्मको हिउँले बगिरहने नदीनालाहरू स्मरणमा आए । उसको मन कटक्क काटियो आफू बहुलाउन लागेझैँ अनुभूति भयो उसलाई । उसले क्यानभास हेऱ्यो । त्यहाँ उसकी बुढीआमा बरबरी आँसु चुहाउँदै धरधरी रोइरहेकी थिइन् । ऊ अचम्मित भयो (पृ. १४९) । उक्त दृश्यकथन नेपालको भौगोलिक सौन्दर्य चित्रण तथा ऊ पात्रको आमाको कारूणिक वर्णनको क्रममा आएको छ । यसरी कथामा प्रयुक्त भाषाशैलीले कथालाई  कारूणिक तुल्याएको छ ।

### ३.१६.६ उद्देश्य

उद्देश्य आफ्नो चित्रकला प्रतिभाको लोकप्रियता प्राप्तिपछि नेपालमा आई कला पाठशाला खोलेर पिकासो माइकल एन्जेलो, लियोनार्दो दा भिन्ची जस्ता नेपाली चित्रकार सिर्जना गर्ने लक्ष्य लिएर फ्रान्सको राजधानी प्यारिसमा विविध जीवन सङ्घर्षका तीतो पीडाको दुःखद र निरासाजनक जीवन बिताउन विवश नेपाली युवकको कारूणिक यथार्थको चित्रण गर्नु 'दस हजार फ्याङ्क' कथाको उद्देश्य हो । मूलतः आफ्नो मातृभूमि र आमाबाबुबाट टाढिएर विदेशी भूमिमा बाँच्न विवश नेपालीहरू कहिले पैसाको अभावमा स्वदेश फर्कन नसक्नु त कहिले पैसा भएर पनि  आउन नमिल्ने बाध्यता र परिस्थितिको प्रतिनिधिमूलक साझा समस्या र यथार्थको अभिव्यक्ति प्रस्तुत गर्ने सन्दर्भमा यस कथाको उद्देश्य औचित्यसिद्ध रहेको छ । यसरी 'दस हजार फ्याङ्क' पैसाको निम्ति आफ्नो सम्पूर्ण जीवन फ्रान्समा गुमाउन विवश नेपाली (ऊ पात्र) को शवको कफिन सो रकममा खरिद गरी छोराले नेपाल पठाएको मार्मिक भाव प्रकाश पार्नु यस कथाको उद्देश्य रहेको स्पष्ट हुन्छ ।

## ३.१७ डर्ली र सेतो घोडा

### ३.१७.१ कथावस्तु

डर्ली घरबाट निस्केर गल्ली हुँदै  'रू द फ्रेअर' को मूल बाटामा झर्छे ठ्याक्कै छेउमा गाडी रोकेर अमेरिकन गोरा बसेको हुन्छ । उसलाई देखेर  अचानक गोराले डर्लीको मोबाइल नम्बर माग्छ । उसले मोबाइल नम्बर दिन्छे र पछि आफूलाई फोन गर्ने तथा उसको पनि आफ्ना साथीहरू क्याटलिन, कार्लिन र सिमेलिपाकोजस्तै अमेरिकन गोरा प्रेमी

हुने कुराको स्मरणले निकै प्रशन्न देखिन्छे । यसपछि उसलाई जस्तो डलर पनि पाइने कुराले हर्ष विभोर बनाउँदछ ।

त्यसै गरी डर्लीका अन्तर्मनमा विभिन्न विचार, कल्पना, तर्क-वितर्क जस्ता कुराहरूले जरो गाडेको हुन्छ । उसले मेरो मोबाइल नम्बर किन माग्यो ? पक्कै पनि कल गर्नका लागि मागेको होला । तर उसले मलाई किन कल गर्ने ? किन ? डर्लीलाई यो कुरा सम्झँदा रमाइलो लाग्यो - त्यो मान्छेले उसलाई फोन गर्नेछ (पृ.१५३) ।" उसलाई आफू नराम्री ( काली) भएको स्मरण हुनु, तर पनि गोराले आफूलाई मन पराएकोमा निकै रोमाञ्चित बन्नु, आफूलाई काली भए पनि राम्री भएकोमा गर्व गर्नु, उसकी साथी तासाले भनेको कुरा सम्झिनु - "के तासाले भने झैं यी सेतो छाला भएका गोराहरूलाई हामी कालीहरू आकर्षक र सेक्सी लाग्छौं ? साँच्चै होला त !" डर्लीका मनमा विभिन्न कुराहरू खेलिरहे । "तँलाई अब त्यो विदेशीले कल गर्छ । तँलाई मन पराए जस्तो छ नि !" ऊसँगसँगै हिँडिरहेकी तासाले उसलाई चिमोट्दै भनी (पृ.१५३) ।" यस कुराले डर्लीलाई थप कौतुहलता र आत्मविश्वास बढेर जान्छ । उसलाई पनि साथीहरूको जस्तै विदेशी गोरो प्रेमी भएकोमा खुसी लाग्छ, गोजीमा डलर बोकेर हिँड्न र काखमा ल्यापटप खेलाउन मन लाग्छ । उसलाई आफ्ना साथीहरू मात्र गोरा साथी भएकोमा हिनताबोध र ईर्ष्या जागेर आएको कुराबाट अब शान्ति र राहत मिल्दछ । अब ऊ आफ्ना साथीहरूलाई भन्न सक्नेछे - "केटी हो ... के सोचेर बसिरहेका छौ यो हाइटीमा ? एक-एकवटा गोरो छाला भएको घोडाको मुखमा लगाम कस र त्यसको पिठयुँमाथि चढेर लाग अमेरिकातिर !" (पृ.१५५) । हाइटियन युवतीहरू जस्तै उसलाई पनि अमेरिका टेक्ने सोख हुन्छ । तर उसले त्यस्ता युवतीहरूले कैयौं दुःख भोगेको पनि देखेकी छ । यद्यपि उसलाई सपनामा भए पनि अमेरिकाको सहर पुग्ने धोको रहेको हुन्छ । उसलाई सेतो घोडाको प्रतीक (अमेरिकी गोरा) मनपर्छ । सडकका किनारमा हिँडिरहेका केटाहरूले जिस्काउँछन् ती युवाहरूलाई देखेर डर्लीलाई विरक्त लाग्छ र सेतो घोडासँग यी गधाहरूको तुलना कसरी हुन सक्छ ? भनी मनमनै प्रश्न गर्छे र सडक पेटीमा हिँडिरहेका विभिन्न मानिसहरू देखेर ऊ हाँसिरहन्छे र अचम्म मान्दछे ।

उसमा नाना तरङ्गहरू सिर्जना हुन्छन् । डर्ली बारम्बार आफ्नो मोबाइलतिर आँखा घुमाउँछे र गोराको फोनको प्रतीक्षामा बस्दछे । अब ऊ आफ्नो मोबाइलमा प्रेमी जोनासको कल नभई गोराको कल आएको सुन्न आतुर हुन्छे । तर फोनमा उही जोनासको स्वर सुनिन्छ जो कलेजको पढाइ सकिएपछि उसलाई लिन कलेजमा आउने छ । अनि आफैँमा प्रश्न गर्छे - मेरा लागि कुन राम्रो हो ? कालो चश्मा लगाएको अमेरिकी गोरा बाबु वा उसको ब्वाईफ्रेन्ड जोनास ! तर गोरो विदेशी युवक उसको सपनाको राजकुमार हो । ऊ सपनाको राजकुमारबाट टाढा रहन सक्तिन । ऊ जोनासलाई राम्ररी सम्झाउने युक्ति

सोच्दछे ऊ जोनासबाट केही सशङ्कित समेत बन्न पुग्दछे । डर्ली जोनासले आफूलाई तारिफ गरेको र प्रेम गरेको मीठो कल्पना गर्दछे । उ हाइसियन 'कालो' नै किन नहोस उसको छाती भित्र एउटा असल हृदय छ । सबैभन्दा ठूलो कुरा ऊ डर्लीलाई माया गर्छ भन्ने कुराको स्मरण गर्दछे । ट्यापट्याप ठाउँठाउँमा रोकिँदै, मान्छे ओराल्दै, चढाउँदै गइरहन्छ । उसलाई प्रत्येक मान्छे आफूभन्दा भिन्न लाग्छ । उसलाई कसैको मतलब हुँदैन र सोच्छे यी फोहोरी मान्छेहरूको बिचमा किन बसेछु ! (पृ.१५९) डर्लीले त्यो पनि अमेरिकी नै होला हगि तासा ? भनी कानमा फुक्छे , तासाले समर्थन जनाउँछे । कलेज अगाडि ट्यापट्याप रोकिन्छ । डर्ली र तासा १०-१० गुड्स तिरेर उत्रन्छन् । उसलाई आज कलेजमा फुर्ती आउँछ, उत्साह र उमङ्ग बढ्छ । ऊ साथीहरूभन्दा आफू पनि कम नभएको ठान्दछे । साथीहरू सधैँभन्दा भिन्न फेसन र हेयर स्टाइलमा आउँदा पनि उसलाई कुनै प्रवाह हुँदैन । उसका आँखामा गोरा बाबुको अनुहार नाच्छ, मोबाइलमा घन्टी बज्छ । जोनासको आवाज आउँछ कि ऊ कलेज बाहिर आइसकेको छ । ऊ जोनासको मोटर साइकलमा बसेर कतै घुम्न निस्कन्छे । मनमनै आफूलाई कति माया गर्छ जोनासले भन्ने कल्पनामा खुसी र प्रशन्न बन्दछे । जोनासले डर्लीलाई समुद्रका लहरहरूले मुग्ध बनाउँछ । ऊ विस्तारै बोल्छे - "ओहो म कहाँ छु !" "मेरो काखमा छयौ प्रिया !" जोनासले उसको कानमा फुक्छ (पृ.१९२) । विहे गर्ने प्रस्ताव राख्छ, डर्लीले अहिले विहे गर्ने समय नभएको जवाफ दिन्छे । जोनासले डर्लीको कुरामा सहमत राख्दछ । उसले डर्लीलाई अझै राम्री बन्ने कुरा गर्दछ । डर्ली आफूलाई सुन्दर बन्ने कुरा गरेकोमा  खुसीले पुनः पुलकित बन्दछे । जोनास मुस्कुराउँछ ।

जोनासको मोटरसाइलक 'होटल सिटाडेल' को गेटमा रोकिन्छ । डर्ली अकमक्क पर्छे । एकैछिनमा उसको अनुहार खुसीले रातो हुन्छ तर मनमनै ऊ पुलकित हुन्छे । डर्लीलाई जोनासले केही नभनी होटलभित्र लिएर जान्छ । डर्ली आश्चर्यचिकत हुन्छे । होटलभित्रको मूल ढोकामै कालो चस्मा लगाएको गोराबाबु देखिन्छ । ऊ डर्लीतिर हेरेर मुस्कुराउँछ (पृ.१६४) ।" उसको मुस्कान देखेर डर्लीको अनुहार र शरीरभरि खुसीका लहर छाउँछ । उसलाई अचानक आफूलाई मनपर्ने वस्तु हराएर पाएको अनुभूत हुन्छ । उसमा बिहान भेटेदेखि दिनभर गोराका बारेमा भेटेको सपनाहरूको स्मरण हुन थाल्दछ । ऊ जोनासलाई भुल्छे । गोराले सुस्तरी बोल्छ - "डर्ली, हिँड भित्र जाऊँ !" ऊ गोराको नजिक जान्छे । उसलाई गोराले अँगालो हाल्छ । आफूसँग जोनास आएकोले उसलाई पछाडि फर्केर हेर्छे "जोनास !" भनेर बोलाउँछे (पृ.१६४) । गोराले जोनास गइसकेको र उसलाई पुऱ्याउन मात्र यहाँ आएको कुरा गर्छ । "ओहो, जोनास !" डर्लीले दुःख व्यक्त गर्छे । डर्ली गोरा बाबुको अँगालोमा बाँधिएर अमेरिकाको सपना बुनिरहन्छे । ऊ आफ्नो अमेरिका जाने चाहना पूरा भएकोमा औधी खुसी र प्रशन्न हुन्छे । उसका आँखामा तासा, कार्लिन, क्याटलिन र

सिमेलियाको अनुहार नाच्न थाल्छ । ऊ मेरो पनि अमेरिकी ब्वाइफ्रेन्ड छ ; हेर है मोरी हो, के धक्कु लगाउँछौ नि ! भन्ने इर्ष्यालु भाषामा खित्का छोडेर हाँस्न थाल्छे र कथावस्तु यही समापन हुन्छ ।

### ३.१७.२ पात्र तथा चरित्र चित्रण

कथामा विभिन्न पात्र तथा तिनका रमाइला घटना, अनुभव आदिको कौतुहलतापूर्ण प्रस्तुति रहेको छ । डर्ली यस कथाको प्रमुख नारी पात्र हो । जीवनमा घटेका विविध सपनाहरू बुन्दै आफ्ना साथीहरूको जस्तै अमेरिकी गोरा साथी र ऊसँग ॅ अमेरिकी धर्तीमा पाइला टेक्ने सुन्दर रहरहरूमा केन्द्रित डर्लीको मनोभावनाहरूको तरङ्गहरूको कथावर्णन कथाको चरित्र चित्रणको रूपमा आएको छ । त्यसैगरी उसको सहायक पात्र वा सहयोगीको रूपमा प्रेमी पात्र जोनास आएको छ । ऊ सहायक पुरुष पात्र हो । । उसले प्रेमका विविध बाहनामा डर्लीलाई आफ्नो प्रेम जालमा फसाउँछ तर डर्लीलाई उक्त कुरा स्वाभाविक, आनन्ददायक लाग्दछ । यस्तैमा डर्लीले मनोकल्पना गरेकी वा सुन्दर अमेरिकन गोराको सपनाअनुरूप गोरा बाबुकहाँ पुर्‍याई छोड्छ र उनीहरू सबैको इच्छा, पूरा हुन पुग्दछ । यसरी सहायक भूमिका निर्वाह गर्ने जोनासको अन्तः बदनियत खराब र स्वार्थसिद्ध रहेको स्पष्ट हुन्छ ।

### ३.१७.३ संवाद वा कथोपकथन

कथानक प्रस्तुतिका सन्दर्भमा विभिन्न पात्रहरू बिच हुने वार्तालाप, कुराकानी तथा कथानक वर्णनका अन्तरक्रिया नै संवाद कथन हो । पात्रहरूका जीवन भोगाइका विविध कथाव्यथा, सुखदुःख, हाँसो खुसी, रोदन यथार्थ अनुभव, अनुभूति आदिको कलात्मक प्रस्तुति संवाद वा कथोपकथनमा आएको हुन्छ । तिनले घटनालाई जीवन्त बनाई कथालाई उद्देश्यसम्म पुर्‍याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । यस कथाको कथनमा मूलतः नाटकीय विधिको उपयोग भएको छ । मूल पात्र र सहायक पात्रहरू बिचको अन्तर संवाद आकर्षक र रहेको पाइन्छ । यसैगरी डर्ली मूल पात्रले एकालापीय वा संस्मरणात्मक शैलीमा गरेको प्रेमको विविध प्रसङ्ग चित्रण, गोरा बाबुको कल्पना, डलरको मोह र अमेरिका पुग्ने स्वप्निल तरङ्गहरूका रोमाञ्चक प्रस्तुतिको एक अंश यस्तो रहेको छ - 'मेरी प्रिया म तिमीलाई भाडाको मोटरसाइकलमा हैन आफ्नै मोटर चढाउन चाहन्छु ।' जोनास 'डर्लीले जोनासको पिठ्युँ पछाडिबाट कसेर अँगालो हाली तिमी मेरो बारेमा कति सुन्दर बिचार राख्छौ जोनास । आई लभ यु मेरो हनी' (पृ.१६३) यसरी कथा निकै सुन्दर रहेको छ ।

### ३.१७.४ देश, काल, परिस्थिति

यस कथाको देश, काल र परिस्थिति हाइटी सहरको भौतिक स्थलहरू 'रू द फ्रेअर' को मूल बाटो, डर्लीको कलेज, उसको घर, गल्ली, सैलुन, व्यापारिक स्थानहरू रहेका छन् । ती कथानक प्रस्तुतिको देश चित्रणका रूपमा आएका छन् ।

जोनासले डर्लीलाई मोटर साइकल यात्रा गराउँदाको परिदृश्यमा आधरित परिवेश चित्रणको आकर्षक नमुना यस्तो छ- "जोनासले डर्लीलाई समुद्रको किनारैकिनार लिएर गयो । ताडका रूखहरूको बीचबाट गुज्रिँदै तिनीहरूले आफ्ना भावनाहरू साटासाट गरे । समुद्रको एकान्त कुना, सेतो बालुवाको बगर, जिउमा करेन्ट दौडाउने समुद्रका लहरहरूले डर्लीलाई मुग्ध बनाए । उसले जोनाससँग समुद्रमा डुबुल्की मार्ने इच्छा व्यक्त गरी । तिनीहरूले समुद्रमा फाल हाने । जोनासले डर्लीलाई आफ्नो काखमा राख्यो र अँगालो मारेर चुम्बन गऱ्यो । डर्लीले आँखा चिम्ली (पृ.१६२) कथानक वर्णन अन्तः मनोभाव तथा प्रकृतिको बाह्य सुन्दर, चित्रणको परिवेशले कथानक वर्णनमा कौतुहलता र आकर्षण थपेको छ ।

### ३.१७.५ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली पात्रहरू बिचका संवादमूलक शैलीको अभिव्यक्ति रहेको छ । मूलत प्रेमी र प्रेमिकाका प्रणयमूलक संवाद कथन डर्लीको प्रेमी जोनास र सपनाको राजकुमार अमेरिकी गोरा बाबुप्रतिको प्रेम र स्मृतिका स्वप्निल एकालापको कथनशैली र वर्णनात्मक शैलीको कथानक प्रस्तुतिले कथाको घटना वर्णन थप आकर्षक बन्न पुगेको छ । गोरा बाबु अमेरिकी नागरिक जसलाई डर्लीले आफ्नो सपनाको सुन्दर राजकुमारको रूपमा सजाउँछे । त्यही गोराप्रति लक्षित गर्दै व्यक्त गरिएको काव्यात्मक वा प्रतीकात्मक भाषाशैलीको व्यङ्ग्यपूर्ण भाषिक अभिव्यक्तिको एक अंश कथामा यसरी अभिव्यक्त भएको छ - "सेतो घोडा... ।" ऊ खितखिताई । उसलाई सेतो घोडाको प्रतीक मनपर्छ, भलै हाइटीमा सेता घोडाहरू विरलै देखिन्छन् (पृ.१५५) ।" यसरी यस कथाको भाषाशैली  प्रभावकारी बन्न पुगेको छ ।

### ३.१७.६ उद्देश्य

'डर्ली र सेतो घोडा' कथाको उद्देश्य नारी मनोविज्ञानको कउद्घाटन गर्नु रहेको छ । नारीहरू उच्च मनोकाङ्क्षाका हुन्छन्, जुन कतिपय कुरा सपनामा पनि पूरा हुँदैन । तर तिनीहरू यिनै स्वप्निल तरङ्ग मनमा पालेर बस्दा झुटो र स्वार्थी पुरुष प्रपञ्चबाट त्यसको दुःखद फल भोग्न पुग्दछन् भन्ने सत्यको प्रकाश पार्नु यस कथाको उद्देश्य रहेको पाइन्छ । धनदौलतको सपना जति सुन्दर हुन्छ, त्यसको परिणाम त्यति नै दुःखद हुन्छ भन्ने साँचो यथार्थ प्रस्तुत गर्नु कथाको मूल उद्देश्य हो । यसरी डर्ली जस्ता थुप्रै नारीहरू विलासीपन,

ठूला सपनाको चाहनामा जोनास र गोराबाबु जस्ता राक्षसी पुरुषको फन्दामा परी जीवनलाई सदैव नर्कको दुर्गन्धमा पुऱ्याउन विवश हुनुपर्छ । तसर्थ जीवनमा उच्च अभिलाषा नसाँची सच्चा र झुटो वस्तुको पहिचान गर्न सक्नुपर्छ । सत्यलाई चिन्नुपर्छ र साँचो प्रेमलाई मात्र समर्पण गर्न सक्नुपर्छ भन्ने जीवनवादी सन्देश प्रदान गर्नु नै 'डर्ली र सेतो घोडा' कथाको मूलभाव रहेको देखिन्छ ।

### ३.१८ भेनिसकी बूढी

#### ३.१८.१ कथावस्तु

प्रस्तुत कथावस्तु भेनिस सहरको कुनै एक सिङ्गो फ्लाटमा बस्ने एक्लो बृद्धाको कथानक घटना, रेष्टुरा मालिकको चारित्रिक स्वभाव र उसका क्रियाकलापको  घटनाक्रमको सकारात्मक र नकारात्मक वर्णनलाई मूल विषयवस्तु बनाइएको छ ।

सान पोलोको नयाँ फ्लाटमा सरेको तिन महिनापछि मात्र लोप्साङले थाहा पायो - उसको ठीक सामुन्ने फ्लाटमा एउटी बूढी आइमाई बस्छे । बुढीको कर्कश आवाजसँगसँगै लहरिँदै आएको बिरालाको म्याउँ म्याउँबाट उसले अनुमान गऱ्यो - त्यहाँ बुढीसँग एउटा बिरालो पनि छ (पृ.१६५) ।" रेस्टुराँ मालिक अल्फोन्जोको दिन चर्याका घटनाहरूको वर्णन गरिएको छ । उसको सहयोगीको रूपमा लोप्साङ रहेको छ । मालिकको रेस्टुराँमा काम गर्ने त्यो व्यक्ति अल्फन्जोको आज्ञाबमोजिम दिनभर काम गर्ने गर्दछ । मूलतः मालिकका साथमा आउने विभिन्न ग्राहकहरूलाई होटलका परिकारहरू पुऱ्याउनु उसको दैनिकी रहेको छ । "वास्तवमा यो फ्लाट उसको होइन, उसले काम गर्ने रेस्टुराँ मालिक अल्फोन्जोले भाडामा लिएको हो । अल्फोन्जो सान मार्कोमा 'पिजारिया' रेस्टुराँ चलाइरहेको थियो । उसको घर पनि सानमार्को स्क्वार नजिकै थियो । यो उसको गोप्य फ्लाट थियो, जहाँ ऊ आफ्नो नयाँ-नयाँ प्रेमिकालाई लिएर आउँथ्यो र रासलीला गर्थ्यो । लोप्साङको अलग्गै कोठा भए पनि अल्फोन्जो आउने बेलामा ऊ प्रायः रेस्टुराँमा हुन्थ्यो ... (पृ.१६५) । मालिकले लोप्साङलाई तिमीलाई कुनै अप्ठ्यारो त छैन भनी प्रश्न गर्नु, लोप्साङले अप्ठ्यारो नभएको तर्क दिनु, उसले मालिकलाई हार्डड्रिंक्स र प्रेमिकाहरूलाई रेड वाइन तयार गर्नु, प्रेमिकाहरूले लोप्साङको बौद्धिकताको तारिफ गर्नु, ऊ मुस्कुराउनु र थुप्रै इटालियन सुन्दरीहरूलाई सेवा गरिसकेको कुरा बताउनु, फ्लाटमा सबै सुविधा हुनु, उसले भान्छामा विविध परिकार बनाउनु, खानासँगै नेपालस्थित आमाले खाना थपी थपी खुवाएको दृश्य सम्झनु र उसका आँखा रसाउनु, आफू बस्ने फ्लाटको ठीक सामुन्नेको फ्लाटमा बस्ने बुढी आइमाईलाई देखेपछि उसलाई आमाको सम्झनाले सताउनु र क्वाँ क्वाँ रून मन लाग्नु, इटली बसेको १० वर्ष हुनु तर राम्ररी भेनिस घुम्न नपाउनु, दिक्क लागेर आउनु, भेनिसप्रतिको आकर्षण र

सुन्दरताको वास्ता नहुनु, भेनिसको कुन ठाउँ के का  लागि महत्वपूर्ण छ भन्ने थाहा नहुनु, पिजारिया रेस्टुराँमा आएका ग्राहकलाई अर्डरअनुसार टेबलमा पिजा पुऱ्याई दिनु नै उसको चासोको विषय हुनु, १० वर्षको आर्जनको रूपमा इटालियन भाषा सिक्नु जसका कारण उसले रेस्टुराँमा काम पाउनु, महिना दिन काम गर्दा १५ सय युरो प्राप्त गर्नु, उसलाई आफ्नो मासिक खर्च चलाउनु ठिक्क हुनु, अल्फोन्जेको फ्लाटमा बस्न  थालेपछि घर भाडा वापतको खर्च बचत हुनु र मालिकको रासलीला उसका लागि लक्ष्मीले बरदान दिए सरह भएको ठान्नु यसैगरि अल्फोन्जोले एक साँझ बुढीको फ्लाटतिर देखाउँदै त्यसलाई चिनेको छस् भनी प्रश्न गर्नु, लोप्साङले नचिनेको कुरा बताउनु, त्यो बुढी मापाकी छे, होस् गर्नु । चिनजान पनि नगर्नु, किचकन्नी जस्ती छे भनी सतर्क गराउनु, नोरकले हस् भनी स्वीकार गर्नु, मालिक प्रेमिका लिएर कोठामा प्रवेश गरेपछि उसले त्यस बुढीको बारेमा सोच विचार, तर्क र चिन्तनमनन गर्नु, नचाहँदा नचाहँदै पनि बुढी भएतिर नजर जानु, सेतै फुलेकी बुढी झट्ट हेर्दा चिहानबाट भर्खर उठेर आएकी डरलाग्दो स्वरूपमा देखिनु, अल्फोन्जो बाहिर निस्केपछि कोठा सफा गर्नु र बहिर निस्कनु, मूल गेटमा बुढीसँग जम्काभेट हुनु र ऊ अकमक्क पर्नु, उनी किचकन्नी जस्ती नभई भिखारी जस्ती आँखामा मायाको भाव देखिनु, बुढी मुसुक्क हाँस्नु, काखमा सेतो बिरालोसँगै हुनु, “कहाँ काम गर्छौ बाबु ?” भनी मायालु स्वरमा बोल्नु (पृ.१६८), उसले पिजारिया रेस्टुराँमा काम गर्छु ‘आमा !’ भन्नु, धेरै वर्षपछि कसैको मुखबाट ‘आमा’ भन्ने शब्द सुनेर बुढीको अनुहारमा खुसीको लहर छाउनु, लोप्साङ आफ्नी आमालाई सम्झन थाल्नु, बुढीले फुर्सदमा आफूलाई भेट्न आग्रह गर्नु, उसले हवस् भन्नु, लोप्साङले अल्फोन्जोले बुढी आइमाईलाई रिस गर्नुका कारणहरू के होलान् ? भन्ने तर्कना गर्नु र उसको दिमागमा बुढीको मुस्कानयुक्त अनुहार नाचिरहनु, ऊ यसप्रति भावुक बन्नु, बुढीप्रति प्रारम्भमै सकारात्मक बन्नु र उसले बुढी आमामा आफ्नी आमाको झल्को पाएको ठान्नु, दिनभरिको थकानमा सुतेको लोप्साङलाई बुढी र बिरालोको आवाजले बिहान ब्युँझाउनु, बिरालो म्याउँम्याउँ गर्नु र बुढीले फकाउनु, उसलाई झ्यालबाट आमा ! भन्न मन लागेर पनि मालिको भयले बोल्न नसक्नु, मध्य रातमा फ्लाटबाट डरलाग्दा आवाज सुन्नु, बिहानीपख उठेर झ्यालतिर हेर्नु, बुढीलाई नदेख्नु, उसका मनमा विविध शङ्का-तर्कनाहरू पैदा हुनु, ऊ आफ्नी घरकी बुढी आमालाई उनकै अवस्थमा सम्झन पुग्नु र आफ्नै बाटो हेरिरहेको स्मृति हुनु, उसको मुटु भक्कानो हुनु र आँखाबाट आँसु चुहिनु, उसले त्यस बुढीको बारेमा जान्न चाहनु, बुढीको खर्च, हेरचाह, खानेकुराको जिज्ञासा हुनु, त्यसभन्दा बढी रहस्यमय र कौतुहलमय मालिक अल्फोन्जोको बारेमा लाग्नु, एकदिन पुनः फ्लाटको मूल गेटमा बुढीसँग भेट हुनु, बिरालो बिरामी भएकोले डाक्टर बोलाएको कुरा बुढीले गर्नु, लोप्साङले आफूले सहयोग गरिदिने वचन दिनु, बुढीले ठिकै छ भन्नु र आफूलाई ‘आमा !’ भनेर बोलाएको औधी मन परेको बताउँदै आफ्नो छोरो त्यस्तो भए कति जाती

हुन्थ्यो ! भनी भावुक र स्नेहसिक्त नजरले लोप्साङतिर हेर्नु, केहीबेरमा डाक्टर आएर बिरालोलाई सुई लगाउनु, बुढीले लोपसाङलाई फ्लाट लैजानु, बुढी निकै सम्पन्न देखिनु, डाक्टरले धेरै ड्रिंक्स नपिउने सल्लाह दिनु, बुढी मुस्काउनु, बुढीले ड्रिंक्स बनाउने कुरा गर्नु, लोप्साङले भर्खर डिनर लिएको कुरा गरी अस्वीकार गर्नु, डाक्टरको पछि पछि लोप्साङ पनि फर्कनु, अबेर उठेर नुहाइधुवाइ गरी कामतर्फ दौड्नु, र बुढीआमालाई हेर्न भुलिएको कुरा सम्झनु, रात फ्लाटमा फर्कनु, बुढी आमाको फ्लाटमा बत्ती बलिरहेको देख्नु तर बुढी र बिरालको दुवैको चहलपहल नदेखिनु, बिरालो एकोहोरो रोएको आवाज सुनिनु, त्यसपछिका पाँचौं दिनसम्म बुढीलाई नदेख्नु र बिरालो लिएर बुढी आमा कतै गएको ठान्नु, दिउँसो रेस्टुराँमा अचानक अल्फोन्जो हतारमा आएर “लोप्साङ ! त्यो बुढी थिई नि, किचकन्नी बुढी ! मरिछ ! मरेको तिनचार दिनै भइसकेको रहेछ । लास सडेर गन्धले मात्र मान्छेहरूले चाल पाएछन् । उसको बिरालो पनि बुढीको काखमा मरिरहकौ भेटिएछ । जे भो राम्रै भो ! यस्ता आमा हुनुभन्दा त नहुनै जाती (पृ.१७२) !” भन्नु, “आमा !” लोप्साङ्ले अचम्म मान्दै उसलाई हेर्नु, “हो, ऊ मेरी आमा थिई । उसले मलाई जन्माई, बस, काम खत्तम ! त्यसपछि उसको जीवन थुप्रै पुरुषसँग रोमान्स गर्दैमा बित्यो । उसका अन्य सन्तानहरू पनि छन्, जो अज्ञात छन् । ऊ मलाई जन्म दिने आमा हो तर म उसलाई घृणा गर्छु । अब त ऊ मरिसकी (पृ.१७३) !” भन्दै भावुक हुनु, लोप्साङले लास हेर्न जाने अनुमति माग्नु, भोलि अन्त्यष्टिमा जाने अनुमति दिनु, लोप्साङको मनमा चोट पुग्नु, अन्त्यष्टिपछि वकिलले बुढीको इच्छा पत्र पढेर सुनाउनु, बुढीको नाममा रहेको करोडौं सम्पत्ति उनले पालेको बिरालोको नाममा देखिनु, बिरोलो पनि मरेपछि त्यो सारा सम्पत्ति सरकारको ट्रस्टमा हुनु, अल्फोन्जोलाई बुढीको मृत्युपछि आमाको भावना जाग्नु तर सब बकवास ! ऊ मान्छे नभएर बिरालो थिई ! बिरोलोकी आमा बिरालो नै त हुन्छे ।” (पृ.१७३) भन्दै जोडले चिच्याउनु र कथावस्तुको अन्त्य हुनुसम्मका घटना वर्णनहरू रहेका छन् । यसरी कौतहुलपूर्ण, कारूणिक एवं मार्मिक दृश्यचित्रणको कथावस्तुले कथा हृदयस्पर्शी र जीवन्त बन्न पुगेको छ ।

### ३.१८.२ पात्र र चरित्रचित्रण

प्रस्तुत कथामा प्रमुख, सहायक र गौण पात्रहरूले गरेका कार्यहरूको सत्-असत् अभिव्यक्तिका आधारमा पात्रहरूको चारित्रक विश्लेषण गरिएको छ । यस अनुसार कथानक वर्णनमा प्रमुख भूमिका निर्वाह गर्ने पात्र अल्फोन्जो तथा सहायक पात्र ऊ अर्थात् लोप्सँाङ तथा बुढी आइमाई रहेकी छ भने गौण पात्रको रूपमा बिरालो र अन्य पात्रहरू रहेका छन् ।

अल्फोन्जो कथाको पुरुष, प्रमुख कार्य भूमिका, असत् प्रवृत्ति, गतिशील स्वभावको पात्र हो । ऊ कथाको केन्द्रीय चरित्र हो । प्रेम र यौनमा जीवनलाई बुझ्ने, मनोरञ्जन, सुख, भोगेच्छा भएको मालिकको रवाफ र जीवनशैली अपनाउने अल्फोन्जो सानैदेखि आमाबाट

विछोडिएको अपहेलित पात्र हो । आफ्नो विगत पारिवारिक स्थितिलाई गोप्य र रहस्यमा राख्ने पात्र हो । जीवनभर आमालाई नसम्झने तर मृत्युपछि आमाको संज्ञा सार्वजनिक गर्ने र आमाबाट सधैँ टाढा रहने पात्र हो । जीवित छँदा आमालाई घृणा, क्रोध र ईर्ष्याको भावले हेर्ने ऊ मृत्युपछि पनि बिरालोकी आमाको उपनामले गाली गलौज गर्दछ । यसरी अल्फोन्जो कथामा नकारात्मक कार्यभूमिका बहन गर्ने प्रमुख चरित्र हो । उसभित्रका विविध मनोद्वन्द्व र तिनको अभिव्यक्तिका रूपमा बाह्य क्रियाकलाप सञ्चालित हुन पुगेका छन् । उसको आन्तरिक मनोद्वन्द्व र भौतिक द्वन्द्वका विविध परिस्थितिबाट उत्पन्न राम्रा नराम्रा क्रियाकलापको चित्रण नै कथामा पात्रको चारित्रिक उद्घाटनको रूपमा आएको छ ।

सहायक पात्रका रूपमा उपस्थित विविध पात्रहरू अल्फान्जोका प्रेमिकाहरू, नोकर लोप्साङ आदि मध्ये लोप्साङ कथाको प्रमुख सहायक भूमिका निर्वाह गर्ने पुरुष पात्र हो । कथामा उसको भूमिका महत्वपूर्ण रहेको छ । मालिक र उसका प्रेमिकालाई सदैव खुसी र प्रशन्न राख्नु उसको दैनिकी रहेको छ । रेस्टुराँमा दिनभर काम गर्नु, त्यस कार्यलाई आफ्नो भाग्य सम्झनु, दस वर्ष भेनिस बस्दा उन्नति गर्न नसकेकोमा पश्चाताप गर्नु, आफ्नो कोठाको अगाडि बस्ने बुढी आइमाईलाई देखेर दया लाग्नु र आफ्नो आमालाई सम्झनु, मालिकले त्यस बुढीलाई गाली गलौज गरेकोमा विभिन्न तर्क-शङ्का, प्रश्न, जिज्ञासा पैदा हुनु, बुढीलाई नदेख्दा खिन्न हुनु र उसको मृत्युमा भावुक बनेर दुःख प्रकट गर्नु जस्ता मनोभावहरू बोकेको लोप्साङ चरित्र प्रवृत्तिका आधारमा सत् सहयोगी पात्र रहेको देखिन्छ । विदेशी भूमिमा जीवन बिताउन विवश नेपाली पात्रहरूको प्रतिनिधि पात्र बनेर ऊ कथानक वर्णनमा आएको छ ।

बुढी आइमाई कथाकी अर्की स्त्री, सहायक भूमिका निर्वाह गर्ने, अनुकूल पात्र हो । उनकै केन्द्रीयतामा कथाले शीर्षककीय सार्थकता प्राप्त गरेको छ । मूलतः उनको जीवन भएका दुःखदायीपूर्ण एक  निराशाजनक जीवन यात्रा र मृत्यु पश्चातका घटनाका कारूणिक संस्मरणले कथालाई जीवन्तता प्रदान गरेको छ । आफ्नो छोरोबाट अवहेलित र घृणित बन्न पुगेकी सेतै फुलेकी बूढी इटलीका समग्र एक्ली, वृद्धा र असहाय महिलाकी प्रतिनिधि पात्र हुन् भने वृद्ध आमालाई नेपालमा एक्लै छोडेर विदेशमा दुःखदायी जीवन गुजार्न पुग्ने नेपालीहरूका प्रतिनिधिमूलक पात्र हुन् ।

### ३.१८.३ संवाद वा कथोपकथन

यस कथामा पात्रहरू बिचको संवाद कथन निकै सरल, मर्मस्पर्शी रहेको छ । पात्रहरूका एकालापीय कथनका संस्मरणात्मक कथोपकथन, बुढी आइमाईसँगको स्नेह र दयालु संवाद कथन, उनको मृत्युपछिका तर्क, वितर्क, आलोचना र गाली गलौजका कथन

अभिव्यक्ति, लोप्साङ अर्थात् रेस्टुराँ नोकरले बुढी आइमाईप्रति देखाएको भावुक श्रद्धाको संस्मरणात्मक कथन आदिका रूपमा आएका संवाद प्रस्तुतिले कथानक वर्णनमा सरलता, सरसता र कारूणिकता प्रादन गरेको छ । कथामा वर्णित बुढीप्रति लक्षित कथाको एक अंश यसरी अभिव्यक्त भएको छ - "कहिलेकाहीँ फुर्सद भएको बेला मलाई भेट न है बाबु !" बुढी आमा बोलिन् । उसले 'हवस्' भन्यो । 'अल्फोन्जो किन यो बुढी आइमाईसँग यति विध्न रिस गर्छ ?' उसले कुनै भेउ पाउन सकेन । ऊ रेष्टुराँ गयो र राति अबेरसम्म काम गरिरह्यो । उसको दिमागमा बुढी आइमाईमा मुस्कुराइरहेको अनुहार नाचिरहेको थियो (पृ.१६९) । यस कथोपकथनमा बुढी आइमाईको कारूणिकता र सहायक पात्रको मानसिक चिन्तनको वकालत भएको पाइन्छ । यसरी संवाद वा कथोपकथनले 'भेनिसकी बुढी' कथाको सार सन्देश सार्थक रूपमा व्यक्त गरेको छ ।

### ३.१८.४ देश, काल, परिस्थिति

कथाको इटली देश र भेनिस सहरको रमणीय दृश्य वर्णन बाह्य परिवेशको रूपमा आएको छ। कथामा बुढीको दुःखी र उराठलाग्दो एक्लो जीवनप्रतिको स्मरणमा देखिएको मनोद्वन्द्वको विविध कल्पना, तर्क, प्रश्न, जिज्ञासा आदिको अन्तरसंस्मरणात्मक मनोपरिवेशको प्रस्तुति पाइन्छ । कथाको कथानक परिवेश मूलतः आन्तरिक परिवेश तथा भेनिसको सहरी खुला रोमान्स एवम् वृद्धा-वृद्ध मानिसका कठिन जीवन भोगाइका साथै धन (डलर) को आशा परदेशको वास र डलरकै आडमा नारी अस्मितामाथिको विविध शोषणको विवशतामय परिस्थिति कथामा देश, काल र परिस्थितिको रूपमा प्रस्तुत गरिएको छ । इटली बसेको १० वर्ष भए पनि उसले राम्ररी भेनिस घुम्न पाएको थिएन । ऊ जति ठाउँ गयो, काम खोज्नका लागि गयो । उसले गल्ली र बाटाहरूका नाम याद गऱ्यो तर त्यहाँको आकर्षण र सुन्दरताको उसलाई कहिल्यै मतलब भएन । काम खोज्ने क्रममा ऊ सानमार्को, सान्ता मारिया, सान पोलो आदि ठाउँ गएको थियो (पृ.१६६) । कथानक पर्णनअनुसार कथामा इटली देशका विविध सहरी स्थलगत परिवेश, १० वर्षको दुःखद, निराशमय, कठिन शारीरिक श्रम र मानसिक रूग्णताको विवशतापूर्ण परिस्थिति र लामो कालखण्डीय समय सन्दर्भ कथामा जीवन्त प्रतिरूप बनेर आएको छ ।

### ३.१८.५ भाषा शैली

प्रस्तुत कथाको भाषाशैली सम्प्रेष्य, रहेको छ । कथ्यस्तरका संस्मरणात्मक शैलीका साथै वर्णनात्मक शैलीले कथानक प्रस्तुतिमा रोचकता प्रदान गरेको छ । कथामा प्रयुक्त पात्रको संवेदनायुक्त कारुणिक चित्कारजन्य अनिष्ट सुच्य शैलीको एक अभिव्यक्ति यस्तो देखिन्छ । 'रातमा बुढी आइमाइको फ्लाबाट विभिन्न आवाजहरू आइरहेको, हाँसेको,

रोएको, रिसाएको, बोलेको, गीत गुन गुनाएको र रक्सीले मातेको स्वोरहरू लहसिदै लोप्साङको छेउमा आएर उसलाई ब्युउझाउने प्रयत्न गरे तर थाकेर चुर भएको लोप्साङ निन्द्रा ओडेर सुतिरह्यो (१७२) । यस उद्गारबाट बुढी आइमाइको कोठामा हुन सक्ने सम्भाव्य अनिष्टको संकेत स्वरूप सम्बेध्य अर्थात संवेदनापूर्ण भाषाशैलीको छ भन्न सकिन्छ । यसरी कथामा प्रयुक्त भाषाशैलीले कथालाई जीवन्त तुल्याएको छ ।

### ३.१८.६ उद्देश्य

कथाले पाठकलाई दिन खोजेको सन्देसको सार वा विचार तत्व नै उदेश्य हो । यस भेनिसकी बुढी नामक शीर्षक कथामा वर्तमान नैरास्य जीवन भोगाइ र रहस्यमय मृत्यूको मुखमा पर्न विवस मानिसको जीवन र विदेशी भूमिमा डलरमा जिन्दगी साट्न विवस नेपालीको तितो यथार्थ प्रस्तुत गर्नु यस कथाको उदेश्य रहेको छ ।

## ३.१९ हान् घण्टा हान्

### ३.१९.१ कथावस्तु

यस कथामा डिभी परेर अमेरिका पुगेका नेपालीहरूको दिनचर्या र जीवन भोगाइका कथाव्यथा कथावस्तुको रूपमा यसरी आएको छ ।म बिहान व्युँझदा नेत्र बिछ्यौना छोडेर बाथरूमभित्र छिरिसकेको थियो । हामी राति सँगै सुतेका थियौं एउटै बेडमा । भुइँमा कम्बल बिछ्याएर कृष्ण, सुशील र शङ्कर चेप्टिएर सुतेका थिए । ...हिजो म टिभी हेरिरहेको बेला हरि र राजेन्द्रले कम्बल र तकिया ल्याएर सोफामा ढल्कँदै भनेका थिए "बिहान पाँच बजे घण्टा हान्न जानु छ दाइ ... । हामी त सुत्यौं (पृ.१७४) ।"

'म' पात्रले 'घण्टा हान्नु' को अर्थ नबुझेर सोध्नु, "घण्टा हान्न कहाँ जानु पर्छ भाइ ? मैले त बुझिनँ ।" राजेन्द्र र हरि दुवै हाँसेर मलाई (म पात्रलाई) अर्थ बुझाउँदै भने - "काममा जानुपर्छ भनेको नि दाई ... । यहाँ त घण्टाघण्टाको हिसाब हुन्छ । जति धेरै घण्टा हान्यो, त्यति धेरै डलर आउँछ ।" (पृ.१७४) ।" हरिले यस कुरालाई बुझाउनु, राजेन्द्रले थप प्रष्ट पार्नु, 'म' पात्रले सहमति जनाउनु, म पात्रले भोलिपल्ट सोफामा बसेर टिभी हेर्दै उनीहरूको अवस्था विश्लेषण गर्नु, उनीहरूको जीवन सोचे जस्तो नभएको निर्णयमा पुग्नु, नेत्रले चिया लिएर आउनु "दाइ, डिभी परेर आउनु भएको हो, होइन त ?" भनी प्रश्न गर्नु, म पात्रले "हो भाइ ।" भन्नु, उसले अमेरिकी भिसामा आएकाहरूको उच्च सपना सपनामै सीमित हुने निराशाजनक कुरा गर्नु, उसले आफू डिभी परेर आएको तिन महिना बितिसक्दा पनि काम नपाएको दुःखेसो गर्नु, म पात्र छाँगाबाट खसे झैँ हुनु, उसले आफू नेपालको मन्त्रालयमा उपसचिव तहमा सरकारी जागिरे रहेको यथार्थ प्रस्तुत गर्नु, नेत्रले ढाडस दिनु, नेत्रले साथीहरूका निम्ति बिहान नौ बजेअघि नै खाना बनाउनु पर्ने कुरा गर्नु र चाइना

टाउन जानु, म पात्रलाई चीनको कुनै सहरको गल्लीभित्र पसेको अनुभूति हुनु, नेत्रले यसबारे थप स्पष्ट पार्नु, तिनीहरू आवश्यक सामग्री लिई कोठामा फर्कनु, सडकमा सवारी नियमबारे बताउनु, 'म' पात्र बुझ पचाएर सुनिरहनु, नेत्रले 'म' पात्रतिर हेर्दै "तपाईंले लगाउनु भएको लुगा एक महिनासम्म पनि मैलो नहुने कुरा गर्नु, मैलो भएपछि  लन्ड्रीमा धुलाइ गर्ने बताउनु, 'म' पात्रलाई मन्त्रालयको घुम्ने कुर्चीको झलझली याद आउनु, नेत्र खाना पकाउन थाल्नु, 'म' पात्रले घरका मातापिता, श्रीमती र छोराछोरी सम्झनु, आफू अमेरिका पुगेकोमा उनीहरू कति खुसी भएका होलान् भनी ठान्नु, तर अमेरिका नेपालीहरूले सोचे झैं, चाहे झैं नहुनु, नेत्रले के सोचिरहनु भएको दाई ?" सुरुमा घर सम्झेर बोर लाग्छ, पछि धेरै घण्टा हान्न पाए हुन्थ्यो भन्ने सम्झेर बोर लाग्छ भन्नु, पैसा कमाउने दिन आएपछि प्रगति गर्न नसकेको सम्झेर बोर लाग्छ, जीवन भनेकै असन्तुष्टिको नोटबुक रहेछ भन्नु, कृष्ण भावुक बन्नु, पाँच वर्ष अघि डिग्री लिने सोचबाट अमेरिका छिरेको उसको अवस्था विशुद्ध कामदारको रूपमा परिणत भएको र हालसम्म विवाह पनि नगरेको कुरा सुनेर 'म' पात्र छक्क पर्नु, अन्य नेपालीहरू पनि गैरकानुनी रूपमा त्यहाँ बस्दै आएको बताउनु, कृष्ण, सुशील र शङ्कर हतार हतार खाना खाएर काममा जानु, कृष्णले 'म' पात्रलाई दिनभर आराम गर्ने सल्लाह दिनु, नेत्र र 'म' पात्र बिच वार्तालाप चल्नु, नेत्रले बाआमाले एयरपोर्टमा आफ्नो निधारमा रातो टीका र घाँटीमा सयपत्रीको माला पहिरिदिएको दृश्य सम्झनु, उसका आँखा रसाएर आउनु, 'म' पात्र किङकर्तव्यविमूढ बन्नु र आफ्नो भविष्य सम्झेर टोलाउनु, हरि र राजेन्द्र कामबाट फर्कनु, राजेन्द्रले नेत्रका लागि रेष्टुराँमा भाँडा माफ्ने जागिरको सन्देश लिएर आउनु, "तेरो एम.ए.को डिग्री  यहाँ केही काम लाग्दैन बन्धु !" भन्नु, हरिले काम गर्न प्रेरित गर्नु, नेत्रले स्वीकृति जनाउनु, राजेन्द्रको आग्रहमा तिनजना घुम्न निस्कनु, 'म' पात्रले "स्ट्याच्यु अफ लिबर्टी" हेर्न जाने कुरा गर्नु, तिनीहरू अहिलेसम्म नपुगेको र थाहा नभएको बताउनु, "त्यसो भए संयुक्र राष्ट्र सङ्घको बिल्डिङ्ग हेर्न जाऊँ ।" भनी 'म' पात्रले प्रस्ताव राख्नु, हरिले तपाईं काम गर्नु आउनु भएको हो कि घुम्न ? भनी प्रश्न गर्नु, 'म' पात्रले काम गर्न भन्नु, उसले यहाँ घुम्नको लागि कि मन्त्री र सांसद वा कुनै पार्टीको नेता भएर आउनु पर्ने बताउनु, 'म' पात्रले "टाइम स्क्वार जाने इच्छा व्यक्त गर्नु, उनीहरूले त्यो अहिलेसम्म नदेखेको कुरा गर्दै नजिकै कतै घुम्ने बचन दिनु, तिनीहरू एउटा रमणीय पार्कमा पुग्नु, हरिले नेपालको रत्नपार्क जस्तो बदामको बोक्रा फाल्ने पार्क होइन भनी बताउनु, 'म' पात्रलाई हरि र राजेन्द्रको पहिचान बुझ्न गाह्रो पर्नु, विशुद्ध नेपाली, अशुद्ध बनिरहेका नेपाली वा नेपाल बिर्सिएका नेपाली ? पार्कबाट फर्कंदा एकजोडी वृद्ध दम्पत्ति कुनाको बेन्चमा बसिरहेको देख्नु, तिनीहरू नेपाली भएको थाहा हुनु, बच्चा हेर्नको लागि बा आमा (बुढाबुढी) लाई झिकाएको कुरा गर्नु, तिनीहरूसँग परिचय नगर्न भन्नु, एक हप्ता अघि राजेन्द्रले भेट गर्दा न्यूर्योकको भाडाको फ्याल्ट र पार्कको कुनो बाहेक अन्यत्र जान

नपाएको दुःखेसो गर्दै आँसु झारेको बताउनु, बुढाको "ए बाबु ...बाबु ... भन्ने आवाजको वास्ता नगरी आफ्नो निवासतर्फ लाग्नु, खाना खाएर नेत्र पनि अरूसँगै 'घण्टा हान्न' (काम गर्न) जानु, 'म' पात्रलाई आफू बुद्धि बिग्रिएर अमेरिका आए झैँ लाग्नु, शङ्कर, सुशील र कृष्ण एकजोडी युवायुवती सहित कोठामा फर्कनु, तिनीहरूको रहनसहन र व्यक्तित्व अमेरिकन जस्तै देखिनु, तिनीहरूले रेष्टुराँबाट ल्याएको खानेकुरा जुस बाँडेर खानु, नयाँ युवक (आशिष) ले दस वर्षदेखि थ्रिस्टार होटलमा कुक काम गरेको थाहा हुनु, उसले 'गुड फ्राइडे' मनाउन डिस्को जाने प्रस्ताव गर्नु, युवती (जस्मिन) ले "गुड आइडिया !" भन्दै तुरून्तै समर्थन जनाउनु र उसको अनुहारमा सुन्दरता छाउनु, ऊ पनि सात-आठ वर्षदेखि ब्यूटी पार्लर चलाउँदै आएको थाहा हुनु, आशिष बाहेक सबैजना नाइट क्लब जानु, जोडा, बिजोडा दर्शकहरूको घुइँचो देखिनु, जस्मिन जोडी अङ्ग्रेजी गीतको धुनसँगै समूहमा मिसिएर नाच्न थाल्नु, कृष्णले ती दुवै विवाहित नेपाली हुन् भन्ने पहिचान गराउनु, तिनीहरू एउटै फ्लाटमा बस्नु र जोइपोइको सम्बन्ध हुनु, बाहिर साथी भनी परिचित गराउनु, 'म' पात्र "हो र ... ।" भनी आश्चर्यमा पर्नु । समूहमा नाचिरहेको एकजना बुढो (गोविन्द) २० वर्षदेखि अमेरिका बस्दै आएको अहिलेसम्म फ्लाट किन्न सकेको छैन, आज कमाएर आजै उडाउँछ, विवाह पनि पाँच चोटी गरिसक्यो भन्दै कृष्णले 'म' पात्रलाई अमेरिकामा रहेका नेपालीसँग साक्षात्कार गराउँदै जानु तर 'म' पात्रलाई आफू कसरी अमेरिकामा समायोजन हुने ? भन्ने कुराले चिन्तित तुल्याउनु, डिस्कोथेक बाहिर नेपाली केटाहरू नेपालमा नयाँ बन्ने संविधानबारे बहस गर्दै रहनु, त्यस समूहमा नेपालका सबै राजनीतिक पार्टीको प्रतिनिधि समावेश भएको कुरा गर्नु र तिनीहरू एक क्यान बियरको भरमा क्लव बन्द नहुन्जेलसम्म बहस गरिरहने कुरा गर्दै घरतिर लाग्ने प्रस्ताव राख्नु, कृष्णले "'म' पात्रलाई पासपोर्ट साथमा छ दाइ ?" भनी सोध्नु, जवाफमा आज पनि 'भुलेछु' भन्नु, यसबाट हामीलाई पनि अप्ठ्यारो पर्छ दाइ ! भनी शङ्करले सचेत गराउनु, कृष्णले सल्लाहअनुसार मेट्रो चढेर घर फर्कनु यसै गरी सुत्नुपूर्व कृष्णले 'म' पात्रलाई आफू काम गर्ने सपिङ्ग मलमा काम मिल्ला जस्तो कुरा गर्नु जस्तो सन्दर्भदेखि 'म' पात्रले त्यहाँ काम पाएको कुराको रात्री स्वप्न र आफ्नो घरमा रहेकी छोरीको स्वदेश फर्कन आग्रह गर्नु,'कृष्ण' र 'म' पात्र बिच कामको विषयमा संवाद हुनु, 'म' पात्रले "कस्तो काम हो भाइ ? मैले के गर्नुपर्छ ?" अमेरिका छिरेको केही दिनमै काम पाउन थालेकोमा मैले आफूलाई भाग्यमानी सम्झेँ ( पृ.१८८) । उसले भन्यो- "काम त्यति अप्ठ्यारो छैन दाई, सजिलै छ ।" ... "ट्वाइलेट सफा गर्ने हो दाइ ... (पृ.१८८) ।" 'म' पात्र छाँगाबाट खसे जस्तो हुनु, उसले भोलिपल्ट आफूले गर्नुपर्ने कामको प्रतिविम्ब सपनामा देखिनु, जसअनुरूप घुँडासम्म आउने बुट र हातमा पलास्टिकका लामा पन्जा लगाउनु, शरीरमा बख्खु जस्तो सेतो कोट, मुखमा मास्क र टाउको जालीले छोपिनु, हातमा ब्रस समातेर कमड (ट्वाइलेट) सफा गर्दै गर्नु, आँखाबाट

आँसुका थोपा पानीमा तपतप खस्नु र त्यसमा उसकी सानी छोरीको आकृति देखिनु र छोरीले डलरको लोभ लालचमा परेर अमेरिकामा गएर ट्वाइलेट सफा गर्नु भन्दा आफ्नो देशमा मुस्कुराउँदै डोको बोक्न बेस ! बाबा नेपाल फर्कनुहोस् ।" यसरी कथाको कथावस्तु रहेको छ ।

### ३.१९.२ पात्र र चरित्र चित्रण

प्रस्तुत 'हान घण्टा हान् ...' कथामा बहु पात्रको उपस्थिति देखिन्छ । कथामा म पात्र, कृष्ण, शङ्कर, राजेन्द्र, हरि, नेत्र, आशिष, जस्मिन, नेपाली बुढो (गोविन्द), पार्कका नेपाली वृद्ध दम्पत्ति, डिस्कोथेकका विविध पात्रहरू, नेपालस्थित म पात्रकी सानी छोरी ( प्रतिविम्बित पात्र), बाबुआमा, श्रीमती आदि स्मृतिका पात्रहरू हुन् । प्रस्तुत कथाको पात्रहरू मूलतः तिन प्रकारका विभक्त छन् - प्रमुख, सहायक र गौण । यसअनुरूप 'म' पात्र कथाको प्रमुख कार्य भूमिका भएको पुलिङ्ग पात्र हो । प्रवृत्तिमा सत्-अनुकूल, स्थिर प्रवृत्ति, पात्र हो । उसका विविध संवाद, तर्क, टिप्पणी, संस्मरण शैलीको कथानक चित्रणद्वारा चरित्रचित्रणमा जीवन्तता प्रदान गरेको छ ।

त्यसै गरी सुशील, नेत्र, कृष्ण, राजेन्द्र, शङ्कर, हरि आदि सहायक पुरुष पात्र हुन् । तिनको विविध रूपबाट 'म' पात्र अर्थात् प्रमुख पात्रलाई भौतिक र मानसिक दुवै रूपबाट सहयोग गरेका छन् ।

गौण पात्रका दृष्टिले हेर्दा कथामा आशिष र उसकी प्रेमिका जस्मिन, डिस्को थेकको नेपाली बुढो (गोविन्द) लगायत संस्मरणका रूपमा आएका म पात्रको नेपालस्थित परिवारका सदस्यहरू एवं अमेरिकी स्वदेशी तथा विदेशी नागरिक वा पर्यटक आदि रहेका छन् ।

### ३.१९.३ संवाद वा कथोपकन

कथामा विविध सन्दर्भ र पसङ्ग, चित्रणका क्रममा पात्रहरू बिच अन्तर संवादको कथन गरिएको छ । जसको नमूना यस्तो छ - गौण पात्रले सहायक पात्रसँग गरेको संवाद चित्रणको एक अंश यसरी अभिव्यक्त भएको छ - "आज गुड फ्राइडे, डिस्को जाऔं । आशिष नाम गरेको नयाँ युवक बोल्यो । ..."गुड आइडिया ।" युवती अर्थात् जस्मिनले झट्ट उत्तर दिई (पृ.१८५-१८६ ) ।"

त्यसैगरी सहायक पात्रहरूका प्रमुख, सहायक र गौण पात्रहरूसँग विविध अन्तरङ्ग कुराकानी वर्तमान र भविष्य र महत्त्वकाङ्क्षा जस्ता कुराहरूमा केन्द्रित रही जीवन र जगत्लाई बुझ्नु अनि भाग्य र कर्मलाई चिन्नु पर्ने जीवनवादी सन्देशमा आधारित विविध अन्तर संवादले कथानकलाई रोचकता एवम् आकर्षण प्रदान गरेको छ । प्रस्तुत कथा विविध

सन्दर्भ, चित्रणका संवाद वा कथोपकथनका रोचक प्रस्तुतिले जीवन्त एवम् प्रभावकारी बनेको देखिन्छ ।

### ३.१९.४ देश, काल र परिस्थिति

कथामा देश, काल र परिस्थितिका रूपमा अमेरिकाका विविध सहरी क्षेत्रहरू रहेका छन् । यस क्रममा मूलतः अमेरिकाको चाइनाटाउन र आसपासका सहरी परिवेश, त्यहाँका सपिङ्ग मलहरू, होटेल, रेस्टुराँ, डिस्कोथेक, नाइटक्लब, सुपरमार्केट, पेट्रोल पम्प, स्टयाचु अफ लिबर्टी, संयुक्त राष्ट्र सङ्घको बिल्डिङ्ग, टाइम स्क्वायर, वाल स्ट्रिट, मेट्रो स्टेशन, पार्क आदि आएका छन् । त्यसैगरी संस्मरणका रूपमा पात्रहरूको स्मृतिका रूपमा नेपालको अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंको विभिन्न सहरी क्षेत्र, सरकारी कार्यालय, सडक लगायतका सिङ्गो नेपालको भौतिक परिवेश तथा तिनबाट उत्पन्न विविध मानसिक स्थलहरूको सङ्केत गरिएको छ ।

### ३.१९.५ भाषाशैली

यहाँ पात्रहरू बिचका कथ्य संवाद तथा एकालापीय कथनशैलकिो भाषिक संयोजन रहेको छ । 'म' पात्रको एकालापीय कथनमा आधारित प्रतीकात्मक भाषाशैलीको एक अंश यसरी वर्णन गरिएको छ - त्यो आकृति मेरी सानी छोरीको थियो । ऊ भनिरहेकी थिई - 'डलरको लोभ र लालचमा अमेरिका गएर आँसु चुहाउँदै ट्वाइलेट सफा गर्नुभन्दा आफ्नो देशमा मुस्कुराउँदै डोको बोक्नु बेस ! बाबा नेपाल फर्कनहोस् (पृ.१८८) ।' यसप्रकार कथामा 'म' पात्रको कारूणिक संस्मरणात्मक भाषाशैलीको अभिव्यक्तिबाट कथानक भाव वा मर्म प्रस्तुत गर्दै उद्देश्य स्पष्ट गरेको छ ।

### ३.१९.६ उद्देश्य

प्रस्तुत 'हान् घण्टा हान् ...' कथाको पनि थुप्रै उद्देश्य रहेको देखिन्छ । खासगरी कर्मवादी प्रवृत्ति त्यागेर भाग्यवादी खेलको डिभीरूपी पुछार पक्रिँदै उच्च महत्वाकाङ्क्षा सपना देखेर सुख सम्पत्तिको प्रलोभनमा अमेरिका पुग्ने सम्पूर्ण प्रवासी नेपालीहरूको भौतिक तथा मानसिक जीवनको यथार्थ खोतल्नु यस कथाको प्रमुख उद्देश्य हो । विदेशी डलर र त्यसबाट पाइने मान, प्रतिष्ठा, सुखभोगको क्रममा वर्षेनी अमेरिका पुग्ने हजारौं नेपालीहरूको दैनिक जीवनका सङ्घर्षशील पीडाहरूको अभिव्यक्ति प्रस्तुत गर्नु तथा तिनप्रति सहानुभूति र करूणा जगाई तिनका न्यूनतम आधारभूत व्यवस्था राज्यले गरोस् भन्ने इच्छार्थ भाव कथाकारले गरेको पाइन्छ ।

अर्कोतर्फ नेपाली युवाहरूको विदेश पलायन प्रवृत्तिको देशका युवा, सरकारी कर्मचारी तथा दक्ष जनशक्ति घट्दै गएको चिन्तन प्रस्तुत गर्नु, राष्ट्र र राष्ट्रियताप्रतिको

भाव प्रेरित गराउनु, राष्ट्रको उन्नति र विकासमा नै जीवन लगाउनु, भाग्यभन्दा कर्मको विश्वास गर्नु, धन दौलत र सुख चयनको उच्च महत्वकाङ्क्षाका कारण जीवन दुःखदायी, कष्टकर र निराशामय बन्दछ भन्ने जीवनवादी सन्देश प्रदान गर्नु जस्ता विभिन्न अभिव्यक्ति यस कथाको उद्देशय बनेर आएकाछन् ।

### ३.२० आइफल क्याफे

### ३.२०.१ कथावस्तु

प्रस्तुत कथाको कथावस्तु दम्पत्ति लुइस र लोलाको जीवनभोगाइका घटनावृत्तहरूको छ - आइफल क्याफेभित्र मान्छेहरूको घुइँचो बढिरहेको छ । क्याफेको एउटा कुनामा बसेका लुइस र लोलाका चिसा मनहरू भने हिउँ झैं जमिरहेका छन् । ती दुवै मौन भाषामा सेन नदीलाई नियालिरहेका छन् । प्रकाशको जगमगाहटमा सेन नदीको सुन्दरता अझ प्रखर बनेको छ (पृ.१८९) । यहाँबाट कथानक घटना विस्तार भएको छ ।

कथामा लुइस दम्पत्तिको वास्तविक उद्देश्य, यस पूर्वमा प्रेम र विवाहका सुखद क्षणहरूको स्मृति र खटपट, बेमेल र असमझदारी जस्ता कुराले दाम्पत्य जीवनको मानसिक धरातलमा ल्याएको परिवर्तन र त्यसको भावी सम्भावनाको विश्लेषण गरिएको छ ।

लुइस दम्पत्ति भर्खर मात्र आइफल टावरमा आफ्नो विवाहको तेस्रो वर्षगाँठ मनाएर फर्केका थिए । आइफल टावरको सबैभन्दा माथिल्लो तलामा पुगेपछि त्यहींको बारमा लुइसले २०-२० युरोमा दुई गिलास स्याम्पेन किन्यो । 'चियर्स' ! ह्याप्पी थर्ड म्यारिज एनिभर्सरी ...भन्दै लुइस र लोलाले स्याम्पेन भरिएका गिलासहरू आपसमा ठोकाउँदै स्वाट्ट पिए । लुइसले लोलालाई अँगालो हाल्यो र ओठमा म्वाइँ खायो । लोलाले पनि लुइसको अनुसरण गरी (पृ.१८९) । यसैगरी कफी अर्डर गर्नु, कफीको कप समात्दा एक अर्काको हातका औलौंलहरू ठोकिएर आँखा जुध्नु र मुस्कुराउनु, लुइसले कफी पिउँदा लोलालाई पनि कफी पिउन आग्रह गर्नु, लुइसको भाव देखेर लोलाको मनमा सधैं यस्तै व्यवहार भए जीवन सरल र सुखी हुन्थ्यो भन्ने कल्पना गर्नु, लोला नबोली बसेकोले लुइस दुःखी हुनु, लोलाले आफ्नो पहिलो विवाहको वर्ष गाँठमा भएको रमाइलो स्मृति गर्नु, तेस्रो वर्ष गाँठमा लोलाका अनुहारमा खुसी, आँखामा चञ्चलता र ओठमा मुस्कान नदेखिनु, लुइसले एक्कासी 'क्रुजमा चढ्ने' ? भनी प्रश्न गर्नु, विनासन्दर्भको प्रश्नले लोलालाई हाँसो उठ्नु र पहिलो वर्षको वर्षगाँठमा प्यारिसमा क्रुज चढेको रमणीय सम्झना हुनु, लुइसले थप वर्णन गर्नु, लोलाले सहमति जनाउनु, लोला त्यसबेलाको रमाइलो दृश्यमा भावमग्न हुनु र पुनः क्रुज चढ्ने इच्छा जाग्नु तर क्रुजमा लुइस र लोलाको विपरीत दृष्टिपात हुने कुराले भन्न नसक्नु, लुइसले लोलाको पूर्व उत्सव काल र अहिलेको उत्सवमा धेरै भिन्नता देख्नु, उसलाई क्षण

क्षणमा स्पर्श र अँगालो मार्दै हाँसेको दृश्य स्मरण हुनु, दुवैको एक अर्कामा समर्पण भाव रहेको कुराले झकझकाउनु, लुइसले अहिलेसम्म डिनरको अर्डर नदिएकोमा अचम्म मान्नु र आफूलाई बेवास्ता गरेकामा नैराश्य र रिस उठ्नु । बेयराले के लिनुहुन्छ ? भनी प्रश्न गर्दा लोलाले - "सुप र सलाद" भन्नु, लुइसले लोलाले अचम्म मान्दै लुइसलाई हेर्नु, विगत र वर्तमानको तुलना गर्नु, लुइसको भिन्न व्यवहारको विश्लेषण गर्नु, उसप्रति किन आफूले पनि दुरव्यवहार देखाऊँ ? भन्ने भाव प्रकट गर्नु, लोलाको मनमा खुसी छाउनु, पानी पिउनु र टाउको समाई आँखा चिम्म गरी बस्नु, केही क्षणपछि एक गिलास रेड वाइन मगाएर खानु, लुइस ट्वाल्ल परेर हेर्नु, लोलाका आँखा क्याफेको कुनामा बसेका बुढाबुढीको प्रेमभावले समर्पित जोडीमा पुग्नु र तिनको रमाइलो दृश्यबाट लोला भावुक बन्नु, आँखाबाट आँसु आउनु झटपट पुछ्नु, वाइनको घुट्को पिएपछि "बुढाबुढीको जोडी कति राम्रो छ हगि ... ।" भनी प्रश्न गर्नु, लुइसले ती पनि विवाह उत्सव मनाउन आएका होलान् भन्नु, बुढाले केही बरेमै "हाई लुइस सन्चै हो ?" भनी हात हल्लाउनु तर लुइसले भने नचिने झैं गर्नु, लोलाले बुढाको बारेमा लुइसलाई सोध्नु, लुइसले आफ्नै बाबु भएको र हालको चौंथी श्रीमती भनी प्रष्ट पार्नु, लोलाले "ओ माइ गड ...!" भन्दै आश्चर्य प्रकट गर्नु, उसले तिनको प्रगाढ र अटुट प्रेमको प्रशंसा गर्नु, लोलाले विवाहको पहिलो उत्सव नयाँ लोग्ने, नयाँ स्वास्नी ... । नयाँ परिवेश, नयाँ इच्छा, आकाङ्क्षाहरू नयाँ-नयाँ जोस ...युवा दम्पत्ति हुन् वा वृद्ध... सबै नयाँ । अहो ! म अनि लुइस बिचको वैवाहिक सम्बन्ध पनि एक समय नयाँ (पृ.१ ९४) ... ।" भनी आफ्ना विगतका दिनहरूको स्मरण गर्नु, केही बेरमा पुनः एकजोडी प्रेमीलाई देख्नु, ती युवा जोडी आफ्नै संसारमा व्यस्त हुनु, तिनका दृश्यचित्रबाट लोलाको मस्तिष्कमा आफ्नै पहिलो वर्षको विवाह उत्सव सम्झनु, वर्तमान अवस्थादेखि निराश र अर्थहीन हुनु, बेयराले ट्रेमा बिल लिएर आउनु, दुवैले २०/२० युरोको नोट राखि दिनु, उसले धन्यवाद दिनु, पहिले पनि आएको कुरा लोलाले गर्नु, लोला दुवैले वर्षगाँठ (अहिलेको कति भन्ने) भुल्नु, लोलालाई दुई वर्ष पनि लामो लाग्नु र ऊ भावुक बन्नु, ती दुवैका अनुहारमा तेस्रो वर्ष अन्तिम वर्ष गाँठ हो भन्ने भावहरू छचल्किनु र दुवै आइफल क्याफेबाट बाहिर निस्कनु यसै गरी दुवैले फर्केर आइफल टावरलाई हेर्नु, राति टावर चढ्ने र ओर्लनेहरूको भीड देख्नु, लोलाले सम्भवतः चौथो विवाह उत्सवसम्म आफूहरू सायदसँगै नरहने भाव स्मरण गर्नु, लुइसले पनि मेरो र लोलाको चौंथो विवाह उत्सव मनाउने सायद भाग्यमा छैन भन्ने विचार गर्नु, मान्छेका सम्बन्धहरू त्यस क्याफेमा आउने ग्राहकको मन व्यग्र र बेचैन पहिले जति हुन्छ, त्यति नै क्याफेबाट निस्कन हतारिन्छन् भन्ने कथाको भाव कारूणिक दृश्यचित्रको वर्णन कथावस्तुका रूपमा भएको छ ।

### ३.२०.२ पात्र र चरित्रचित्रण

लोला कथाकी प्रमुख नारी पात्र हो । उसकै जीवन भोगाइका स्मृति, वर्तमानको असन्तुष्टि र भविष्यको सोचाइमा प्रस्तुत कथाले वैचारिकता प्राप्त गरेको छ । लोलाको उच्च महत्वकांक्षा, धन-दौलत र प्रेमको असन्तुष्टि नै प्रमुख कारण बन्न पुगेको यस कथामा नायिका लोलाका विविध मनोवैज्ञानिक चिन्तन र त्यसको अनुचित प्रदर्शनबाट लोलालाई हेर्दा ऊ स्त्री, प्रमुख कार्य भूमिका, असत् प्रवृत्तिकी पात्र रहेको स्पष्ट हुन्छ । उसको नकारात्मक प्रवृत्तिकै केन्द्रीयतामा उसको चरित्र निर्देशित छ ।

यसै गरी श्रीमान् लुइस प्रमुख सहायक पुरुष पात्र हो । ऊ सहायक अनुकूल पात्र हो । उसले लोलालाई असल व्यवहार गरेको छ । साथै उसको इच्छानुकूल कार्यमा सहयोग पनि गरेको छ । समग्र पुरुष जातिले विवाहपछिका दिनहरूमा श्रीमतीहरूले गर्ने व्यवहार र तिनका सोचाइमा देखिने परिवर्तनका प्रभावहरू उसमा देखापरेको छ । ऊ सम्पूर्ण विवाहित पुरुषको प्रतिनिधि पात्र हो ।

### .२०.३ संवाद वा कथोपकथन

प्रस्तुत कथामा पात्रहरूका बिचमा दाम्पत्य जीवनको सुखद र दुःखद क्षणका विविध सन्दर्भहरूलाई कथन अभिव्यक्ति शैलीमा प्रस्तुत गरिएको छ । यहाँ कथोपकथनको क्रममा विभिन्न पत्रहरू बिच संस्मरणात्मक कथन, शैलीका भाषिक कथन पाइन्छ । प्रेम-प्रणयमूलक वर्णनमा आधारित लोलाको संस्मरण कथाको प्रस्तुतिकरणले उद्देश्यमा पुऱ्याएको छ । त्यसरी नै लुइस र लोला अर्थात् दम्पत्ति बिचको प्रेममूलक संवाद चित्रणले कथामा कौतुहलता र आकर्षण पैदा गरेको छ । साथै गौण तथा सहायक अन्य पात्रहरूको प्रत्यक्ष अभिव्यक्ति वर्णनले कथानक मूल पात्र लोलालाई आफ्ना प्रेम-प्रणयमूलक विगतको स्मृति खोतल्न थप सहयोग गरेको छ । दृश्यात्मक प्रकृतिको कथनमा आधरित लोलाको एकालापीय वर्णन कथाकारले यसरी अभिव्यक्त गरेका छन् - जवान हृदय भएका ती बुढाबुढीको प्रेममय व्यवहार देखेर लोला भावुक भई । उस भित्रको संवेदना छचल्कियो । उसका आँखा रसाए । आँखाको च्यापबाट आँसुको एक धर्सो गालातिर बग्न थाल्यो । उसले हत्तपत्त लुइसले थाहा नपाउने गरी आफ्ना आँसु पुछी (पृ. १९४) । यसप्रकार लोलाको प्रेमभावको कारूणिक चित्रण कथाकारले गरेका छन् ।

### ३.२०.४ देश, काल परिस्थिति

प्रस्तुत कथाको परिवेश प्यारिस सहर आइफल क्याफे, आइफल टावर, सेन नदी आदि रहेका छन् । मूलतः प्यारिस स्थित आइफल क्याफेको मुख्य भू-भाग कथाको परिवेश चित्रणका क्रममा आएको छ । प्यारिस सहरको कलात्मक दृश्य चित्रण, आइफल क्याफे र आइफल

टावरका विविध वर्णन तथा तिनका माध्यमबाट मूलतः लोलाको मनस्थितिमा उत्पन्न स्मृति, शङ्का, नैराश्य, उत्सुकता, आलस्यता, मिलन र वियोगका विविध मानसिक द्वन्द्वको परिवेश आएको छ । साथै बाह्य परिवेशको रूपमा क्याफे र टावरस्थित दृश्य चित्र आदि सहरी आकर्षक दृश्यहरू बाह्य परिवेश बनेर आएका छन् । देश, काल परिस्थिति वा परिवेश चित्रणको एक दृश्य चित्र यस्तो छ - लुइस र लोला आइफल क्याफेबाट बाहिर निस्के । दुवैले फर्केर आइफल क्याफेलाई हेरे । क्याफे सामुन्य बिजुलीको प्रकाशमा जगमगाईरहको आइफल टावर थियो । राति पनि टावर चढ्ने र उत्रिने भीड बाक्लै थियो (पृ.१९७) । यहाँ देश चित्रणको रूपमा आइफल कयाफे, आइफल टावर, समयको रूपमा दिन र रात तथा आइफल टावर चढ्ने र हेर्ने मान्छेहरूको भीडभाडपूर्ण स्थिति आएको छ । यसरी कथामा देश, काल, परिस्थितिको जीवन्त एवम् कलात्मक प्रस्तुति रहेको देखिन्छ ।

### ३.२०.५ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल, सङ्क्षिप्त रहेको छ । लोलाले आफ्नो विवाह उत्सवको पूर्व स्मृति स्वरूप विश्लेषणात्मक शैलीमा अभिव्यक्त प्रेमभावको कारूणिक दृश्य वर्णनको एक अंश यस्तो छ - तर कति फरक आयो जिन्दगीमा ! तिन वर्षमै ती पलहरू इतिहास बन्न थालि सके । किन हामीले जीवनका ती सुमधुर पलहरूलाई फेरि जगाउने प्रयत्न गरेनौँ ? जीवन जिउनु र राम्ररी जिउनु बिचको भिन्नता सायद बुझेनौँ हामीले (पृ.१९१) । यसरी कथामा प्रयुक्त भाषाशैली सरल, प्रेमाकर्षक, रोचक सम्प्रेष्य र चेतनमूलक रहेको स्पष्ट हुन्छ ।

### ३.२०.६ उद्देश्य

यस कथाको उद्देश्य मूलतः दाम्पत्य जोडीका जीवन भोगाइहरूका विविध अवस्थाहरूको कारूणिक यथार्थ चित्रण गर्नु र तिनका माध्यमबाट समग्र विवाहित दम्पत्तिलाई मेलमिलाप, आत्मयिता, सर्मपर्ण, सहयोग र समझदारिको सन्देशमूलक शिक्षा चेतना फैलाउनु 'आइफल क्याफे' कथाको उद्देश्य रहेको पाइन्छ । एक-अर्कामा देखिएका कमजोरी, त्रुटि एवम् समस्यालाई आपसी छलफल गरी निराकरण गर्न सकिन्छ । विशेषतः दाम्पत्य जोडीले श्रीमान्श्रीमतिको मर्म, भावना, समस्या बुझ्न सकेमा दाम्पत्य जीवन, व्यवस्थित, सुखमय र चिरस्थायी बन्दछ, अन्यथा निराशमय, दुःखदायी बनी दाम्पत्य जीवन नै खलल पुग्न सक्छ भन्नु नै प्रस्तुत कथाको उद्देश्य रहेको देखिन्छ ।

## ३.२१ मिसन डार्फर

### ३.२१.१ कथावस्तु

प्रस्तुत कथाको कथावस्तु सुडान राष्ट्रको शान्ति सुरक्षाका निम्ति खटिएका उच्च स्तरीय सरकारी फौज अर्थात् मिसन टोलीको सुडानस्थित 'डार्फर' सहरमा विद्रोहीको गोली प्रहारबाट मृत्यु हुन पुगेको कारूणिक घटनाको रहेको छ । कथावस्तु यसरी विकास भएको छ - ऊ चढेको यू.एन.को सेतो गाडी काल्माको आइडियिज क्याम्प (विस्थापितहरूको शिविर) मा रोकियो । उसले कम्प्याक्ट ड्रेस लगाएको थिथो । उसले दुवै हातले एस.एल.आर. समातेको थियो । ऊ गाडीको पछाडिपट्टी सातजना अन्य साथीहरूसँग बसेको थियो ( पृ.१९८) । यसरी घटना विस्तार, सङ्घर्ष र उत्कर्ष अवस्था रहेको छ ।

गाडीको अगाडिको सिटमा बसेको कमान्डरको आदेश आयो - "गाडीबाट ओर्लेर तोकिए बमोजिम आफ्नो ड्यूटी समाल । याद गर, बिर्सेर पनि यहाँका मान्छेहरू, विशेषगरी केटीहरूसँग आँखा नजुधाउनु (पृ.१९८) ।" यसरी अगाडि बढेको कथानक घटनाले गति लिँदै जाँदा सबैले तोकिए बमोजिम ड्यूटी समाल्नु, उसले दुई हातले एस.एल.आर समातेर राइफलको नाल भुइँतिर सोभ्याउँदै पोजिसन लिनु र चारैतिर दृष्टि फिँजाउनु, उसका निम्ति यस ठाउँ नयाँ हुनु, आइडिपिज क्याम्पको परिवेश त्रासदीपूर्ण र मार्मिक रहनु, क्याम्पभित्र हजारौं विस्थापितहरू रहनु, तिनीहरू जीवन कारूणिक र भययुक्त रहनु, क्याम्पभित्र मैदानहरू खाली हुनु, त्यहाँ पसल र हाटबजार लाग्नु, महिला, युवती, वयस्कहरूले बजारको शोभा बढाउनु, सैनिकको आँखा फलफूल बेच्दै गरेकी एकजना केटीको सौन्दर्यमा पर्नु, कमान्डरको आदेशको स्मृति हुँदा हुँदै पनि त्यस केटीप्रति दृष्टिपात पुग्नु, केटीको मादक नयनले हृदयमा हलचल ल्याउनु, मन तरङ्गित हुनु, उसको अनुहार हेर्ने तीव्र आकाङ्क्षा प्रकट गर्नु, ऊ आफ्ना साथीहरूलाई हेर्दै सोच्नु, मेसिन झैं स्थिर देखिने साथीहरूमा कुनै भाव र कुनै तिर्सना नदेखिनु, ऊ आफूलाई अरूभन्दा भिन्न र बिग्रेको जस्तो सम्झिनु, डार्फरकी युवतीको नजरले घाइते वा सद्दे भएको छुट्याउन नसक्नु, उसले लुकीलुकी फेरि युवतीलाई हेर्नु, आफूलाई हेरिरहेको थाहा पाएपछि ऊ (युवती) मुस्कुराउनु, अनुहार देख्न नपाए पनि युवतीको चिमचिम गरिरहेका आँखा देखेर ऊ (सैनिक) आनन्दित हुनु, उसको अनुहार कालै भए पनि राम्री लाग्नु र आमनेसामने कुरा गर्ने मौका एकदिन कसो नआउँला भनी सोच्नु, साँझको समयपूर्व सशस्त्र फौजको गाडीभित्र भित्रबाट विद्रोही समूहले हमला गर्न सक्ने कुराको चेतावनी गराउनु, सुडानको डार्फरमा गृहयुद्ध चर्केदेखि सरकारी फौज र विद्रोही बिच प्रायः हरेक दिन गोली हानाहान भइरहने यस क्षेत्रको उसलाई राम्रो जानकारी हुनु, आइडिपिज क्याम्पभित्र रहेका कुनै पनि मान्छेको विश्वास नलाग्नु, उसको शरीर डरले सिरिङ्ग हुनु, उसले त्यसलाई (युवतीलाई) देख्नु, युवती गधालाई भारी

बोकाएर घरतिर लाग्नु, ड्यूटी पूरा गरेर फर्केपछि केटीको मुस्कुराइरहेको अनुहार देख्नु, राति निद्रामा त्यस केटीले आफूलाई गधामा चढाएर लगेको देख्नु, त्यो अपशकुनको लक्षण भएको ठान्नु, बङ्गलादेशी सिपाही झैं गोला खाएर मर्ने शङ्का जन्मनु, दिउँसो ऊ बख्तरबन्द गाडीमा बसेर हिजोकै ठाउँमा ड्यूटी जानु, डर वा लाजले डार्फरकी अफ्रिकी केटीसँग आँखा चार भएको कुरा कसैलाई नभन्नु, बख्तरबन्द गाडी यू.एन.को सुपर क्याम्प छोडेर मूल सडकमा निस्कने बित्तिकै सतर्क हुनु, दुई जना बर्दीधारी प्रहरी जस्ता ख्याउटे मानिस देख्ने बित्तिकै कमान्डरले हात हल्लाएर अभिवादन गर्नु, एकछिन गाडी रोक्ने आदेश दिनु, गाडी रोकिएपछि कमान्डरले पाउरोटी, जुस, फलफूलको कार्टुन दिनु, तिनीहरूको अनुहार हँसिलो हुनु, दङ्ग पर्दै तिनले कमान्डरसँग आत्मीयपूर्वक हात मिलाउनु, कमान्डरले ती सरकारी आर्मी भएको जानकारी गराउँदै तिनलाई समय समयमा सेवा गर्नुपर्ने बताउनु, केही अगाडि बढेपछि सडकको दायाँतिर छहारीमुनि दुई विद्रोही गुरिल्ला भेट हुनु र तिनीहरूलाई पनि पाउरोटी, जुस र फलफूल दिनु, कमान्डरले सबै बराबर भएको कुरा गर्नु, उसका आँखामा बारम्बार डार्फरकी युवतीको प्रतिविम्ब छाउनु, उसले आज जसरी पनि त्यो केटीसँग बोल्ने प्रयास गर्ने सोच गर्नु, दुई-चार अरबी शब्द बोलेर त्यस युवतीसँग मित्रता गाँस्ने प्रयास गर्नु, ऊ केटीसँग बोल्ने मीठा कल्पनाले छटपटिनु, ऊ चढेको गाडी आइडिपिज क्याम्प पुगेर रोकिनु, क्यापभित्र बजार लागिसक्नु, हिजोको कालो हिजाफ ओढेकी युवतीलाई परैबाट चिन्नु, दुवैको आँखा जुध्नुसम्मका घटनाहरू कथावस्तुमा मध्यमाभाग हो । त्यसैगरी - 'ओहो ... प्रेमको आगो दुवैतिर बराबर फैलिसकेछ ।' ऊ मुसुक्क हाँस्यो (पृ.२०४) । उसले कमान्डरलाई सोधेर फलफूल किनेर त्यस युवतीलाई सहयोग गर्ने विचार गर्नु, ऊ युवतीसामु पुगेर साहस गरेर "सन्चै छ्यौ ?" भनी सोध्नु, उसले 'हो' । भनी उत्तर दिनु, दुवै बिच परिचय हुनु, उसले आफ्नो नाम 'अर्जुन' र युवतीले 'मरिडा' हो भनी बताउनु, ऊ लजाई र ऊसँगै अर्जुन पनि लजाउनु, हिजाबभित्र ऊ मुसुमु मुस्कुराउनु, उसलाई आनन्द लाग्नु, अर्जुनले पूरै टोकरी फलफूलको मूल्य सोध्नु, युवतीले "साबै लगे १० पाउन्डमा दिने कुरा गर्नु, अर्जुनले एकोहोरो हेर्दा युवतीले लाज र डर मान्नु, कमान्डरले छिटो आउन आदेश गर्नु, विद्रोहीहरू क्याम्पमा आक्रमण गर्न आउँदै गरेको चेतावनी दिनु र सबैजना फायरिङ पोजिसनमा बस्नु भनी निर्देशन दिनु । ऊ (अर्जुन) आँत्तिनु, आज त्यस युवतीबाट यति छिट्टै छुट्टिनु पर्दा उसको मन चसक्क दुख्नु, हत्तपत्त गोजीबाट २० सुडानी पाउन्डको नोट निकालेर उसको हात राखि दिनु, उसले हातले युवतीका औंलाहरू छुँदा शरीर झनन्न हुनु, उसले 'मरिडा' भनी बोलाउनु युवतीले उसका आँखामा हेर्नु, उसले तिमी सुन्दर छ्यौ !" भनी इसारा गर्नु, सङ्केत बुझेर ऊ लजाउनु, उसले युवतीलाई "बुझ्यौ तिमीले ..., म तिमीलाई माया गर्छु" भन्नु कुरा बुझाउन दाहिने हातेको हत्केलो मुटुमाथि राखेर सङ्केत गर्न खोज्नु र त्यत्तिकैमा अकस्मात् झुक्लुक्क ढल्नु, टोकरीका फलफूलका दानाहरू भुइँभरि

छरपस्ट हुनु, उसको दाहिने छातीबाट भुलभुल रगत निस्किनु र छिनभरमै भुइँमा रगतको आहाल जम्नु, "माम्मा … ।" भन्दै हिजाफवाली केटी आँखा छोप्दै चिच्याउनु र सामानहरू जहाँको त्यहीँ छोडी मान्छेहरू भागेतिर भाग्नु, आइडिपिज क्याम्पभन्दा टाटा एकान्तमा नीमकोबोट मुनि पुगेर लामो सास तान्नु, कम्मरबाट पिस्तोल निकाल्नु र पलाष्टिकले बेरी नीमको बोट निजकै माटाको खाल्डोभित्र गाड्नु, केहीबेर सुस्ताएर गाउँतिर लाग्नु, यसरी मार्मिक घटना वर्णनमा कथावस्तु संरचित रहेको छ ।

### ३.२१.२ पात्र र चरित्रचित्रण

कथामा प्रयुक्त थुप्रै पात्रहरू -कमान्डर, सुरक्षा फौज, विद्रोही गुरिल्ला, सुडानका सरकारी सुरक्षाकर्मी, व्यापारी युवती, अन्य व्यापरी, ग्राहक, दर्शक तथा नागरिकहरू रहेका छन् । जस मध्ये कथामा ऊ प्रमुख पुरुष पात्र हो । उसकै केन्द्रीयतामा कथानक उद्देश्यसम्म पुगेको छ । ऊ अनुकूल र प्रतिकूल दुवै प्रवृत्ति बोकेको पात्र हो । कमान्डरको आदेश मुताबिक उसले एकातिर आफ्नो कर्तव्य पालना गरेको छ भने स्त्रीहरूबाट टाढा रहन पर्ने आज्ञालाई उलङ्घन पनि गरेको छ । स्वभावले गतिशील, पात्र हो । यसरी नै सहायक पात्रका रूपमा व्यापारी युवती (मटिडा) रहेकी छ । उसले प्रमुख पात्रलाई आफ्नो यौवन, रूप सौन्दर्य र नम्र बोलीबाट प्रभावित तुल्याई आफूप्रति आकर्षण गरेकी छ । यसरी उसले प्रारम्भदेखि अन्त्यसम्म नै प्रमुख पात्रलाई सहयोग गरेकी छ । यसबाट ऊ (युवती) स्त्री सहायक अनुकूल पात्र रहेको स्पष्ट हुन्छ ।

यसैगरी गौण पात्रहरू पनि कथामा थुप्रै रहेका छन् । कमान्डर, सैन्य फौज, गुरिल्ला, नागरिक, व्यापारी, ग्राहक, दर्शक आदिले पनि कथाका प्रमुख तथा सहायक पात्रलाई आ-आफ्ना कोणबाट सहयोग गरेका छन् ।

### ३.२१.३ संवाद वा कथोपकथन

प्रस्तुत कथाको संवाद रोचक र आकर्षक रहेको छ । प्रमुख, साहयक र गौण पात्रहरू बिच एकालापीय, अन्तरसंवाद कथन आदिले युक्त कथोपकथनले कथामा पात्रहरूको क्रियाव्यापारलाई जीवन्त रूपमा उतारेको पाइन्छ । मूलतः कथामा ऊ  र युवती बिचको प्रेममय संवाद चित्रण, युवतीप्रतिको एकालापीय कथनको अन्तः संवाद, कमाण्डरका एकल निर्देशनात्मक अभिव्यक्ति कथन तथा विविध घटना-प्रसङ्ग वर्णनमा आधारित दृश्य कथनले कथाको संवाद प्रस्तुतीलाई जीवन्त तुल्याएको देखिन्छ । कथामा ऊ पात्र र युवती बिचको अन्तर संवाद चित्रणको एक अंश यसरी प्रस्तुत गरिएको छ - 'तिमीलाई सन्चै छ ?'  'मेरो नाम अर्जुन, तिम्रो नाम के हो ?' 'यसको कति पर्छ ?' 'ओहो, साह्रै महँगो … ।' ऊ दङ्ग पर्दै हाँस्यो । कस्तो मीठा कल्पना … (पृ.२०४) । यसरी कथामा सिपाही अर्थात् ऊ (अर्जुन)

को युवतीप्रतिको एकोहोरो भावक्, काल्पनिक अर्धचेतन अवस्थाका प्रेममय भावमा आधारित कथनले कथानमा विशेष आकर्षण र कौतुहलता समेत प्रदान गरेको छ ।

### १.२१.४ देश, काल, परिस्थिति

कथामा सुडान देश र त्यहाँका भौतिक दृश्यस्थलहरू कथाको देश, काल, परिवेशका रूपमा आएका छन् । सुडानको शान्ति सुरक्षा क्याम्पसको दृष्टिले परिचित आइडिपिज क्याम्प र त्यस आसपासका क्षेत्रहरू कथाको देश वर्णनका रूपमा आएका छन् । विशेषतः डाफर्पर क्षेत्र कथाको मूल परिवेश बनेर आएको छ । साथै व्यापारिक सहरी क्षेत्र, किनबेच गर्ने मानिसहरूको भीडभाड, दर्शक तथा अन्य नागिरकहरूको बाह्य सामान्य खुसीका दृश्य देखिए पनि आन्तरिक रूपमा द्वन्द्वको सङ्क्रमणकालीन परिस्थितिबाट उत्पन्न भय, त्रास, निराशा र निस्सार जीवन दृष्टिको अन्तः परिवेश वा वातावरण बनेर आएको छ । यसरी कथामा आन्तरिक र बाह्य दुवै परिवेशको सशक्त चित्रण पाइन्छ । यसैगरी समय चित्रणका रूपमा कथाकारको सुडान मिसनअन्तर्गत रहेको भ्रमण वा पर्यवेक्षकीय समय सन्दर्भ रहेको छ । सुडानको डापर्फर क्षेत्र कथाको देश, त्यहाँको युद्धरत भौतिक परिवेश तथा तिनबाट सिर्जित मानसिक स्थिति परिवेश बनेर आएको छ । यसप्रकार कथाको देश, काल, परिस्थिति मूलतः द्वन्द्व र त्यसबाट उत्पन्न मानसिक परिवेशका अस्थाहरू रहेको देखिन्छ ।

### ३.२१.५ भाषाशैली

कथाको मूल विचार वा सन्देश प्रदान गर्ने यस कथाको भाषा सरल, सङ्क्षिप्त रहेको छ । शैलीका दृष्टिले हेर्दा संवादात्मक, एकालापीय कथन आदिको कलात्मक र रोचक शैली अपनाइएको छ । प्रेमका प्रसङ्गका माध्यमबाट कथानक द्वन्द्व चित्रणको यथार्थता प्रकट गर्दै त्यसले पुऱ्याएको मानसिक पीडा र सुरक्षाकर्मीकै दुःखदायी मृत्युको कारूणिक दृश्यचित्रले कथामा पाठकलाई मर्माहत तुल्याएको देखिन्छ । अतः कथामा प्रयुक्त विविध भाषा र तिनको शैलीले कथालाई रोचकता, आकर्षण प्रदान गरी उद्देश्यसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । कमान्डरले दुईजना विद्रोही युवकलाई फलफूलको उपहार दिँदै बोलेको एक दृश्यचित्र यसरी वर्णन भएको छ -"हामी शान्ति सेना हौं, हाम्रा लागि सबै बराबर छन् ।" कमान्डरको यो भनाइप्रति सहमति जनाउन उसले 'हो ...सर' भन्दै आफ्ना दुवै हात अगाडितिर तनक्क तन्कायो । हाम्रा लागि यहाँका सबै नागरिक समान छन् । यी सरकारी सेना, प्रहरी र विद्रोही गुरिल्लाहरूलाई पाउरोटी र जुस दिन हुने, मैले त्यो हिजाफवाला केटीलाई किन दिन नहुने ? उसले सोच्यो तर प्रकट रूपमा केही भन्न सकेन (पृ.२०३) । यसरी कथामा युद्धको सन्त्रासमय परिस्थितिमा पनि ऊ पात्र वा सिपाहीमा उब्जिएका प्रेम भाव र त्यसको कलात्मक अभिव्यक्ति शैलीले कथाको भाषाशैली विशिष्ट रहेको स्पष्ट हुन्छ ।

### ३.२१.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य सुडान राष्ट्रमा गृहयुद्धको रूपमा देखा परेका भौतिक द्वन्द्वको टड्कारो अवस्था र त्यसले सम्पूर्ण मानिसमा पारेको मानसिक भय, चिन्ता, निरासा र पीडाको संवेदनाको अभिव्यक्ति प्रटक गर्नु रहेको छ । देश र जनताको दिन र भलाइमा लाग्ने सच्चा सुरक्षाकर्मीहरू सानातिना प्रेम, स्वार्थ र लाभमा फस्न पुग्दा आफ्नो समेत ज्यान गुमाउन विवश हुनुपर्छ भन्ने कटु सत्यताको प्रकाशन पार्नु रहेको छ । यसरी देशमा शान्ति सुरक्षा कायम भए देशबासी सबैले शान्ति, सुरक्षाको अनुभूत गर्न पाउँछन् र उनीहरू सुखी आनन्दित बन्न सक्छन् भन्नु कथाको उद्देश्य रहेको छ । अतः शान्ति, मेलमिलाप, भाइचारा, एकता र सद्भावबाट सबैको हित हुन सक्दछ, त्यसतर्फ सबैले सोच्नु आजको आवश्यकता दर्साउनु कथाको मूल उद्देश्य रहेको छ ।

## ३.२२ लासभेगासकी सुनेकेस्रा

### ३.२२.१ कथावस्तु

'लासभेगासकी सुनकेस्रा' कथाको कथावस्तु आधुनिक सहरी सभ्यताको विकृति चित्रण गर्नुसँग सम्बन्धित छ ।यस कथामा कथावस्तुको प्रारम्भ यसरी भएको छ - मैले उसको नाम जुराइ सकेको थिएँ - सुनकेस्रा । असला माछाको जस्तो सुलुत्त परेको शरीर, गहुँगोरो अनुहार र सुनौलो लामो कपाल । उसको यही सुनौलो कपाल देखेर भुतुक्क हुँदै म मनमनै बुदबुदाएको थिएँ- "सुनकेस्रा... । सुनौलो कपाल भएकी लासभेगासकी किन्नरी... ।" "हाई, म सिल्भिया ! के तपाईं भीआईपी सर्भिस लिन चाहनु हुन्छ ?" ऊ मेरो अगाडि ठिङ्ग उभिँदै बोली (पृ.२०८) । म पात्रलाई भीआईपी सर्भिस लिन ताकेता लाउनु, म पात्रले आफ्नो वरिपरि हेर्नु, सोफा र कुर्सीमा निश्चल बसिरहेको पुरुषहरूको शरीरमा बेरिएर अनेक दृश्यहरू रहनु त्यसैलाई 'भिआइपी सर्भिस' को नामले चिनिनु, म पात्रले आफू अगाडि उभिएकी त्यस युवतीलाई नाइँ भन्न नसक्नु, उसको सुनौलो केस र आकर्षक शरीरलाई छुने उत्कण्ठा म पात्रमा जाग्नु, उसको सेवा लिन तयार हुनु र २० डलरको नोट हाते ब्यागमा राखी दिनु, ऊ अर्धनग्न अवस्थामा म पात्रलाई शरीरमा स्पर्शरूपी सेवा प्रादन गर्न थाल्नु, म पात्र हलचल नगरी उसको इच्छानुकूल निश्चल भएर बस्नु, युवतीले २० डलरमा तपाईं २० मिनेटको सेवा लिन पाउनुहुन्छ भन्नु, म पात्र मिनेटको एक डलर ... । सेवाशुल्क चर्को रहेछ भन्नु, जवाफमा युवतीले "मेरो शरीर पनि कहाँ सस्तो छ र महाशय ! चर्कै छ (पृ.२१०) ।" भन्दै मुस्कुराउनु, डिस्को फ्लोरको ठीक मुनि वरिपरि कुर्सी र सोफामा मान्छेहरू बस्नु, युवतीले "कस्तो लागिरहेछ महाशय ?" भनी प्रश्न गर्नु म पात्रले पहिलो पटक भएको बताउनु, युवतीले तपाईंको शरीर तपाईंको वशमा छैन । म तपाईंको शरीरभित्र भतभती

उम्लिरहेको रगतको ताप महसुस गरिरहेको बताउनु, म पात्रले चल्न नपाए पनि बोल्न त पाइने रैछ हगि ? भनी ऊ खितखित हाँस्नु, “हे भगवान् ... कस्तो आपत ... ।” भन्दै म पात्रले सुस्केरा काढ्नु, आफ्नो शरीरमाथि अत्याचार गरे झैं लाग्नु, आफूले उल्टै २० डलर ऊसँग लिनुपर्ने सोचाइ म पात्रलाई आउनु, आफ्ना वरिपरि अन्य पुरुषहरू मुढा जस्तै ढलेको देख्नु र लासभेगासका युवतीहरू गिद्ध बनेर तिनको शरीर ठुँगिरहेको ठान्नु, म पात्रले युवतीको कपालको प्रशंसा गर्नु र अनुमति पाए छुने मनोभाव बताउनु, युवतीले केश अनुहारतिर फर्काउनु, म पात्रले जताततै उसैलाई देखिरहनु र मेरो फ्यान्टासीमा केवल तिमी छयौ भनी शुष्क स्वरमा बोल्नु, उसलाई अँगालोमा बाँध्न मन लाग्नु र अङ्ग प्रत्यङ्ग जागेर आउनु, युवती उसलाई छोडेर अचानक खडा हुनु, सबै पुरुष एकै भएको अभिव्यक्ति दिनु, आफूले चाहे जस्तो गर्ने भए रेडलाइट एरिया जान भन्नु, अनि च्याँट्ठिँदै आफूले स्पर्श मात्रै बेच्ने कुरा गर्नु, म पात्रलाई भीआईपी सर्भिस युवती वा आफूलाई कसलाई भनिएको हो भन्ने कुराले दिग्भ्रमित बनाउनु, १५ मिनेट समय गएको पत्तो नहुनु, तपाईंलाई कुन अङ्ग मन पऱ्यो ? भनी युवतीले सोध्नु, युवक (म पात्र) ले कपाल अर्थात् सुनकेस्रा मन परेको बताउनु, युवतीले उसको ब्वाइफ्रेन्डले पनि त्यही कुरा भन्ने गरेको बताउनु, उसले आफू र ब्वाइफ्रेन्ड, नजिकिँदै आएकोले उसलाई राम्रो गिफ्ट दिने इच्छा व्यक्त गर्नु, म पात्रले उसको परिवारबारे सोध्नु, आमा, बुबा, दाजु, भाइ, दिदी, बहिनी...सबैजना भएको युवतीले बताउनु, बाबु तेस्रो आमासँग मियामी बसिरहेको उसका दुइटा बच्चा रहेको आफ्नी आमा दोस्रो लोग्नेसँग अस्ट्रेलियाको सिड्नीमा घरजम गरेर बसेको र एउटा बच्चा भएको कुरा गर्नु, दाजुदिदीसँग वर्षौं भेट नभएको बताउनु, म पात्रले त्यसो भए तिमी एक्ली छयौ सुनकेस्रा ?” (पृ.२१५) भनी सोध्नु, युवतीले आफूलाई के नामले बोलायौ भनी सोध्नु ? म पात्रले “सुनकेस्रा” सुनजस्तो कपला भएकी भन्दा अहो कस्तो अचम्म ...। भन्दै आफ्नो हजुरबुबाले पनि यही नामले बोलाउने कुरा गर्नु, म पात्रले हो र ...भन्दै आश्चर्य भाव प्रकट गर्नु, युवतीले उहाँ लस एन्जलसको एउटा पुरानो फ्लाटमा बस्ने कुरा बताउनु, आफूलाई आमाबुबको डिभोर्सपछि उहाँले नै हुर्काउनु भएकोले उहाँलाई भगवान सरहन मान्नु म पात्रले तिम्रा हजुरबुबा अमेरिकी हुनुहुन्छ भनी सोध्नु, उहाँ बीस वर्षको उमेरमा आफ्नो सुन्दर भविष्य बनाउन अमेरिका आएको स्पष्ट पार्नु, युवतीको हजुरबुबो नाम सुवर्ण भएको कुरा व्यक्त गर्नु, म पात्रले आफू पनि त्यही अर्थात् नेपालबाट आएकोले अनुमान गरे बमोजिम नाम जुरेको निश्चित गर्नु, “ओ माइ गड... ।” भन्दै सुनकेस्राले म पात्रलाई ग्वाम्म अँगालो हाल्नु, युवतीले रमाइलो ढङ्गमा म पात्रलाई हजुरबाको देशको मान्छे भएकोले फगटमा अँगालो हाल्न र १० मिनेट समय पनि बोनस पाएकोसम्म भन्नु, हाते ब्यागमा २० डलरको नोट च्यापेर गन्तव्यतर्फ लाग्नु र पुनः म पात्रको देशको नाम सोध्नु, ‘नेपाल’ भन्ने प्रतित्युक्तपछि उसले आफ्ना हजुरबुबा पनि त्यहीँबाट आएको सम्झनु, म पात्र उसको

भावहीन र सपाट अनुहार देखेर उदास हुनु, आफूलो गरेको अपनत्व र व्यवहारको आशा मृगमरिचिका झैं लाग्नु, युवतीको शरीरमा नेपाली रगत बगिरहे पनि ऊ एक्काइसौं शताब्दीको युवती रहको बोध हुनु, त्यो भेटलाई एउटा संयोग मात्र ठान्नु, दुई बिचको परिचय पुरानो हुनु, म पात्रले बोलाउनु तर उसले नसुने झैं गर्नु, गह्रौं मन लिएर केही नबोली उठेर सफायर नाइट क्लबाट बाहिरिनु जस्ता घटना वर्णन यस कथाको कथावस्तु कथामा पाइन्छ ।

### ३.२२.२ पात्र तथा चरित्र चित्रण

प्रस्तुत कथामा अल्पसङ्ख्यक पात्र तथा तिनका कार्य व्यवहारको विश्लेषण गरिएको छ । म पात्र, लासभेगासकी युवती, अन्य पुरुष तथा स्त्रीहरू युवतीका पारिवारिक सदस्यहरू आदि कथामा समाविष्ट पात्रहरू हुन् । 'म' पात्र कथाको पुरुष, प्रमुख कार्य भूमिका, अनुकूल प्रवृत्तिको पात्र हो । ऊ कथाको केन्द्रीय वा मुल चरित्र हो । उसकै केन्द्रीयतामा कथानक उद्देश्यसम्म पुगेको छ ।

यसै गरी कथामा लासभेगासकी सुनकेस्रा अर्थात् युवती कथाकी प्रमुख सहायक पात्र हो । ऊ कथाको उद्देश्य वहन गर्ने प्रमुख नारी पात्र समेत हो । ऊ प्रमुख सहायक भूमिका, प्रमुख स्त्री पात्र, प्रतिकूल प्रवृत्तिकी पात्र हो । ऊ ग्राहकको मनोभाव अनुरूप कार्य गर्ने पुरषहरूलाई सेवाका नाममा आफ्ना कामवासना पूरा गर्ने कार्य उपार्जन गरी जीविकोपार्जन गर्ने पेसेवर नारी पात्र हो  पुरुषलाई वशमा राखेर इच्छानुकुल भोगचलन गर्ने युवती कथाकी आधुनिक अमेरिकी सहरको प्रवृत्ति बोकेकी प्रतिनिधि पात्र हो । उसले सम्पूर्ण पुरुष पात्र तथा नारी पात्रको यौन मानसिक स्थितिको प्रतिविम्ब प्रस्तुत गरेकी छ ।

यसरी नै कथामा थुप्रै गौण पात्रहरको उपस्थिति रहेको पाइन्छ । सफारिया नाइट क्लबका अन्य ग्राहक पुरुषहरू, अन्य सेवक युवतीहरू, दर्शक, मालिक, स्टाफ, युवतीको बाबुआमा, दाजुभाउजू, दिदीबहिनी, भाइ, हजुरबुबा लगायत प्रत्यक्ष तथा परोक्ष पात्र गौण पात्र हुन् । तिनले सहायक पात्रलाई सहयोग गरेका छन् । यसप्रकार प्रस्तुत कथामा प्रमुख, सहायक र गौण पात्रहरूको कथा वर्णन विश्लेषणमा केन्द्रित विविध यौन मनोविश्लेषण गर्दै पात्रको चरित्र चित्रण गरिएको छ ।

### ३.२२.३ संवाद वा कथोपकथन

कथाको कथन प्रक्रिया संवाद शैली कथनमा संरचति छ । कथामा पात्रहरुका बिच संवादले नै जीवन्तता ल्याएको देखिन्छ । साथै प्रेम र यौनजन्य मनोभावमा आधारित म पात्रका संस्मरणात्मक कथनले पनि कथामा प्रभावकारिता सिर्जना गरेको छ । यसैगरी दृश्य शैलीमा आधारित घटना वर्णन र तिनका प्रस्तुतिले कथामा रोचकता प्रदान गरेको छ ।

पात्रहरूका जीवन भोगाइ तथा तिनका सुखद प्रसङ्गहरूको संवाद नै कथोपकथन रोमाञ्चक बन्न पुगेको छ । अतः प्रमुख र सहायक पात्रहरू बिच भएको रोचक अभिव्यक्त वर्णनमा कथाले सार्थकता प्राप्त गरेको छ । म पात्र र युवती बिच भएको प्रेमको रोमाञ्चक कथन अभिव्यक्तिको संवादमा आधारित एक अंश यस्तो छ "महाशय, तपाईं नहल्ली कुर्सीमा ज्ञानी भएर बस्नोस् । हात खुट्टा र शरीका कुनै अङ्ग पनि नचलाउनुहोला ।" उसले भीआईपी सेवा सुरु गर्नु पहिले मेरो हातबाट २० डलरको नोट ........ भनेकी थिई । "हुन्छ, म ज्ञानी भएर बस्नु" मैले जवाफ दिएको थिएँ (पृ.२०९) । यस प्रकार कथामा पात्रहरू बिचका रमाइला, ठट्टापूर्ण संवाद कथनले पाठकमा कौतुहलता र प्रभावकारिता उत्पन्न गरेको छ ।

### ३.२२.४ देश, काल, परिवेश

प्रस्तुत कथाको कार्यपीठिका अमेरिकाको लस एन्जल्स, अस्ट्रेलियाको सिड्नी, भियामी तथा स्मृति सन्दर्भका रूपमा नेपालको भौगोलिक स्थल कथामा वर्णित देश रहेको छ । मूलत अमेरिकाको लासभेगास सहरको आधुनिक रोमान्सपूर्ण सहरी परिवेशगत स्थल कथाको कार्यपीठिका वा घटनास्थल भनेर आएको देखिन्छ । त्यहाँ स्थित सफारिया नाइट क्लब भित्रको रामोन्स प्रेमले युक्त रङ्गीन रात्री दृश्यस्थल नै कथाको कार्यथलो रहेको स्पष्ट हुन्छ। साथै नेपालदेखि अमेरिका र अस्ट्रेलियासम्मका भौतिक परिवेशका साथै लासभेगासको उत्तरआधुनिक सहरी संस्कृति र त्यसबाट उत्पन्न निराशा, आनन्द, सन्तुष्टि र असन्तुष्टिका विविध मानसिक सेरोफेरो कथानक आन्तरिक परवेश देश, काल र परिस्थिति वा परिवेश चित्रण उत्तरआधुनिक अमेरिकाको सहरी सभ्यता झल्काउने वातावरणीय परिवेश चित्रणमा केन्द्रित रहेको स्पष्ट हुन्छ ।

### ३.२२.५ भाषाशैली

विशेषगरी संवाद, एकालाप, वर्णनमा आधारित भाषाशैलीले कथालाई चरित्रकेन्द्री वा उद्देश्यकेन्द्री तुल्याएको छ । म पात्रले युवतीसँग प्रेमलापको संस्मरण गरेको एक रोचक अंश कथानक वर्णनमा यसरी अभिव्यक्त गरिएको छ - उसले आफ्नो सुनौलो केश अनुहारतिर फर्काई । उसको केश कुञ्जभित्र मेरो अनुहार छोपियो । हातका औंलाहरूले म उसको सुनौलो केश चुमिरहेको थिएँ । केश स्पर्शले मेरो श्वासप्रश्वास अनियन्त्रित भइरहेको थियो । उसलाई ग्वाम्म अँगालो हाल्न मन लागिरहेको थियो मलाई । मेरो फ्यान्टासीमा अरू कोही आइरहेका थिएनन् । म जताततै उसलाई नै देखिरहेको थिएँ - लासभेगासकी सुनकेस्रा ( पृ.२१२) । यसप्रकार कथामा प्रमुख र सहायक पात्र अर्थात् म पात्र र युवती बिचका रतिभावजन्य विषयवस्तुको अन्तर संवाद र एकालापीय कथनमा आधारित विम्बात्मक भाषाशैलीको कथाको उद्देश्य चुमेको देखिन्छ ।

### ३.२२.६ उद्देश्य

यस कथाको उद्देश्य उत्तरआधुनिक अमेरिकी सहरी सभ्यताको नग्न चित्र प्रस्तुत गर्नु रहेको छ । प्रेम, डलर, सुख भोगमा आधुनिक संसार अडेको छ, विश्व बाँचेको छ भन्ने सार कथामार्फत अभिव्यक्त भएको छ । डलर र रोमान्सको नाममा खोलिएका यस्ता अवैध यौनजन्य व्यापारलाई सरकारी रूपमै बन्देज गर्नुपर्नेमा सराकरले प्रोत्साहन दिएको तीतो यथार्थ प्रस्तुत गर्नु कथाको उद्देश्य देखिन्छ ।

# परिच्छेद : चार

## उपसंहार र निष्कर्ष

### ४.१ उपसंहार

महेशविक्रम शाह (२०२२) नेपाली साहित्यका सशक्त आख्यानकार व्यक्तित्व हुन् । उनले दस वर्षको उमेरदेखि नै साहित्य लेखनका कविता, निवन्ध र कथा रचनामा अभिरुचि राखेको देखिन्छ । उनको कथा सिर्जनाको प्रथम प्रकाशन 'आमा' शीर्षकका रूपमा देखा परेको हो । यसको सार्वजनिक वि.सं.२०३६ सालमा भएको पाइन्छ । खासगरी आख्यान विधामा रुचि राख्ने शाहको मूल प्रसिद्धि र योगादनको क्षेत्र पनि कथा विधा नै रहेको देखिन्छ । उनका **सटाहा** (२०५३), **सिपाहीकी स्वास्नी** (२०५९, **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरो** (२०६३), **काठमाडौंमा कामरेड** (२०६५) **तथा ज्याक्सन हाइट** (२०६९) गरी जम्मा ६ कथाकृतिहरू प्रकाशित छन् । तिनै कृतिहरूले उनलाई चर्चाको शिखरमा पुऱ्याएका छन् । उनको पछिल्लो कथासङ्ग्रहका रूपमा देखा परेको कृति 'ज्याक्सन हाइट' हो । यसमा उत्तर आधुनिक युरोपेली संस्कृतिको विविध पक्षहरूको कलात्मक चित्रण गरिएको छ । कथाको विषयवस्तु, कथाका पात्र वा चरित्रहरू, कथनशैली तथा कथाले दिनखोजेको सन्देश आदिका दृष्टिले **ज्याकसन हाइट** कथा सङ्ग्रहभित्र समेटिएका कुल २१ वटा कथाहरू विदेशी पृष्ठभूमि र नेपाली डायस्पोरिक चेतनामा अधारित छन् । जसमध्ये 'ज्याक्सन हाइट' कथा शीर्षक अमेरिकाको चर्चित सहरी स्थान र त्यहाँ हुने विविध मानवीय कार्य-व्यवहारको प्रतिनिधिमूलक रचना हो । यहाँ आधुनिक सहरी सभयताका नाममा बढ्दै गएका मानवीय विकृति विसङ्गतिको व्यङ्ग्यातमक प्रस्तुति पाइन्छ । प्रस्तुत परिच्छेदमा यस शोध अध्ययनका रूपमा रहेको **ज्याक्सन हाइट** कथा सङ्ग्रहको विश्लेषणअन्तर्गत शोध परिचय, कथाकार महेशविक्रम शाहको कथा यात्रा, चरण र प्रवृत्ति, कथा विश्लेषणका सैद्धान्तिक आधार, **ज्याक्स हाइट** कथा विशलेषण तथा उपसंहार र निष्कर्ष खण्ड रहेको छ । परिच्छेदगत उपसंहारलाई यसक्रममा प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्व र आवश्यकता, शोधको सीमाङ्कन, शोध विशलेषणको सैद्धान्तिक आधार र शोध विश्लेषण ढाँचा तथा शोधको रूपरेखा दिइएको छ । उक्त परिच्छेद मूलतः विषय परिचयमा नै सीमित रहेको छ । दोस्रो परिच्छेदमा कथाकार महेश विक्रम शाहको कथायात्रा, चरण र प्रवृत्तिको सङ्क्षिप्त चिनारी दिइएको छ । तेस्रो परिच्छेदमा कथा विश्लेषणको सैद्धानितक आधार दिइएको छ । यस क्रममा कथाको तत्वहरू कथावस्तु, पात्र र चरित्रचित्रण, संवाद वा कथोपकथन, देश, काल र परिस्थिति (परिवेश), भाषाशैली र

उद्देश्य आदिको सैद्धान्तिक चर्चा तथा 'ज्याक्सन हाइट' कथा सङ्ग्रहको कथाहरूको क्रमिक विश्लेषण रहेको छ । यसअनुसार कथासङ्ग्रहभित्र सङ्गृहित कुल २१ वटा कथा रचनाहरू रहेका छन् । ती कथाहरूलाई कथाका तत्वहरूका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

परिच्छेद चारमा उपसंहार तथा निष्कर्ष दिइएको छ । उपसंहारअन्तर्गत शोध विश्लेषणका विविध परिच्छेदमा रहेका उपशीर्षक र त्यसअन्तर्गत व्याख्या विश्लेषण, गरिएको छ । यसैगरी निष्कर्ष खण्डमा कथासङ्ग्रहको शोध विश्लेषणको सङ्क्षेपीकृत सार प्रस्तुत गरिएको छ । अन्त्यमा शोध सामग्रीहरूको वर्णनुक्रमिक सूची प्रस्तुत गरिएको छ । यसरी शोध कार्यलाई सरल, व्यवस्थित र शोधनिष्ठ रूपमा समापन गरिएको छ ।

## ४.२ निष्कर्ष

**ज्याक्सन हाइट** (२०६९) कथासङ्ग्रह कथाकार महेशविक्रम शाहको छैटौँ प्रकाशित कृति हो । यसभित्र जम्मा २१ वटा कथा शीर्षकहरू संरचति छन् । विविध क्षेत्र, भूगोल परिवेश र मानसिक/मनोविज्ञानलाई कथाको विषय स्रोत बनाई विषयवस्तुको चयन, पात्रहरूको संयोजन, घटनाको पृष्ठभूमिगत धरातल तथा कथानक उद्देश्य निर्धारण गरिएको उक्त कथा सङ्ग्रहमा वर्तमान विश्वमानव समाजमा देखिएका भौतिक तथा मानसिक परिवेशका विविध पक्षहरूको कलात्मक, व्यङ्ग्यात्मक, संवेदनायुक्त, रोमाञ्चक, कौतुहलपूर्ण, प्रभावकारी एवम् जीवन्त चित्रण गरिएको छ । प्रस्तुत शोध विश्लेषणमा रहेको कथा शीर्षकलाई विषयवस्तुका स्रोत र उद्देश्यका आधारमा विश्लेषण गर्दा निम्नानुसार निष्कर्षमा पुगिएको छ -

शाहका कथामा नेपाली समाजले भोग्दै आएका सामाजिक, आर्थिक, पारिवारिक, धार्मिक, नैतिक, शैक्षिक, राजनीतिक, यौन, प्रेम र रोमान्स आदि कारणले भोग्नु पर्ने कारूणिक अवस्थाहरूलाई सूक्ष्म चित्रण गरिएकको पाइन्छ । सहरियाहरूको यान्त्रिक जीवन र अनन्त आवश्यकताका कारणले उत्पन्न समाजका व्यथितिलाई देखेर आक्रोशित बन्छन् । यौन र आर्थिक मोहको कुरीति र कुसंस्कारका कारणले उत्पन्न मानवीय समस्या र पीडालाई मुक्ति दिनुपर्छ भन्ने सन्देश उनका कथा रचनामार्फत अभिव्यक्त भएका छन् । ग्रामीण तथा सहरिया मानिसका आर्थिक मोह विविध चाहना, महत्वाकाङ्क्षा, आवश्यकता, रोग, भोक, अशिक्षा, कुसंस्कारका कारण दीनहीन र कारूणिक जीवन भोग्न विवश स्वदेशी तथा विदेशी नारीहरूको शारीरिक तथा मानसिक पीडाको सांवेदिक अभिव्यक्ति प्रस्तुत गर्नु उनको **ज्याक्सन** हाइट कथाकृतिको मूलभूत प्रवृत्ति रहेको छ । अन्याय, अत्याचार, यौन शोषण, मानसिक र शारीरिक शोषण तथ सामन्ती प्रवृत्तिका विरूद्धमा आवाज उठाउन तथा मानवीय गुणहरूका विकास गरी कर्तव्य बोध गराउन समेत उनका कथाहरू अग्रसर

देखिन्छन् । वर्तमान समयमा यौन रोमान्स, सुखसुविधा, मान प्रतिष्ठा, आर्थिक प्रलोभन आदिका कारण सहरबासी ठूला-ठूला मानिसका हृदयबाट मानवीय संवेद्य भावना समाप्त हुँदै गएका कारणले मानव जीवन खस्कँदै गएको छ । मानिस विविध मानसिक त्रासदीय वातावरणमा बाँच्नु पर्ने परिस्थिति सिर्जना भएको छ । यस्तो परिस्थितिमा कथाकार चिन्ता र आक्रोश व्यक्त गर्दछन् । उनी विशेषतः सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित छन् ।

समग्रमा कथाकार महेश विक्रम शाहका कथामा नेपाली तथा विदेशी नारीपुरुषका जनजीवन, आर्थिक, सामाजिक एवम् यौनजन्य विविध पक्षका यथार्थ घटनाहरूको सूक्ष्म, व्यङ्ग्य र कलात्मक प्रस्तुति पाइन्छ । विशेषतः प्रेम, रोमान्स र आर्थिक मोहका कारण दुःखदायी र कष्टकर बन्न पुगेको नेपाली तथा विदेशी नरनारीका साझा समस्यालाई शिष्ट र सरल शैलीमा उजागर गर्नु उनको मूल प्रवृत्ति रहेको देखिन्छ । साथै मानवीय कमजोरी, जीवन भोगाइका दुःखसुख, आँसु रोदन, हाँसो खुशी, प्रेम रोमान्स, जटिलता, कारूणिकता, सङ्घर्ष विडम्बनाका माध्यमबाट समाजलाई चेतना प्रदान गर्नु उनको **ज्याक्सन हाइट** कथा सङ्ग्रहभित्रका कथाहरूको मूलभूत कथागत वैशिष्ट्य हो ।

### ४.३ सम्भावित शोध शीर्षकहरु:

क. महेशविक्रम शाहका कथामा डायस्पोरिक अध्ययन

ख. समसामयिक तथा यथार्थवादी कथाकारका रुपमा महेशविक्रम शाह